







# जलउपयोग गुरुयोजना

## मोहन्याल गाउँपालिका

## कैलाली

**२०७९**

मोहन्याल गाउँपालिका

# गाउँकार्यपालिकाको कार्यालय

खिमडी, कैलाली

सुदूरपश्चिम प्रदेश, नेपाल



शुभकामना

स्थानीय तहलाई नेपालको संबिधान एवं स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले दिएका अधिकार एबम् अन्य प्रचलित कानुनहरुको परिधी भित्र रहि स्थानीय स्रोत साधन एवं सम्पदाहरुको उचित व्यवस्थापन गर्ने कार्य अन्तरगत आफ्ना क्षेत्रगत योजना निर्माण तथा कार्यान्वयन गर्ने अधिकार भए अनुरुप यस मोहन्याल गाउँपालिकामा जलउपयोग गुरुयोजना निर्माणका विभिन्न खुड्किलाहरु सहभागितात्मक र समावेशी योजना प्रकृयाका माध्यमबाट सम्पन्न गर्दै गाउँपालिकाको जलउपयोग गुरुयोजना योजनाको दस्तावेज तयार पार्न सफल भएका छौ।

मोहन्याल गाउँपालिकाले पनि आफ्नो क्षेत्र भित्र रहेको जलस्रोतको एकीकृत विकास गर्दै जल,जंगल र जमिनको एकीकृत विकासका लागि युएसएआइडी कर्णाली जल परियोजना, अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआइडी) मार्फत अमेरिकी जनताको सहयोगमा मोहन्याल गाउँपालिकाको जलउपयोग गुरुयोजना निर्माण गरेको छ। जलउपयोग गुरुयोजना निर्माणका विभिन्न चरणहरु (तयारी चरण, क्षमता विकास चरण, सामाजिक तथा प्राविधिक अध्ययन चरण र योजना तर्जुमा चरण) अपनाई स्थानीय समुदायकै सहभागीतामा यो जलउपयोग गुरुयोजना तयार गरिएको हो। । जलउपयोग गुरुयोजना निर्माणमा आवश्यक सहयोग पुऱ्याउनु हुने सम्वद्ध संस्था तथा सम्बन्धित विज्ञहरुमा विशेष आभार प्रकट गर्न चाहन्छु ।

गाउँपालिकाको जलउपयोग गुरुयोजना तर्जुमा पूर्णतयाः सहभागितात्मक समावेशी प्रक्रिया, सामाजिक र प्राविधिक विषय वस्तुको गहन विश्लेषणको आधारमा तयार पारिएको छ । यस गुरूयोजनाले खानेपानी, सिंचाइ, उर्जा, वातावरण तथा पर्यावरण संरक्षण, स्वच्छता तथा सरसफाइ प्रवर्द्धनका योजनाहरुलाई समुदायहरुको सकृय सहभागितामा गुरुयोजनाका बिभिन्न चरण पार गरि समाविष्ट गरेको छ। विद्यमान स्थितिसँग अवगत हुनु र भविष्यका लागि योजना तयार पार्नुले मात्र नागरिकका अपेक्षा सम्बोधन गर्न नसक्ने हुदा योजनाको सफल कार्यान्वयन पक्षलाई समेत उत्तिकै ध्यान दिनु जरुरी हुन्छ भन्ने सिकाई बिगतमा यस गाउँपालिकामा गुरुयोजनाको कार्यान्वयनको अनुभवले भएको छ। यस सन्दर्भमा यस गाउँपालिकाको जलउपयोग गुरूयोजना निर्माणमा संलग्न गाउँपालिकाका सम्पूर्ण जननिर्वाचित प्रतिनिधिहरु, सम्पूर्ण राजनैतिक दल, समाजसेवी, बुद्धिजिबि, महिला,अगुवा कृषकहरु तथा गाउँपालिकाका कर्मचारीहरु लगायत गाउँपालिकामा क्रियाशिल बिभिन्न संघसंस्था तथा आम जनसमुदायहरुमा हार्दिक कृतज्ञता व्यक्त गर्दै आगामी दिनमा गुरुयोजनाको सफल कार्यान्वयमा समेत सकृय साथ हुनेछ भन्ने बिश्वास लिएको छु ।

यस गाउँपालिकाले भविष्यमा आफ्नै स्रोतबाट सञ्चालन गर्ने खानेपानी, सिंचाइ, उर्जा, वातावरण तथा पर्यावरण संरक्षण, स्वच्छता तथा सरसफाइ प्रवर्द्धन सम्बन्धी योजनाहरु कार्यान्वयन गर्दा वा अन्य बाह्य निकायको सहयोगमा कार्यान्वयन गर्दा यस गुरुयोजनामा तय गरिएको प्राथमिकताक्रमको अनुशरण एवं पालना गर्ने तथा गराउने प्रतिबद्धता समेत व्यक्त गर्दछु। अन्तमा जलउपयोग गुरुयोजना अनुसार समग्र गाउँपालिका क्षेत्रको विकासका लागि सरोकारवालाहरुको सहयोग तथा समन्वयको आपेक्षा सहित यस जलउपयोग गुरुयोजनाको सफल कार्यान्वयन लागि सम्वन्धित सवै संस्थाहरु, जनसमुदाय तथा सम्बद्ध सरोकारवालाहरुलाई सहयोगको लागि अपील गर्दछौ।

धन्यवाद !

देवीदत्त उपाध्याय
अध्यक्ष
मोहन्याल गाउँपालिका

मोहन्याल गाउँपालिका

# गाउँकार्यपालिकाको कार्यालय

खिमडी, कैलाली

सुदुरपश्चिम प्रदेश, नेपाल



**धन्यवाद ज्ञापन**

स्थानीय तहलाई नेपालको संबिधान एवं स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले दिएका अधिकार एबम् अन्य प्रचलित कानुनहरुको परिधी भित्र रहि स्थानीय स्तरमा जलस्रोतको प्रभावकारी, समानुपातिक, पारदर्शी र दक्ष रुपले पानीको बहुउपयोगीता गरी गाउँपालिका क्षेत्रका निश्चित समुदाय भित्र तथा समुदाय-समुदायका बीचमा जलस्रोतको समानुपातिक वितरण तथा बाँडफाँड मार्फत दिगो रुपमा पानीसंग सम्वन्धित आवश्यकताहरु पुरा गर्न जलउपयोग गुरुयोजना निर्माणका विभिन्न खुट्किलाहरु सहभागितात्मक र समावेशी योजना प्रकृयाका माध्यमबाट ७ वटै वडाहरुको तथ्याङ्कलाई समेटेर गाउँपालिकाको जलउपयोग गुरुयोजनाको दस्तावेज तयार पार्न सफल भएका छौ।

मोहन्याल गाउँपालिकाले पनि आफ्नो क्षेत्र भित्र रहेको जलस्रोतको एकीकृत विकास गर्दै जल,जंगल र जमिनको एकीकृत विकासका लागि युएसएआइडी कर्णाली जल परियोजना, अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआइडी) मार्फत अमेरिकी जनताको सहयोगमा मोहन्याल गाउँपालिकाको जलउपयोग गुरुयोजना निर्माण गरिएको छ। जलउपयोग गुरुयोजना निर्माणका विभिन्न चरणहरु (तयारी चरण, क्षमता विकास चरण, सामाजिक तथा प्राविधिक अध्ययन चरण र योजना तर्जुमा चरण) अपनाई स्थानीय समुदायकै सहभागीतामा यो जलउपयोग गुरुयोजना तयार गरिएको हो। जलउपयोग गुरुयोजना निर्माणमा आवश्यक सहयोग पुऱ्याउनु हुने सम्वद्ध संस्था तथा सम्बन्धित विज्ञहरुमा विशेष आभार प्रकट गर्न चाहन्छु ।

धन्यवाद !

कमल बहादुर साउँद
उपाध्यक्ष
मोहन्याल गाउँपालिका

मोहन्याल गाउँपालिका

# गाउँकार्यपालिकाको कार्यालय

खिमडी, कैलाली

सुदुरपश्चिम प्रदेश, नेपाल



**प्रकाशक**

स्थानीय तहलाई नेपालको संबिधान एवं स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले दिएका अधिकार एबम् अन्य प्रचलित कानुनहरुको परिधी भित्र रहि स्थानीय स्तरमा जलस्रोतको प्रभावकारी, समानुपातिक, पारदर्शी र दक्ष रुपले पानीको बहुउपयोग गर्न एकीकृत योजनाको विकास गर्नु तथा आफ्नो गाउँपालिको क्षेत्रका निश्चित समुदाय भित्र तथा समुदाय-समुदायका बीचमा जलस्रोतको समानुपातिक वितरण तथा बाँडफाँड मार्फत दिगो रुपमा पानीसंग सम्वन्धित आवश्यकताहरु पुरा गर्न जलउपयोग गुरुयोजन निर्माण गरि कार्यान्वयन गर्नुपर्ने हुन्छ । तयार गरिएको जलउपयोग गुरुयोजनले गाउँपालिकाको दिर्घकालिन सोंच, उद्धेश्य र रणनीति तय गर्दे स्थानीय साधन र स्रोतहरुको अधिकतम् परिचालन गर्ने तर्फ उन्मुख भई बिकासमा सहयोग पुऱ्याउने कुरा निश्चित छ ।

मोहन्याल गाउँपालिकाको जलउपयोग गुरुयोजना निर्माणका लागि विभिन्न चरणहरु तयारी चरण, क्षमता विकास चरण, अध्ययन चरण, योजना तर्जुमा चरण र प्रतिबेदन लेखन तथा प्रतिबेदन प्रमाणीकरण चरणहरुमा क्षेत्रगत बिज्ञहरुको परिचालन गरि तथ्याङ्क संकलन, बिश्लेषण र प्रमाणीकरण गरिएको छ। तथ्याङ्क सङ्कलनका लागि NWASH सफ्टवेयर र DAI Collect KoBo मोबाइल एप्लिकेशनको प्रयोग गरि गरिएको छ।

स्थानीय तहको विकास, योजना कार्यान्वयन एवं अनुगमन तथा मुल्याङ्कन कार्यको लागि जलउपयोग गुरुयोजना अपरिहार्य भएकोले यसको प्राथमिकताका आधारमा भविष्यमा योजना कार्यान्वयन हुने आशा गरेको छु ।

साथै जलउपयोग गुरुयोजना निर्माण कार्यमा प्रत्यक्ष अप्रत्यक्ष सहयोग गर्ने सम्पूर्ण पदाधिकारी, राजनैतिक दल, संघ संस्था, नागरिक समाज, समाजसेवी एवं समुदायलाई धन्यवाद दिन चाहन्छु।

धन्यवाद !

राज बहादुर सार्की

प्रमुख प्रशासकीय अधिकृत

मोहन्याल गाउँपालिका

# विषय सूचि


कार्यकारी सारांश ........ 7
अध्याय १ परिचय ........ 1
१.१. पृष्ठभुमि........ 1
१.१.१ जलस्रोत क्षेत्रका राष्ट्रिय नीति तथा कानूनी प्रावधानहरु........ 1
१.१.२ एकिकृत जलस्रोत व्यवस्थापनका अवधारणा र सिद्धान्त ........ 3
१.१.३ दिगो विकास लक्ष्य ........ 4
१.१.४ अन्तर क्षेत्रीय सवालहरु........ 5
लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण ........ 5
जलवायु परिवर्तन अनुकुलन तथा विपद जोखिम व्यवस्थापन........ 6
१.२ जलउपयोग गुरुयोजनाका उद्धेश्य र क्षेत्र ........ 7
१.२.१ जलउपयोग गुरुयोजनाका उद्धेश्यहरु........ 7
१.२.२ जलउपयोग गुरुयोजनाले समेट्ने क्षेत्रहरु ........ 8
१.३ जलउपयोग गुरुयोजना निर्माणमा अपनाइएका पद्धतीहरु ........ 9
१.३.१ स्थानीय तहका विद्यमान रणनीतिक योजनाहरु........ 10
१.३.२ रणनीतिक योजनाको एकिकरण........ 10
१.३.३ जलउपयोग गुरुयोजना तयारी प्रकृया र चरणहरु........ 10
अध्याय २ गाउँपालिकाको बस्तुस्थिति विवरण........ 15
२.१ गाउँपालिकाको संक्षिप्त  परिचय ........ 15
२.२ भौगोलिक अवस्थिति र पहुँच ........ 15
२.३ भौगोलिक स्वरुप तथा भू उपयोग स्थिति........ 16
२.४ प्रमुख जलाधार तथा उप जलाधार क्षेत्रहरुको विवरण ........ 18
२.५ गाउँपालिकाको सामाजिक तथा आर्थिक विवरण........ 20
२.५.१ घरधुरी तथा जनसख्या ........ 20
२.५.४ व्यवसाय ........ 21
२.५.५ कृषि र जिविकोपार्जन........ 21
२.५.६ मौसमी पात्रो........ 22
२.५.७ मानव संसाधन विश्लेषण........ 22
२.५.८ स्थानीय निर्माण सामग्री उपलब्धता ........ 23
२.६ सेवा केन्द्रहरु सम्बन्धि विवरण........ 24
२.७ विकास साझेदारहरु, गैर सरकारी संस्थाहरु, समुदायमा आधारित संस्थाहरु तथा सहकारी सम्बन्धि विवरण ........ 26
अध्याय ३ विद्यमान जलस्रोतहरुको अवस्था र प्रयोग........ 28
३.१ जलस्रोतहरुको विवरण ........ 28
३.२ जलस्रोतहरुको विश्लेषण........ 30
३.२.१ अवस्थितिका आधारमा जलस्रोतहरुको विश्लेषण ........ 30
३.२.२ क्षमताका आधारमा जलस्रोतहरुको विश्लेषण ........ 30
३.२.३ गुणस्तरका आधारमा जलस्रोतहरुको विश्लेषण ........ 31
३.२.४ विद्यमान परिप्रयोग र सम्भावित प्रयोगका आधारमा जलस्रोतहरुको विश्लेषण ........ 31
३.३ विद्यमान खानेपानी योजनाहरुको अवस्था विश्लेषण ........ 31
३.३.१ विद्यमान योजनाहरु र सेवा क्षेत्र ........ 32
३.३.२ विद्यमान योजनाहरुको संचालन अवस्था ........ 32
३.३.३ विद्यमान खानेपानी योजनाहरुको सुविधास्तर विश्लेषण........ 33
३.३.४ निर्माणाधिन योजनाहरु र लक्षित सेवा क्षेत्र ........ 33

३.४.२ विद्यालय तथा सार्वजनिक स्थलहरुको सरसफाइ अवस्था ........ 35
३.४.३ वातावरणीय सरसफाइको अवस्था ........ 36
३.४.४ दिशाजन्य लेदो ठोस फोहर तथा फोहरपानी व्यवस्थापनको विद्यमान अवस्था ........ 37
३.५ विद्यमान सिंचाइ योजनाहरुको अवस्था विश्लेषण ........ 39
३.५.१ विद्यमान सिचाइ योजनाहरु र सेवा क्षेत्र : ........ 40
३.५.२ विद्यमान सिचाइ योजनाहरुको संचालन अवस्था ........ 40
३.५.३ निर्माणाधिन सिंचाइ योजनाहरु र लक्षित क्षेत्र ........ 40
३.६.१ विद्यमान जलवायु परिवर्तन अनुकुलन विपद जोखिम व्यवस्थापन तथा स्रोत संरक्षण योजना र सेवा क्षेत्रहरु : ........ 40
३.६.२ विद्यमान जलवायु परिवर्तन अनुकुलन विपद जोखिम व्यवस्थापन तथा स्रोत संरक्षण योजनाहरुको संचालन अवस्था : .... 41
३.६.३ निर्माणाधिन जलवायु परिवर्तन अनुकुलन विपद जोखिम व्यवस्थापन तथा स्रोत संरक्षण योजनाहरु र लक्षित क्षेत्र :........ 41
३.७ विद्यमान जल उर्जा योजनाहरुको अवस्था विश्लेषण : ........ 41
३.७.१ विद्यमान योजना र सेवा क्षेत्रहरु ........ 41
३.७.२ विद्यमान जल उर्जा योजनाहरुको संचालन अवस्था ........ 42
३.७.३ निर्माणाधिन योजनाहरु र लक्षित क्षेत्र ........ 42
३.८ जलस्रोतहरुको दिगो उपयोगका लागि संस्थागत उपयोग सम्वन्धि संयन्त्र ........ 42
३.९ जलस्रोतमा विवाद ........ 42
अध्याय ४ गुरुयोजना कार्यान्वयन रणनीति र परिकल्पना ........ 43
४.१ गाउँपालिकाको रणनीतिक प्राथमिकता ........ 43
४.२ जलाधार क्षेत्र व्यवस्थापनका लागि एकिकृत जलस्रोत व्यवस्थापन ........ 44
४.३ एकजल अवधारणा ........ 45
४.४ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण अवधारणा ........ 45
४.५ पानीको उत्पादनशिल प्रयोग ........ 47
४.६ प्रविधि विकल्प ........ 48
४.७ मापदण्डमा आधारित प्राथमिकिकरण औजार ........ 49
४.८ स्रोत संरक्षण ........ 51
अध्याय ५ जलउपयोग गुरुयोजना ........ 53
५.१ अन्तर विश्लेषण ........ 53
५.२ आवधिक योजना ........ 55
५.२.१ खानेपानी योजनाहरु ........ 56
५.२.२ सरसफाइ योजनाहरु ........ 57
५.२.३ बहुउपयोगी योजनाहरु ........ 58
५.२.४ सिंचाइ योजनाहरु ........ 60
५.२.५ स्रोत संरक्षण तथा वातावरण संरक्षण योजनाहरु ........ 63
५.२.६ जल उर्जा योजनाहरु ........ 63
अध्याय ६ गुरुयोजना कार्यान्वयन बजारिकरण र अद्यावधी ........ 64
६.१ गुरुयोजनामा लगानीका लागि अल्प मध्यम दीर्घकालिन योजना ........ 64
६.२ पहिलो वर्षको कार्यानवयन योजना ........ 68
६.३ बजारिकरण रणनीति तथा सरोकारवालाहरुको पहिचान ........ 73
६.४ जलाधार र उप जलाधार क्षेत्र व्यवस्थापन रणनीति ........ 76
६.५ गुरुयोजना पुनरालोकन तथा अद्यावधी गर्ने संयन्त्र ........ 77
६.६ गुरुयोजना कार्यानवयन रणनीति ........ 77

## स्रोत नक्शाहरु

**संक्षेप र संक्षितप्त नामहरुको सूची**

| | |
|---|---|
| गा.वि.स. | गाउँ विकास समिति |
| वडा नं. | वडा नम्बर |
| गापा | गाउँपालिका |
| CBRT | Crietria Based Ranking (मापदण्डमा आधारित प्राथमिकिकरणका औजार) |
| मि. | मिटर |
| लि.प्र.से. | लिटर प्रति सेकेण्ड |
| क्र स | क्रम संख्या |
| NWASH | National Water Sanitation and Hygiene |
| खा.स.स्व.यो. | खानेपानी सरसफाइ तथा स्वच्छता योजना |

# कार्यकारी सारांश

कुनै निश्चित स्थान भित्र रहेका पानीका स्रोतहरुको संरक्षण, व्यवस्थापन र न्यायोचित तथा समतामूलक वितरण गर्नका लागि समुदायकै सहभागितामा तयार गरिने जलस्रोत क्षेत्रको आवधिक योजना जलउपयोग गुरुयोजना हो। जलउपयोग गुरुयोजनामा उपलब्ध जलस्रोतहरुको बिश्लेषण, लागत अनुमान, सहयोगी सरोकारवाला पहिचान गर्नुका साथै लगानी नीति, लक्ष्य, परिकल्पना समेत समेटिन्छ। गुरुयोजना समुदायको क्षमता विकास गर्न, स्रोतहरुको विबेकपूर्ण उपयोग गर्न, वातावरण तथा पर्यावरण संरक्षण गर्न, पानीको बहुउपयोग गर्न, जलस्रोत सम्बन्धी विबाद न्युनिकरण र समाधान गर्नका साथै सुशासन कायम गरि संस्थागत क्षमता अभिबृद्धी गर्न समेतका लागि क्षेत्रगत योजना तर्जुमाको दीर्घकालिन औजारका रुपमा लिन सकिन्छ ।

जलउपयोग गुरुयोजना निर्माणको प्रमुख उद्धेश्य भनेको, "स्थानीय स्तरमा जलस्रोतको प्रभावकारी, समानुपातिक, पारदर्शी र दक्ष रुपले पानीको बहुउपयोग गर्न एकीकृत योजनाको विकास गर्नु तथा आफ्नो नगरपालिका क्षेत्रका निश्चित समुदाय भित्र तथा समुदाय-समुदायका बीचमा जलस्रोतको समानुपातिक वितरण तथा बाँडफाँड मार्फत दिगो रुपमा पानीसंग सम्वन्धित आवश्यकताहरु पुरा गर्न रहेको छ। गुरुयोजनाले जलवायु परिवर्तन अनुकूलन तथा संम्भावित प्राकृतिक जोखिम व्यवस्थापनका लागी समुदाय र सरोकारवालाहरुको क्षमता विकास गर्नुका साथै जलस्रोतका क्षेत्रमा नयाँ अवधारणाहरु जस्तै  एकजल अवधारणा, पानीको उत्पादनशिल उपयोगका लागी स्थानीय जनसमुदायहरुलाई शसक्तिकरण गर्दै समुदाय परिचालन र सचेतिकरणमा टेवा पुऱ्याउदछ।

जलउपयोग गुरुयोजनाको तयारि प्रकृया मार्फत महिला, पछाडी पारिएका समुदाय, अति बिपन्न,  सीमान्तकृत समुदाय र पानीको उपभोगमा बन्चितिकरणमा परेका भूगोल र समुदायहरुलाई मापदण्डमा आधारित योजना प्राथमिकिकरणका सूचकहरुका माध्यमबाट मुलप्रभाविकरण गर्दै खानेपानी लगायतका संबिधानले सुनिश्चित गरेका जलस्रोतको उपयोगका क्षेत्रका मौलिक हकलाई समेत पुरा गर्न योगदान पुऱ्याउदछ।

यस गाउँपालिकाको जलउपयोग गुरुयोजना निर्माणका लागि विभिन्न चरणहरु तयारी चरण, क्षमता विकास चरण, अध्ययन चरण, योजना तर्जुमा चरण र प्रतिबेदन लेखन तथा प्रतिबेदन प्रमाणीकरण चरणहरुमा क्षेत्रगत बिज्ञहरुको परिचालन गरि तथ्याङ्क संकलन, बिश्लेषण र प्रमाणीकरण गरिएको छ। तथ्याङ्क सङ्कलनका लागि NWASH सफ्टवेयर र DAI Collect KoBo मोबाइल एप्लिकेशनको प्रयोग गरि गरिएको छ । संकलित तथ्याङ्कहरुलाई एकत्रित गरि तथ्याङ्कमा रहेका त्रुटीहरु कर्णाली जल परियोजनाको सहयोगमा समन्वय गरि सच्याउने, सान्दर्भिक नरहेका तथ्याङ्कहरुलाई हटाउने कार्य गरिएको थियो । संकलित तथ्याङ्कहरुलाई वडास्तरमा प्रमाणिकरण गोष्ठी संचालन गरि छुटेका तथ्याङ्कहरु लिने र शुद्धीकरण गरिएको थियो । ७ वटै वडाहरुमा वडास्तरीय योजना तर्जुमा गोष्ठी संचालन मार्फत योजनाहरुको प्राथमिकीकरण पश्चात गाउँपालिकास्तरमा तथ्याङ्क प्रमाणीकरण र योजना तर्जुमा गोष्ठी संचालन गरिएको थियो ।

जलउपयोग गुरुयोजना निर्माणका लागि संकलन गरिएका तथ्याङ्कहरुलाई विभिन्न बिधिहरु अपनाई विश्लेषण गरिएको छ। विश्लेषण गरिएका तथ्याङ्कहरुलाई नगरपालिकामा उपलब्ध अन्य तथ्याङ्कहरुसंग तुलना सहित सरोकारवालाहरु माझ गरिएका छलफल अन्तर्क्रिया पश्चात आवश्यक तालिका, ग्राफ, र अनुसूची राखि त्यसको ब्याख्यात्मक स्वरुपमा यो प्रतिबेदन तयार गरिएको छ। मोहन्याल गाउँपालिकामा जलउपयोग गुरुयोजना निर्माणको क्रममा विभिन्न चरणहरुमा (१३ वटा खुड्किलाहरु) सम्पन्न गरिएका प्रक्रियागत क्रियाकलापहरु निम्न अनुसार रहेका छन्।

- तयारी चरण अन्तर्गत कर्णाली जल परियोजना र सांझेदारहरु बिचको सम्झौता तथा अन्य तथ्याङ्क संकलनका औजार तथा विधिहरुको छनौट गरिएको थियो।
- क्षमता विकास चरणमा २० जना तथ्याङ्क संकलकहरुलाई N-WASH/DAI Collect KoBo सफ्टवेयर र तथ्याङ्क संकलन बिधि सम्बन्धि तालिम संचालन गरिएको थियो।

- २१ वटा समुदायस्तरका भेला/अनुशिक्षण सहभागीतात्मक तरिकाले सामाजिक तथा प्राबिधिक तथ्याङ्कहरु संकलन गरिएको छ।ति तथ्याङ्कहरु संकलन गर्दा महिला तथा पछाडि पारिएका वर्गका मुद्दाहरू/सवालहरुको अध्ययन र विश्लेषण गरिएको थियो।
- ७ वटै वडाहरुमा वडास्तरीया समन्वय बैठक/अनुशिक्षण र २/२ दिने क्षमता विकास तालिमहरु सम्पन्न गरिएको छ, र अनुशिक्षणमा लैगींक समानता र सामाजिक समावेशीकरणको बिषयवस्तुहरु समावेश गरिएको थियो।
- ७ वटै वडाहरुबाट छनौट गरिएका महिला तथा पछाडी पारिएको वर्गका व्यक्तिहरुका लागि जल अधिकार, योजना तर्जुमा, जल सुशासन आदि सम्बन्धि तालिम संचालन गरिएको थियो।
- गाउँपालिका स्तरमा १ पटक समन्वय बैठक र १ पटक योजना तर्जुमा गोष्ठी संचालन गरिएको थियो।

**विश्लेषण बाट प्राप्त मुख्य तथ्याङ्कहरु :**

- राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक प्रतिवेदन अनुसार यस मोहन्याल गाउँपालिकाको कूल घरधुरी संख्या ४४५० (https://cbs.gov.np) रहेको देखिन्छ भने हाल संकलन गरिएको तथ्याङ्क अनुसार कूल घरधुरी संख्या ५०३० रहेको र कूल जनसंख्या २४०४४ रहेको छ। कूल घरधुरी मध्ये ३४.२%(१७२१)घरधुरी जनजाती, ४५.५% (२२८७) घरधुरी ब्राम्हण/ठकुरी/क्षेत्री/सन्यासी, २०.१३% (१०१३) घरधुरी दलित रहेका छन् भने ०.१७% (९) नेवार घरधुरी रहेका छन्।
- यस गाउँपालिकामा ठुला जलाधारको रुपमा कर्णाली र ठुलीगाड नदि रहेका छन् भने उप-जलाधारको रुपमा अन्य खोलाहरु जस्तै; रपानी, भलका पानी , झाझरी , कालीखोला, सिसराखोला, खरपानी खोला, सेतो खोला, खन्टे खोला, बादे खोला , पिचमारी खोला, साघुरे खोला, टिउले खोला आदि रहेका भने खानेपानीका लागि मुख्य स्रोतको रुपमा मुल र भूमिगत पानीका स्रोतहरु मात्रै प्रयोग भएको देखिन्छ।
- गाउँपालिकामा हाल बिद्यमान खानेपानी योजना संख्या ७२ वटा, निर्माणाधीन खानेपानीका योजना ७ वटा योजना रहेका छन्। जलउपयोग गुरुयोजनामा प्रस्तावित नयाँ खानेपानी योजना संख्या ५० वटा र पानीको गुणस्तर सुधारका २५ वटा योजनाहरु रहेका छन् । बिद्यमान खानेपानी योजनाबाट हाल ३०२५ (६०%) घरधुरीहरु सेवा प्राप्त गरि राखेका छन् भने निर्माणाधीन योजनाहरुबाट १९९ (३.९६%) घरधुरीहरुले खानेपानी सेवा प्राप्त गर्ने लक्ष्य लिईएको छ।
- जलउपयोग गुरुयोजना निर्माणका क्रममा मोहन्याल गाउँपालिकामा खानेपानीको नमुना गुणस्तर मापन गर्दा पानीको शुद्धीकरणका बिधीहरु अपनाउनु पर्ने देखिन्छ।
- गाउँपालिकामा जलउपयोग गुरुयोजनाको सर्बेक्षणका क्रममा कूल घरधुरीहरु मध्ये १०१५ वटा गरिब तथा बिपन्न वर्गहरू र बाढी पिडित घरधुरीहरुमा शौचालय पुर्ननिर्माण गर्नुपर्ने छन् त्यस्तै गाउँपालिकामा दिसाजन्य लेदो व्यवस्थापन, ठोसफोहर व्यवस्थापनको उचित व्यवस्था भएको पाइँदैन्।
- त्यसैगरि मोहन्याल गाउँपालिकामा बिद्यमान सिंचाइ योजनाहरु ५७ वटा रहेका छन् । यस गाउँपालिकाको कूल खेतीयोग्य भू-भाग ५२७९ हेक्टर मध्ये करिब ८२९.५१ हेक्टर (१६.९%) जमिन सिंचित भईरहेको छ।
- गाउँपालिकास्तरीय योजना तर्जुमा गोष्ठीमा गरिएको बृहत छलफल, क्षेत्रगत अन्तर विश्लेषण र निर्णय अनुसार जलउपयोग गुरुयोजनामा ५० वटा नँया र २५ वटा मर्मतका खानेपानी योजनाहरु, ५७ वटा नँया र ३२ वटा मर्मतका सिंचाइ योजनाहरु, लघु सिंचाइ १८ वटा नँया र ५ वटा मर्मत, बहुउपयोगी १७ वटा नया र ३ वटा मर्मत, वातावरण तथा पर्यावरण संरक्षण तर्फ ४४ वटा योजनाहरु, र सार्वजनिक शौचालयका २३ वटा विभिन्न योजनाहरु प्रस्ताव गरिएका छन्।

माथिका मुख्य क्षेत्रगत योजनाहरुका साथसाथै ठोस फोहर व्यवस्थापनका लागि ल्याण्ड फिल साईट व्यवस्थापन, दिसाजन्य लेदो व्यवस्थापनका क्रियाकलापहरु संचालन गर्नु पर्ने एकदमै आवश्यक देखिन्छ। समग्रमा मोहन्याल गाउँपालिकाले यस जलउपयोग गुरुयोजनाको सफल कार्यान्वयनका लागि गाउँपालिकामा कार्यरत विभिन्न सरकारी तथा गैर सरकारी निकाय/संघ संस्थाहरु संग समन्वय, सहकार्य र साझेदारी गर्न सकेको खण्डमा प्रस्ताव गरिएका योजनाहरु ५ बर्ष भित्रै कार्यान्वियन गर्न सकिने र गाउँपालिकाको क्षेत्रगत परिकल्पना/लक्ष्य, उद्धेश्यहरु पुराहुने देखिन्छ।

# अध्याय १ परिचय

## १.१. पृष्ठभुमि

कुनै निश्चित स्थानमा उपलब्ध पानीका स्रोतहरुको विकास र न्यायोचित तथा समतामूलक वितरणका लागि समुदायकै सहभागितामा तयार गरिने जलस्रोत क्षेत्रको आवधिक योजना नै जल उपयोग गुरुयोजना हो। जल उपयोग गुरुयोजनामा उपलब्ध जलस्रोतहरुको बिश्लेषण, लागत अनुमान, सहयोगी निकाय तथा सरोकारवालाहरुको पहिचान गर्नुका साथै लगानी नीति, लक्ष्य, परिकल्पना समेत जल उपयोग गुरुयोजनामा समेटिन्छ। जल उपयोग गुरुयोजना लाई समुदायको क्षमता विकास गर्न, स्रोतहरुको विवेकपूर्ण उपयोग गर्न, वातावरण संरक्षण गर्न, पानीको बहुउपयोगीता गर्न, जलस्रोत सम्बन्धी विबाद समाधान गर्नुका साथै सुशासन कायम गरि संस्थागत क्षमता अभिबृद्धी गर्न समेतका लागि क्षेत्रगत योजना तर्जुमाको दीर्घकालिन औजारका रुपमा लिन सकिन्छ।

जलउपयोग गुरुयोजनाले सहभागितामूलक र समावेशी योजना प्रक्रियाका माध्यमबाट सुरक्षीत खानेपानीको पहुँचबाट बन्चितीमा रहेका, सीमान्तकृत समुदायहरुलाई पानीको समुचित र न्यायिक उपयोग गर्न, गुरुयोजना निर्माणका क्रममा आवश्यक क्षमता विकास गरि पानीको समान हिस्सामा आफ्नो अधिकार दाबी गर्न सशक्त बनाउन मद्धत गर्दछ साथै गुरुयोजना निर्माण प्रकृयाका चरणहरुमा पानी सम्वन्धि योजना निर्माण, दिगो उपयोग रणनीति र कार्यान्वयनमा महिलाहरुको नेतृत्व र सहभागीताका लागी पैरवी गर्दछ। जलउपयोग गुरुयोजना निर्माण प्रकृयामा गाउँपालिकामा रहेका स्रोत र साधन, समुदाय परिचालन र जनसहभागिता, प्राविधिक एवम् व्यवस्थापकिय सिप, दक्ष जनशक्तिको बिषयहरुलाई समेत बिश्लेषण गरि भबिष्यमा गाउँपालिका र योजना कार्यान्वयन कर्ताहरुलाई  आवश्यक समाधान र पूर्ब तयारिमा समेत आवश्यक दिशानिर्देश सहित सहयोगी साधनको रुपमा मद्धत्त गर्दछ।

जलउपयोग गुरुयोजनाले एकीकृत योजना तर्जुमा र व्यवस्थापन गर्नुको साथै पानीसंग सम्वन्धित रणनैतिक प्राथमिकताहरुलाई बिश्लेषण, विगतमा यस क्षेत्रमा गरिएको लगानीको विश्लेषण, आगामी दिनमा गरिने पानीसंग सम्वन्धित विकासको योजना खाका, सरोकारवालाहरुको क्षमता विकास, लगानी कर्ताको खोजी, बजेटको सुनिश्चितताको मार्गदर्शनका साथै सरोकारवाला निकायहरुको लागि क्षेत्रगत विकासमा अन्वेषण र विकासमा सहयोग गर्दछ।

### १.१.१ जलस्रोत क्षेत्रका राष्ट्रिय नीति तथा कानूनी प्रावधानहरु

नेपालको संविधान २०७२ को निर्देशक सिद्धान्तमा जनसहभागितामा आधारित जलस्रोतको उपयोग, स्थानीय समुदायलाई प्राकृतिक स्रोतको उपयोगमा प्राथमिकता र अग्राधिकार दिनुपर्ने र आधारभूत वस्तु तथा सेवामा सबै नागरिकको समान पहुँचका साथै पछाडि परेको वर्ग, क्षेत्रलाई विशेष प्राथमिकता दिनुपर्ने व्यवस्था छ। साथै संघ, प्रदेश र स्थानीय सरकारको एकल तथा साझा अधिकार सूचीको व्यवस्था गरेको छ। उक्त सूचीमा उल्लेख भए अनुसार आधारभूत स्वास्थ्य र सरसफाइ, खानेपानी, साना जलबिधुत आयोजना तथा जलाधार संरक्षण जस्ता विषयहरु स्थानीय तहका अधिकार अन्तर्गत पर्दछन्।

**नेपालको संबिधान २०७२ तथा अन्य कानुनी प्राबधान :**

संबिधानको भाग–३ मा रहेको मौलिक हक र कर्तब्यमा उल्लेखित

- धारा ३० को उपधारा १ मा स्वच्छ वातावरणको हकमा " प्रत्येक नागरिकलाइ स्वच्छ र स्वस्थ वातावरणमा बाच्न " पाउने हक हुनेछ
- धारा ३५ उपधारा ४ मा स्वास्थ्य सम्वन्धी हकमा "प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हक हुनेछ"
- धारा ५१ (छ) को २ : "राज्यका नीतिहरु, जनसहभागितामा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिँदै जलस्रोतको बहुउपयोगी विकास गर्ने"।

**स्थानीय सरकार सञ्चालन ऐन २०७४:**

(परिच्छेद—६, योजना तर्जुमा तथा कार्यान्वयन, २४ मा योजना बनाई कार्यान्वयन गर्नेः " गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका बिषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, बार्षिक, रणनीतिगत बिषय क्षेत्रगत योजना बनाई कार्यान्वय गर्नु पर्नेछ " भनी उल्लेख गरेको ।

नेपाल सरकारले दिगो विकास लक्ष्य लगायत जलस्रोत, वातावरण, खानेपानी र सरसफाइ सित सम्बन्धित विभिन्न अन्तर्राष्ट्रिय घोषणा तथा अभिसन्धिहरुको अनुमोदन गर्दै तिनको कार्यान्वयनका लागि प्रतिबद्धता जनाएको छ। दिगो विकास लक्ष्यको छैटौ बुँदाले सन् २०३० सम्म खानेपानी तथा सरसफाइमा सबैको, खासगरी महिला, बालबालिका तथा जोखिममा परेका समुहका लागि पहुँच सुनिश्चित गर्ने लक्ष्य राखेको छ। संविधान प्रदत्त मौलिक हकहरुको निर्बाध उपभोग तथा दिगो विकास लक्ष्य प्राप्तिका लागि जलस्रोतको बहुआयामिक उपयोग र त्यसको प्रभावकारी व्यवस्थापन अत्यावश्यक छ यस कार्यमा गाउँपालिकाहरुको महत्वपूर्ण भूमिका रहेको छ। नेपालको संविधान २०७२ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा उल्लिखित अधिकार क्षेत्रहरु उपयोग गरी प्रभावकारी जलस्रोत व्यवस्थापनद्वारा नागरिकको मौलिक अधिकार सुरक्षित गर्ने गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय लक्ष्यहरु खास गरी दिगो विकास लक्ष्यहरु प्राप्तिका लागी जलउपयोग गुरुयोजना निर्माण र कार्यान्वयन गर्नु गाउँपालिकाको जलस्रोत क्षेत्र विकासका लागी थप आयाम हुने महशुष गरिएको छ।

यसका साथै खानेपानी तथा सरसफाइ सम्बन्धि ऐन २०७९ मा धारा ३३ को उपधारा ४ र धारा ३५ अनुसार लैंगिक समानता तथा सामाजिक समाबेशीकरणका सवालहरुलाई आत्मसात गर्दै सरसफाइका लागि गरिब/अति विपन्न तथा पछाडी पारिएका समुदाय र घरधुरिहरुलाई अनुदान तथा खानेपानी महशुलमा छुट दिने व्यवस्था गरिएको छ।

त्यसै गरि पन्ध्रौँ योजनामा ४.१ सोच: स्वच्छ, सुरक्षित, सर्वसुलभ र दिगो खानेपानी तथा सरसफाइ सेवा, ४.२ लक्ष्य: सबैलाई आधारभुत स्तरको खानेपानी तथा सरसफाइ सेवाको पहुँच सुनिश्चित गर्दै गुणस्तरिय सेवा अभिबृद्धी गर्ने। ४.३ उद्देश्य: खानेपानी र सरसफाइ सेवाको प्रयाप्त, सुरक्षित र सर्बसुलभ रुपमा उपलब्धताबाट जनस्वास्थ्यमा सुधार गर्नु, सबै नागरिकलाई आधारभुत स्तरको सरसफाइ सेवामा पहुँच तथा मानव मल-मुत्र र फोहोर पानीको उचित व्यवस्थापन गरि वातावरणीय स्वच्छता कायम गर्नु, जलवायु परिवर्तन अनुकूल तथा विपद व्यवस्थापनमैत्री खानेपानी तथा सरसफाइ सेवा सुनिश्चित गर्नु, खानेपानी तथा सरसफाइको दिगो सेवा प्रभावमा संघीय, प्रादेशिक र स्थानीय तहको भूमिका सबलीकरण गर्दै क्षमता अभिवृद्धि गर्नु रहेको छ।

माथी उल्लेखित संबैधानिक व्यवस्थाहरुले समेत स्थानीय तहहरुको पानी क्षेत्रको विकासका लागि निर्दिष्ट योजना बनाउनु पर्ने सैद्धान्तिक आधार निर्माण भएको देखिन्छ। स्थानीय सरकार सञ्चालन ऐन- २०७४ मा समेत

खानेपानी, सिंचाइ, वातावरणीय सवाल तथा उर्जा विकास जस्ता जलस्रोत क्षेत्रका सवालहरु सम्बोधन गर्न यथेष्ट व्यवस्था रहेको पाइन्छ। पानी क्षेत्रका निर्दिष्ट योजनाहरुको नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन र नियमन जस्ता अधिकार स्पष्ट रुपमा स्थानीय सरकार सञ्चालन ऐनमा रहेका छन। यसरी स्थानीय सरकारहरुले जलस्रोतको समष्टिगत विकासका लागि नीति निर्माण गरि आवधिक योजनाहरु मार्फत नागरिकका संबिधान प्रदत्त अधिकार सुनिश्चितता लागी समेत जलउपयोग गुरुयोजना एक सहयोगी औजारका रुपमा रहने देखिन्छ।

## १.१.२ एकिकृत जलस्रोत व्यवस्थापनका अवधारणा र सिद्धान्त

एउटा जलाधार भित्रका पानीसंग सम्वन्धित आवश्यकताहरु सँगसँगै सम्वोधन गर्ने, जलस्रोतका विविध पक्षहरु बीच सामञ्जस्यता कायम गर्ने र साथै पर्यावरणको सन्तुलन कायम गर्ने किसिमको समष्टिगत अवधारणालाई नै एकिकृत जलस्रोत व्यवस्थापन भन्ने गरिन्छ। जलस्रोत विकासका विभिन्न क्षेत्रहरु जस्तैः खानेपानी, सिंचाइ, जलविधुत, वातावरण तथा पर्यावरण आदि सँगसँगै र एक अर्कालाई सहयोग पुऱ्याउने किसिमले लैजानु अर्थात समग्र जलाधार क्षेत्रको व्यवस्थापनका माध्यमबाट जलस्रोत क्षेत्रको विकास नै एकिकृत जलस्रोत ब्यवस्थापन बुझिन्छ । एकिकृत जलस्रोत व्यवस्थापन अवधारणा अनुसार छरिएर रहेका स-साना भाग अथवा स्रोतहरुलाई संरक्षण र बिबेकपूर्ण उपयोग तथा माटो, पानी, र वनस्पतीय स्रोत बीचको सामनजस्यता वा सह-सम्बन्धलाई ध्यानमा राखि ती स्रोतहरुको संरक्षण र विकासका लागि अपनाउनु पर्ने आवश्यक कामहरुको लेखाजोखा गर्नु हो।

एकिकृत जलस्रोत व्यवस्थापनको अवधारणालाई सन् १९९२ मा संयुक्त राष्ट्र सघंको रियो दे जेनारियोमा सम्पन्न "वातावरण तथा विकास" विषयक सम्मेलनबाट पारित एजेन्डा २१ नेपालले समेत अनुमोदन गरि सकेको छ। एकिकृत जलस्रोत व्यवस्थापनका प्रस्तुत अवधारणाहरु यस पूर्व नै डब्लिन सम्मेलनबाट पारित निम्नलिखित चार वटा सिद्धान्तहरुमा आधारित छन् ।

- जलस्रोतलाई सीमित, खतरायुक्त, अत्यावश्यक प्राकृतिक स्रोतको रूपमा पहिचान गरिएको छ र यसको एकिकृत र व्यवस्थित ढङ्गबाट विकास र व्यवस्थापन गरिनु पर्दछ।
- जलस्रोतहरुको विकास र व्यवस्थापनलाई हरेक तह र वर्ग जस्तै उपभोक्ताहरु, योजनाकारहरु, नीति निर्माताहरु, लगानी कर्ताहरु आदिको सहभागितात्मक अवधारणा अनुरूप अगाडि बढाउनु पर्दछ।
- जलस्रोतहरुको व्यवस्थापन, संरक्षण र उपयोगको सवालमा महिलाहरुको भूमिकालाई केन्द्र बिन्दुका रूपमा पहिचान गरिनु पर्दछ।
- जलस्रोतलाई प्रकृतिको वरदानको रूपमा मात्र नभई एउटा बलियो आर्थिक स्रोतको रूपमा हेरिनु पर्दछ। एकिकृत जलस्रोत व्यवस्थापनको अवधारणाले स्थानीय तहमा आर्थिक, सामाजिक, वातावरणीय तथा प्राविधिक पक्षहरुलाई समेटेर सक्रिय जनसहभागिताका आधारमा जलस्रोतहरुको पहिचान गर्दै यिनीहरुको समष्टिगत एवं दिगो विकास र व्यवस्थापनमा सुनिश्चितता प्रदान गरेको हुन्छ।

## १.१.३ दिगो विकास लक्ष्य

सन २०१५ मा संयुक्त राष्ट्र संघको साधारण सभाबाट अनुमोदन गरिएका १७ वटा दिगो विकास लक्ष्य १५ वर्षमा पुरा गर्न बिश्वब्यापी रुपमा १६९ वटा परिमाणात्मक लक्ष्य निर्धारण गरी यसको प्रगति मुल्याँकन गर्न २३२ सूचकहरु पनि तयार गरिएका छन्। यसै गरी नेपालमा ति १७ वटा लक्ष्य पुर्तिका निम्ति ४७९ वटा सूचकहरु निर्धारित गरिएका छन्। यसरी निर्धारण गरिएका १७ वटा लक्ष्यहरु एक-आपसमा अन्तर सम्बन्धित छन्।



चित्र नं.१ दिगो विकास लक्ष्य सुचकहरु

दिगो बिकास लक्ष्य-६ खानेपानी सरसफाइ तथा स्वच्छता व्यवस्थापनका साथै एकीकृत जलस्रोत व्यवस्थापनका क्षेत्रमा सन् २०३० सम्ममा के के उपलब्धि हासिल हुनुपर्ने भन्ने आधारमा तय गरिएको छ। दिगो विकास लक्ष्यको लक्ष्य नं. ६ ले खानेपानी तथा सरसफाइ सम्वन्धमा दिशानिर्देश गरेको छ। अन्तराष्ट्रिय स्तरमा नेपालले प्रतिबद्धता जाहेर गरेको दिगो विकास लक्ष्य हासिल गर्नु स्थानीय सरकारको समेत कर्तव्य हुन आउछ। यस परिवेशमा दिगो विकास लक्ष्य हासिल गर्न स्थानीय सरकारहरुले आवश्यक नीति तथा कार्ययोजनाहरु तर्जुमा गर्दै तिनको ठोस कार्यान्वयनमा तिन ध्यान पुऱ्याउनु पर्ने देखिन्छ। जलस्रोत क्षेत्रको समष्टिगत विकासका लागि उपलब्ध कानूनी प्रवन्ध तथा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धताहरु हासिल गर्न जलउपयोग गुरुयोजना निर्माणको औचित्य अझै बढी पुष्टी भएको छ।

दिगो विकास लक्ष्य-६ को समग्र सूचक " सन् २०३० सम्म, सबैका लागि सफा पानी तथा सरसफाइमा पहुँच सुनिश्चित गर्ने" रहेको छ भने, विशिष्ट सूचकहरु निम्न रहेका छन्।

- सबैका लागि सुरक्षित तथा खर्चले धान्न सक्ने मूल्यमा पिउने पानीमा सर्वसुलभ तथा समतामूलक पहुँच हासिल गर्ने।
- सबैका लागि पर्याप्त तथा समतामूलक सरसफाइ र स्वच्छतामा पहुँच हासिल गर्ने र खुला ठाउँमा दिसा गर्ने चलनको अन्त्य गर्ने।
- पानी तथा सरसफाइ व्यवस्थापनको सुधारका लागि स्थानीय समुदायहरुको सहभागितालाई साथ दिई त्यसलाई अझ सबल बनाउने।

दिगो विकास लक्ष्यहरुमा उल्लेखित लक्ष्य र नेपालले अन्तराष्ट्रिय क्षेत्रमा गरिएका प्रतिबद्दताहरु हासिल गर्न क्षेत्रगत विकास योजना (ई. २०१७-२०३०) तर्जुमा भएको छ। क्षेत्रगत विकास योजना खानेपानी, सरसफाइ स्वच्छताका क्षेत्रमा निम्मानुसार अवधि र लक्ष्यहरु लिईएको छ।

- तत्कालीन चरण (ई. २०१७- २०२०): सबैको आधारभुत “वाश” सेवाहरुमा पहुँच सेवाको स्तरमा सुधार (मध्यम २५%/उच्च १५%) जनसंख्या
- मध्यकालीन चरण (ई. २०२१- २०२५): सेवाको स्तरमा सुधार (मध्यम ४०%/उच्च ३०%) जनसंख्या, कार्यदक्षता र दिगोपनमा सुधार
- दिर्घकालीन चरण (ई. २०२६- २०३०): सेवाको स्तरमा सुधार (मध्यम ५०%/उच्च ५०%) जनसंख्या, प्रभाव लेखाजोखा

## १.१.४ अन्तर क्षेत्रीय सवालहरु

**लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण**

जलउपयोग गुरुयोजना स्थानीय समुदायको सहभागितामा निर्माण हुने हुदा पानी संग प्रत्यक्ष सरोकार राख्ने लिङ्ग, वर्ग र समुदायको आवश्यकता र चाहनामा आधारित हुने गर्दछ। नेपाल सरकारले बि.सं. २०८६ सम्ममा सबै नेपाली जनतालाई आधारभूत खानेपानी र सरसफाइ सेवा उपलब्ध गराउने राष्ट्रिय लक्ष्य हासिल गर्ने तर्फ अग्रसर रहेको छ। त्यसका लागि पानी वितरण र उपभोग प्रक्रियालाई न्यायोचीत र समाबेशी बनाउन जलउपयोग गुरुयोजना ले सहयोग पुरयाउँदछ।

जलउपयोग गुरुयोजना स्थानीय समुदायको सहभागितामा निर्माण हुने हुदा पानीसंग प्रत्यक्ष सरोकार राख्ने लिङ्ग, वर्ग र समुदायको आवश्यकता र माग सम्बोधनमा आधारित हुने गर्दछ। पानीको घरायसी प्रयोगका लागि महिलाहरु पानीसंग बढी संलग्न हुने हुँदा स्रोत पहिचान, स्रोत छनौट देखि योजना तर्जुमाका चरणहरुमा जलउपयोग गुरुयोजनाले महिलाहरुको उल्लेख्य सहभागिताको वातावरण निर्माण गर्न सरोकारवालाहरुको क्षमता विकास गर्दछ। त्यस्तै अपांगता भएका व्यक्तिहरुको खानेपानी र सरसफाइ जस्ता आधारभूत सेवाहरुमा पहुँच बढाउन तथा अपांगतामैत्री अवधारणाको विकासका लागि उनीहरुको जलउपयोग गुरुयोजना निर्माणका हरेक चरणमा सहभागिता सुनिश्चित गर्दछ।

समग्र राष्ट्र तथा यस गाउँपालिकामा समेत जलस्रोतको पहुँच र नियन्त्रणमा लैङ्गिकताका आधारमा असमानता, छाउपडी र जातीय भेदभावहरुमा प्रायः महिला, बालिका र सीमान्तकृत समुहका सदस्यहरु बढी प्रभावित भएको पाईएको छ। पानीको स्रोतको सुरक्षितता, पिउने पानी घर नजिक उपलब्ध हुँदा र निर्णय गर्ने तहमा महिला तथा सीमान्तकृत समूहको सहभागिताले उनीहरुको समयको बचत, लैंगिक हिंसाको जोखिम, शोषण, र नकारात्मक परिणामहरु कम गर्न सहभागितात्मक योजना तर्जुमासंगै महिला तथा बंञ्चितिकरणमा परिएका समुदायहरु, बिपन्न बर्गहरुको मुलप्रभाविकरण आवश्यक रहेको छ। यस गाउँपालिकाको जलउपयोग गरुयोजना निर्माणमा समेत समुदायहरुमा देखिएका माथी चर्चा गरिएका समस्या र भेदभावहरुको समाधानका लागी लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका सवालहरुलाई जलउपयोग गुरुयोजना निर्माण र तत् पश्चातका कार्यान्वय प्रकृयामा सम्बोधन गर्ने गरि नीति अवलम्बनको नीति लिईएको छ।

गाउँपालिका भित्र जलस्रोत, सरसफाइ र स्वच्छताका साथै पानीका क्षेत्रमा गरिने सम्पूर्ण नीति तर्जुमा, लगानी योजना तथा कार्यान्वयन गर्दा तपसिलका पक्षहरुलाई सचेतताका साथ कार्यान्वयन गर्न सरोकारवालाहरुका माझ गुरुयोजना निर्माणका क्रममा छलफल गरि साझा प्रतिवद्धता गरिएको छ।

- सबै उपभोक्ता समितिहरुमा सम्बन्धित क्षेत्रमा बसोवास गर्ने महिला तथा विभिन्न जातजातिहरुको समानुपातिक प्रतिनिधित्वलाई सुनिश्चितका साथै समितिका प्रमुख पदहरुमा समेत महिला र सामाजिक विभेदमा परेका जातजातिहरुको प्रतिनिधित्व अनिवार्य गर्ने ।
- जलउपयोग गुरुयोजना कार्यान्वयनका क्रममा महिला र सामाजिक विभेदमा परेका जातजातिहरुको क्षमता अभिवृद्धिका लागि विशेष पहल गर्नुका साथै उनीहरुलाई नै लक्षित गरेर क्षमता विकासका विभिन्न क्रियाकलापहरु सञ्चालन गर्ने।
- गुरुयोजनाको कार्यान्वयन गर्दा पानीसंग सम्वन्धित समुदायमा निर्माण गरिने भौतिक संरचनाहरुमा आवश्यकतामा आधारित महिला, बालबालिका, अपाङ्ग र जेष्ठनागरिकमैत्री ढंगले निर्माण गर्नुका साथै खानेपानी र सरसफाइ परियोजनाका आवश्यक संरचनाहरु महिलाहरुको महिनावारीको बेलाको स्वच्छता व्यवस्थापन र सामाजिक आत्म बिश्वास अभिबृद्दीमा सहयोगी हुने किसिमका निर्माण गर्ने।

उपभोक्ता तहको संस्थागत सुशासनका लागि उपभोक्ता समितिको मुहान दर्ता, वार्षिक साधारण सभा, नियमित बैठक, लेखा परीक्षण आदि जस्ता सुशासन गरिबिधीहरु (सार्वजनिक सुनुवाइ, समीक्षा र सार्वजनिक परीक्षण) आदीमा महिला, सिमान्तकृत वर्ग लगायत सम्पुर्ण समुदायको प्रतिनिधित्व सुनिश्चित गर्ने ।

**जलवायु परिवर्तन अनुकुलन तथा विपद जोखिम व्यवस्थापन**

जलवायु परिवर्तन विश्वव्यापी मुद्दाका रुपमा रहेको छ। नेपालको हिमाली क्षेत्र र त्यसका जलाधार क्षेत्रमा जलवायु परिवर्तनको असरबाट अझै बढी प्रबाहित रहेको छ। तापक्रम वृद्धि भएको कारणले हिमक्षेत्र परिवर्तन, हिम पहिरो जाने, अनियमित वर्षा, मनसुनी वर्षाको तालिकामा गडबडी, एक्कासि आउने बाढी पहिरोमा वृद्धि, नदी कटान, पानीका मूलहरु बिस्तारै सुक्दै जानु आदि जस्ता जलवायु परिवर्तनका असरहरु नेपालमा देखिएका छन। अनियमित वर्षा, उच्च तीव्रताका साथ हुने वर्षा आदिका कारण पहाडी क्षेत्रमा वर्षाको पानी सिधै बगेर जाने, माथिल्लो तटिय क्षेत्रबाट भू स्खलन न्युन उचाईका तटिय क्षेत्रमा बगेर थिग्रिने आदी कारणले भूमीगत लगायत तालतलैयाहरुको जल सतह असर परिरहेको छ। जलवायु परिवर्तनसंगै हुने यी यस्ता घटनाको प्रभाव खानेपानी, कृषि प्रणाली, सिंचाइ, जैविक विविधता जस्ता विभिन्न क्षेत्रमा परिरहेको प्रभाव र उत्पन्न समस्याहरुको न्यूनीकरणका लागि जलउपयोग गुरुयोजनाले गाउँपालिका भित्रका समुदायहरुको क्षमता अभिवृद्धि गरि जलवायु परिवर्तन अनुकूलित र प्रकोपहरु आइपर्दा पनि जोखिम कम हुने हिसाबले गरिने योजना तर्जुमालाई महत्व दिएको छ।

यस गाउँपालिकामा जलउपयोग निर्माणका बिभिन्न चरणमा गाउँपालिकामा बिगतमा देखिएका जलवायु परिवर्तनका असर, मानवश्रृजित गरिबिधीहरुबाट पानीका स्रोत तथा पूर्वाधार र समग्र सेवामा गरेको असर तथा सम्भावित जोखिमहरुको लेखाजोखा गर्नुका साथै आगामी दिनमा गर्नुपर्ने न्यूनिकरण तथा अनुकुलनका प्रयासहरु बारे छलफल, सरोकारवालाहरु बिच क्षमता विकास र साझा धारणाका साथ योजना तर्जुमा समेत गरिएका छन्।

## १.२ जलउपयोग गुरुयोजनाका उद्धेश्य र क्षेत्र

### १.२.१ जलउपयोग गुरुयोजनाका उद्धेश्यहरु

जलउपयोग गुरुयोजनाको उद्देश्य भनेको स्थानीय स्तरमा जलस्रोतको प्रभावकारी, समानुपातिक, पारदर्शी र दक्ष रुपले पानीको बहुउपयोग गर्न एकिकृत योजनाको विकास गर्नु हो। यस योजनाले स्थानीय सरकार र मातहतका जलाधार क्षेत्रहरु भित्रका कुनै निश्चित समुदाय वा समुदायहरु बीचमा जलस्रोतको सही उपयोग, समानुपातिक वितरण तथा बाँडफाँड  मार्फत दिगो रुपमा सवै प्रकारका आवश्यकताहरु पुरा गर्न सुनिश्चितता प्रदान गर्दछ। । जलउपयोग गुरुयोजनाका विशिष्ट उद्देश्यहरु यसप्रकार छन ।

- समुदाय स्तरमा समावेशी जलउपयोग योजना र जलस्रोत क्षेत्रको समग्र व्यवस्थापन गर्ने।
- गाउँपालिका भित्रको बस्तुस्थिति पत्ता लगाउनुका साथै जलस्रोतसंग सम्वन्धित सूचना तथा सुविधाहरु पहिचान गर्ने।
- पानीका उपलब्ध सबै स्रोतहरुको विश्लेषण गरी स्रोतहरुको न्यायोचित र विवेकपुर्ण उपभोगका लागी योजना तर्जुमा गर्नुका साथै योजना प्रति अपनत्वको भावनाको विकास गरी निर्मित संरचनाहरुलाई दिगो बनाउन।
- जलस्रोतहरुको बहुउपयोग गर्नको लागि अल्पकालिन, मध्यकालिन र दीर्घकालिन योजना तय गरि आवधिक योजना तर्जुमा गर्ने।
- वातावरणीय दिगोपनाको साथै जल सम्बन्धी भौतिक पुर्वाधारहरु र तिनको दिगो व्यवस्थापनको संस्थागत र वित्तीय व्यवस्थापन सुनिश्चित गर्न।
- जलस्रोत क्षेत्रको लगानी नीति तथा दुरदृष्टी निर्माण गरि लक्ष्य हासिल गर्न आन्तरिक तथा बाह्य स्रोत तथा सरोकारवाला पहिचान गर्न।
- गाउँपालिकास्तरका जलस्रोत र यससँग सम्बन्धित प्राकृतिक स्रोतहरुको संरक्षण गर्ने नीति नियम तर्जुमा र सरोकारवालाहरुको क्षमता अभिबृद्धी गर्ने।
- गाउँपालिकालाई पूर्ण सरसफाइ र स्वच्छता प्रवर्द्धनका लागी तथ्याङ्कहरुको अद्यावधी, बिश्लेषण गरि सो सम्वन्धि योजना तयार गर्ने।
- जलस्रोत, सरसफाइ र स्वच्छताको क्षेत्रमा पारदर्शीता, सहभागिता र जवाफदेहिताको अभ्यासको माध्यमवाट सुशासन प्रवर्द्धन गर्ने।
- गुरुयोजनाको समग्र कार्यान्वयनमा महिला, पछाडी परेका बर्ग, अल्पसंख्यक, सिमान्तकृत समुदायको अर्थपुर्ण सहभागिता र लाभ सुनिश्चित गराउने ।
- जलाधार तथा उपजलाधार क्षेत्र भित्र पर्ने पानीका स्रोतहरुको संरक्षणमा बढावा दिदै पानीको पुनर्भरण, पुनर्धारण र पुनर्उपयोग तथा वातावरणीय स्वच्छताका पक्षहरुमा सम्वन्धित सरोकारवालाहरुको क्षमता विकास तथा सचेतिकरण गर्ने।
- जलस्रोतको उपयोगिता सहितका योजना कार्यान्वयन गर्दा जलवायु परिवर्तन अनुकूलन, विपद जोखिम व्यवस्थापनका पक्षहरु प्रति बिशेष चासो र सचेत रहेदै सो क्षेत्रमा आवश्यक नीति नियम तर्जुमामा सहयोग गर्नुका साथै कार्यान्वय पक्षमा समेत बिशेष महत्वका साथ जोड दिने।

### १.२.२ जलउपयोग गुरुयोजनाले समेट्ने क्षेत्रहरु

कुनै निश्चित क्षेत्र भित्र अवस्थित पानीका स्रोतहरु (पृथ्बीको सतह माथी वा सतहका वा सतह भित्रका) को व्यवस्थापन गरी दिगो उपयोग गर्न गुरुयोजनाले समेट्ने क्षेत्रहरुलाई जलस्रोत व्यवस्थापन कुर्सीका माध्यमबाट ब्याख्या गर्ने गरिन्छ।

**जलस्रोत व्यवस्थापन कुर्सी:** जलउपयोग गुरुयोजनालाई विद्यमान कानूनी प्रावधानहरु अनुसार निर्माण गर्न तथा गुरुयोजना तयारीलाई सहज बनाउनुका साथै योजना निर्माण प्रक्रियालाई व्यवस्थित रुपमा सञ्चालन गर्नका लागि जलउपयोग व्यवस्थापन कुर्सी को अवधारणालाई अवलम्बन गरिएको छ। यो अवधारणा सरोकारवालाहरुको बुझाईमा एकरुपता ल्याउन निकै प्रभावशाली औजारका रुपमा रहेको छ। जलस्रोत व्यवस्थापन कुर्सीले औँल्याएका र गुरुयोजनाले समट्ने ४ (चार) वटा क्षेत्रहरुको चर्चा तल गरिएको छ।

**खानेपानी तथा सरसफाइ:** खानेपानीका योजनाहरु (नयाँ, मर्मत, पुर्ननिर्माण, सेवा बिस्तार, स्तरोन्नती र सतह, भुमिगत, बर्षात आदि),स्रोत सुधार तथा संरक्षण, स्वच्छता, सरसफाइ र चर्पी निर्माण, व्यक्तिगत, घरेलु तथा वातावरणीय सरसफाइ, खुला दिसा मुक्त तथा पूर्ण सरसफाइ योजना र योजनाहरुको सञ्चालन तथा मर्मत सम्भार रणनीति आदि,।

**सिंचाइ तथा निकास:** परम्परागत कुलो सिंचाइ योजना र लघु तथा आधुनिक पोखरी सिंचाइ योजनाहरु र ढल निकास। परम्परागत सिंचाइ (कुलो, नहर) प्रणाली हालको सिंचाइ प्रणालीहरुको मर्मत सम्भार तथा पुनःनिर्माण आदि।आधुनिक सिंचाइ (फोहरा सिंचाइ, थोपा सिंचाइ, प्लाष्टिक पोखरी) करेसाबारीको लागि लघु सिंचाइ, खेर जाने पानीको उचित निकास तथा करेसावारी व्यवस्थापनमा प्रयोग आदि,।


**वातावरण तथा पर्यावरण:** स्रोत सुधार तथा संरक्षण, स्रोतहरुको पुनर्भरण, पुनर्धारण र पुनर्उपयोग क्रियाकलापहरु, बर्षातको पानी संकलन, विभिन्न पोखरीहरु निर्माण तथा (मनोरञ्जनात्मक र धार्मिक, माछापोखरी, आहाल), वन व्यवस्थापन, चरन क्षेत्रहरुको व्यवस्थित विकास, पाखो तथा गह्रा सुधार, नदी नियन्त्रण, पहिरो नियन्त्रण, वातावरणीय सरसफाइ आदि,।

**जलशक्ति र अन्य:** परम्परागत तथा सुधारिएको पानीघट्ट, साना जलबिधुत उत्पादन आदि । पानीमिल, सुधारिएको घट्ट, घरेलु उद्योगका लागि पानी, लघु जलबिधुत योजना, माछा पोखरी, जनावरका लागि पानी, धार्मिक प्रयोजनका एवं जलक्रिडास्थलका लागि पानी, उन्नत स्तरको जीविकोपार्जन लघुवित्त विकास (सामुदायिक संस्था र सहकारी आदि)

माथी उल्लेखित मुख्य क्षेत्र बाहेक पनि गुरुयोजनाको समग्र निर्माण चरणले तपसिलका बिषयबस्तु समेटेको हुन्छ।

- जलबायु परिवर्तन अनुकुलन, विपद जोखिम व्यवस्थापनका लागी पानीका स्रोतहरुको पुनर्भरण, पुनर्धारण र पुनप्रयोग।
- सरोकारवालाहरुको छलफलको थलो: जलस्रोतहरुको समष्टिगत प्रयोगमा उत्पन्न हुन सक्ने बिबाद न्युनिकरण, जलाधार क्षेत्रहरु विचको पारस्परिक सम्वन्ध, पानीको उपयोगितामा पानीका उपयोगका क्षेत्रहरुको प्राथमिकता आदि।
- टेवा तथा क्षमता अभिबृद्धी: स्थानीय तह, समुदायहरुको आन्तरिक तथा बाह्य स्रोत साधनको परिचालन, जनसहभागिताका पक्षहरु, राजनैतिक क्षेत्रको प्रतिवद्धता, कानुनी बिषयहरुको सचेतिकरण, स्थानीय स्रोत साधनहरुको समग्र बिश्लेषण र स्थानीय समुदायहरुको क्षमता विकास आदि।

समग्रमा स्थानीय सरकारहरुले आफ्नो योजना तर्जुमा कार्यान्वयन र मुल्याङ्कन गर्दा साथै स्रोत साधन जुटाउन र , सरोकारवालाहरुलाई छलफल र लगानीकोवातावरण बनाउन जलस्रोत ब्यवस्थापन कुर्सीलाई सहज औजारको रुपमा प्रयोग गर्न सक्दछन्।



चित्र- २ : जलउपयोग गुरुयोजना तथा जलस्रोत ब्यबस्थापन कुर्सी

## १.३ जलउपयोग गुरुयोजना निर्माणमा अपनाइएका पद्धतीहरु

जलउपयोग गुरुयोजनाको अन्तिम प्रतिवेदन गाउँपालिका स्तरमा गरिएका श्रृंखलावद्ध क्रियाकलापहरुको नतिजा हो। गुरुयोजना तयारीमा गरिएका क्रियाकलापहरुमा गाउँपालिकाकामा तर्जुमा गरिएका क्षेत्रगत रणनीति तथा योजनाहरु अध्ययन, गाउँपालिकाको बस्तुस्थिति अवलोकन, समुदाय स्तरमा गरिएका सर्वेक्षण, अन्तक्रिया, निश्चित समुदाय तथा जानिफकार भेटघाट, संस्थागत क्षमता विकासका कार्यहरु तथा तथ्याङ्क प्रमाणीकरण तथा योजना तर्जुमा गोष्ठीहरु पर्दछन्।

समग्र गरुयोजना प्रकृयामा सबै समुदाय र सोकारवालाहरुको सहभागिता सुनिश्चित गर्न अधिकतम पहल तथा आवश्यक समन्वय गर्नुका साथै गुरुयोजनाको चरणवद्ध कार्यपद्धति अनुसार १३ वटा खुड्किलाहरुमा जलस्रोत व्यवस्थापन कुर्सिले औल्याएका क्षेत्रहरुमा गाउँपालिकाका NWASH लगायतका साबिका योजनाहरु समेतको पुरालोकन, अद्यावधी तथा एकिकरण सहित यो जलउपयोग गुरुयोजना तयार गरिएको छ।

### १.३.१ स्थानीय तहका विद्यमान रणनीतिक योजनाहरु

मोहन्याल गाउँपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता योजना (खा.स.स्व.यो.) निर्माणका लागि NWASH प्रणाली मार्फत तथ्याङ्कहरु संकलन गरि गुरुयोजना तयारी पूर्ब नै प्रणालीमा प्रविष्टि भएको थियो। गुरुयोजना निर्माणको यो चरणमा NWASH का तथ्याङ्क यस अघी नै निर्माण भएको साविकको जलउपयोग गुरुयोजनाका तथ्याङ्कको अद्यावधीका लागी समुदाय स्तरमा तथ्याङ्कहरु संकलन, वडा र गाउँपालिका तहमा प्रमाणीकरण गरि र DAI collect मा समेत प्रविष्टि गरिएको थियो।

मोहन्याल गाउँपालिकामा तर्जुमा भएका तपसिलका क्षेत्रगत रणनीतिक योजनाहरुको समेत यस अवधीमा अध्ययन गरि गुरुयोजना तयारीमा आवश्यकता अनुसार अनुसरण गरिएको थियो।

- जलस्रोत व्यवस्थापन निमावली २०७७
- खानेपानी स्वच्छता व्यवस्थापन निर्देशिका २०७७

### १.३.२ रणनीतिक योजनाको एकिकरण

जलउपयोग गुरुयोजना तयारीका लागी गाउँपालिकामा तर्जुमा गरिएका जलस्रोतसंग सम्बन्धित ऐन, नीति नियम र योजनाहरुको अध्ययन, बिश्लेषण र उपलब्ध तथ्याङ्कहरुको एकिकरण गर्ने कार्य गरिएको छ। गाउँपालिकाको NWASH, गाउँपार्श्वचित्र, बिभिन्न बिषयगत शाखाका तथ्याङ्कहरुका साथै सरोकारवाला निकायहरुको तथ्याङ्कहरु, लक्षीत समुदाय छलफल, जानिफकारहरुले प्रदान गरेका सूचना र सर्वेक्षणलाई समेत संकलन, प्रमाणीकरण तथा समायोजन गरि गुरुयोजनाको अन्तिम प्रारुप तयार गरिएको छ। जलउपयोग गुरुयोजना गाउँपालिकामा उपलब्ध तथ्याङ्कहरुका अतिरिक्त आवश्यक अन्य तथ्याङ्कहरु सामाजिक तथा प्राबिधिक सर्वेक्षण, सर्बेक्षणका क्रममा गरिएका भेला, अन्तरक्रिया, लक्षीत समुह/समुदाय भेटघाटमा आधारित भई प्रचलित ऐन कानुनहरुलाई समेतको अध्ययन सहित गाउँपालिकाको नेतृत्वमा सरोकारवालाहरुको प्रमाणीकरण र अनुमोदनमा तयार गरिएको छ।

### १.३.३ जलउपयोग गुरुयोजना तयारी प्रकृया र चरणहरु

सहभागितात्मक प्रक्रियाको आधारमा गाउँपालिका भित्रको भौगोलिक एवम् प्राकृतिक अवस्था, जलाधार क्षेत्रहरु, विद्यमान एवम् संभावित जलउपयोग, जलस्रोतहरुको उपलब्धता एवम् विभिन्न समुदाय आदिलाई मध्यनजर गरी विभिन्न छलफलसगै सामाजिक र प्राविधिक अध्ययनहरु समन्वयात्मक, सहभागितात्मक, समावेशी एवम् पारदर्शी प्रक्रियाबाट सम्पन्न गरी जलउपयोग गुरुयोजना तयार गरिएको छ। यस जलउपयोग गुरुयोजना तयारी कार्यमा विभिन्न सरोकारवाला कार्यालयहरुका यस अघी गरिएका अध्ययनहरु, संस्थागत विकासका कार्यहरु र क्षमता विकासका क्रियाकलापहरुलाई समेत एकिकृत गरिएको छ।

जलउपयोग गुरुयोजना तयारीमा निम्न अनुसारका पाँचवटा चरण अन्तर्गत १३ वटा खुड्किलामा आधारित भई चार वटा खुड्किलाहरु पार गरि यो योजनाको प्रारुप तयार गरिएको छ।

**तयारी तथा पुर्व योजना तर्जुमा चरण** : जलउपयोग गुरुयोजनाको प्रारम्भिक चरण भित्र गाउँपालिकाको आवश्यकता, उत्सुकता, लगानी प्रतिबद्धता आदिमा आधारित भई गाउँपालिकासँग गुरुयोजना निर्माण र प्राविधिक सहयोगका लागि सम्झौता, परामर्श बैठक र अन्तरक्रिया लगायत आवश्यक जनशक्ति छनौट, संस्थागत

क्षमता विकास तथा गुरुयोजना निर्माणका लागी सहजकर्ताहरुलाई क्षमता विकास लगातयका क्रियाकलापहरु संचालन गरिएका थिए।

तयारी चरणमा युएसएआइडी कर्णाली जल परियोजनाले NWASH र जलउपयोग गुरुयोजना निर्माण (DAI Collect KoBo) सम्बन्धि ३ दिने प्रशिक्षक प्रशिक्षण तालिम आयोजना गरेको थियो। उक्त प्रशिक्षक प्रशिक्षणमा साँझेदार संस्थाहरुबाट तथा गाउँपालिकाको सहभागिता रहेको थियो। सहभागीहरुको विवरण निम्न तालिका अनुसार रहेको छ।

**तालिका न. १ प्रशिक्षक प्रशिक्षणमा सहभागिता विवरण**

| जम्मा सहभागी | लिंग अनुसार | | | जातजाती अनुसार सहभागी विवरण | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | अन्य | ब्राम्हण/ठकुरी/क्षेत्रीसन्यासी/ | दलित | जनजाती | नेवार | मुस्लिम | अन्य |
| ५ | ० | ५ | ० | ४ | १ | ० | ० | ० | ० |

**क्षमता विकास चरण :** जलउपयोग गुरुयोजना तयारीका सम्पुर्ण कार्यहरुको अगुवाई तथा नेतृत्व सबै गाउँपालिकाबाट गर्नुपर्ने भएको हुदा यस चरणमा जलउपयोग गुरुयोजना तयारीका लागि स्थानीय स्तरमा गाउँपालिकासंग समन्वयतात्मक बैठक तथा कार्ययोजना तयारी, बिभिन्न सरोकारवालाहरुको क्षमता विकास गर्ने कार्यहरु गरिएका थिए।

यस चरणमा बिशेष गरि गाउँपालिकास्तरमा जलउपयोग गुरुयोजना सम्बन्धी परामर्श गोष्ठी तथा अभिमुखिकरण, वडा स्तरमा जलउपयोग गुरुयोजना तयारी प्रक्रिया सम्बन्धि परामर्श बैठक र अभिमुखिकरण गोष्ठी, वडा तहमा दलित, महिला तथा पिछडिएका बर्गहरुको लागि क्षमता विकास तालिम, उपजलाधार स्तरीय गुरुयोजना तथ्याङ्क संकलनमा समन्वय र सहयोग गर्न स्वयम् सेवी सहजकर्ता छनोट, बिभिन्न प्राबिधिक समितिहरु गठन तथा अभिमुखिकरण बैठक र अन्तरक्रिया आदि क्रियाकलापहरु संचालन गरिएका थिए साथै यो चरणमा अध्ययन चरणमा सम्पादन गरिने क्रियाकलापहरु सम्बन्धी विस्तृत कार्ययोजना तयार गरिएको थियो।

मोहन्याल गाउँपालिकामा तथ्याङ्क संकलनका लागि परिचालन हुने गणकहरुका लागि NWASH तथा DAI Collect KoBo एप्लिकेशन प्रयोग सम्बन्धि तालिम, वडा तथा गाउँपालिकास्तरमा जनप्रतिनिधिहरु/स्थानीय बुद्दिजिबि, समाजसेवी, गाउँपालिका स्तरमा क्रियाशील राजनीतिक दलका प्रतिनिधिहरु सहितको उपस्थितिमा क्षमता बिकासका विभिन्न क्रियाकलापहरु संचालन गरिएका छन्। जलस्रोतको समतामुलक बाँडफाँड, जलस्रोत सम्बन्धि बिद्यमान कानुनहरुको जानकारीका साथै जलस्रोतहरुमा समान अधिकार र पहुँचका लागि महिला तथा पछाडी पारिएका बर्गका प्रतिनिधिहरुका लागि समेत क्षमता अभिवृद्धि सम्बन्धि २ दिने तालिम संचालन गरिएको थियो। जलउपयोग गुरुयोजना निर्माणको क्रममा यस गाउँपालिकामा संचालन गरिएका क्षमता विकास सम्बन्धि क्रियाकलापहरुका सहभागीहरुको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका न. २ क्षमता बिकास सम्वन्धि तालिमका सहभागीहरुको लैङ्गिक र जातीगत विवरण**

| सम्पन क्रियाकलापहरु | पुरुष | महिला | अन्य | ब्राह्मण/क्षेत्री/ ठकुरी/ सन्यासी | दलित | जनजाती | नेवार | मुस्लिम | अन्य |
|---|---|---|---|---|---|---|---|---|---|
| गणकहरुलाई NWASH र WUMP को तथ्याङ्क संकलन तालिम | १६ | ४ | ० | १७ | २ | १ | ० | ० | ० |
| पालिका स्तरीय समन्वय गोष्ठी | २२ | ६ | ० | १९ | ६ | ३ | ० | ० | ० |
| वडा स्तरीय समन्वय गोष्ठी | १४४ | ५३ | ० | ११८ | ३३ | ४६ | ० | ० | ० |
| लक्षीत बर्गलाई क्षमता विकास तालिम | १८ | १५२ | ० | ५७ | ४१ | ७२ | ० | ० | ० |
| **जम्मा** | **२००** | **२१५** | **०** | **२११** | **८२** | **१२२** | **०** | **०** | **०** |

*स्रोत: जलउपयोग गुरुयोजना, क्षमता विकासका क्रियाकलापहरु, २०७९*

**अध्ययन चरण :** यस चरणमा क्षमता विकास चरणमा तयार गरिएको कार्ययोजनामा आधारित भई उपजलाधार क्षेत्र स्तरीय भेला र बैठकहरुका माध्ययमबाट सामाजिक स्रोत नक्सांकनको कार्य गर्नुका साथै सो क्षेत्रको विद्यमान अवस्था पहिचान गर्नुको लागि गहन रुपले सामाजिक र प्राविधिक अध्ययन गर्ने जस्ता कार्य सम्पादन गरिएका थिए। यस कार्यमा उक्त उपजलाधार क्षेत्र भित्रका सम्पुर्ण टोल तथा वस्तीहरुको घरधुरी सहितको तथ्याङ्क, विद्यमान खानेपानी तथा सरसफाइको तथ्याङ्क, निर्माण सम्पन्न एवं चालु अवस्थामा रहेका जलस्रोतसंग सम्बन्धित सबै क्षेत्रका योजनाहरुको तथ्याङ्क संकलन एवं सञ्चालन अवस्था विश्लेषण, विद्यमान पानीका स्रोतहरुको सूची तयार र क्षमता मापन तथा सम्भावित प्रयोग हुन सक्ने क्षेत्रहरुको पुर्बानुमान एबं पहिचान लगायत सो क्षेत्र भित्रका सम्पुर्ण संघसंस्थाहरुको खानेपानी सरसफाइ तथा स्वच्छताको तथ्याङ्कहरु संकलन गरी निश्चित ढाँचाका फारमहरुमा भरी हरेक क्षेत्रको अवस्था विश्लेषण गर्ने कार्य यस चरणमा गरिएको थियो। वडा भित्रका सम्पुर्ण उपजलाधार क्षेत्रहरुको तथ्याङ्क संकलन पश्चात गुरुयोजनाका तथ्याङ्क संकलन ढाँचाहरुमा तथ्याङ्क प्रविष्टी सहित योजना तर्जुमा चरणको तयारी समेत यस चरणमा स्पादन गरिएको थियो।

मोहन्याल गाउँपालिकामा जलउपयोग गुरुयोजना निर्माणको क्रममा ७ वटै वडामा रहेका १६३ वटै टोल/बस्तिहरुमा वडा प्रतिनिधिहरु लगायत टोलका अधिकतम घरधुरीहरुको सहयोग समन्वयमा सहभागितात्मक बिधि सामाजिक/स्रोत नक्शांकनबाट सामाजिक तथा प्राबिधिक तथ्याङ्कहरु संकलन गरिएको थियो। उक्त संकलित तथ्याङ्क/सुचनाहरुको प्रविष्टि N-WASH/DAI Collect KoBo मा गरिएको छ। संकलित तथ्याङ्कहरुको विवरण संलग्न अनुसूचीहरुमा उल्लेख गरिएको छ।

**योजना तर्जुमा चरण :** यस चरणमा उपजलाधार क्षेत्रहरुको विद्यमान संकलित तथ्याङ्कहरुको आधारमा सबै क्षेत्रलाई विश्लेषण गरी उपजलाधार क्षेत्र स्तरवाट जलस्रोत संग सम्बन्धित सबै (खानेपानी, पूर्ण सरसफाइ, उर्जा, वातावरण र पर्यावरण, संस्थागत विकास, स्थानीय मानव संसाधन विकास एवं आयआर्जन तथा जिविकोपार्जन) क्षेत्रको आवश्यकता पहिचान गरी सबै क्षेत्रका क्षेत्रगत योजनाहरु तर्जुमा गरी वडाका जनप्रतिनिधीहरुको नेतृत्वमा योजनाहरुको वडास्तरीय प्राथमिकिकरण गरिएको थियो। आवश्यकता पहिचान, समुदायको विद्यमान अवस्था, कठिनता विश्लेषण, वास्तविक माग र प्राबिधिक परामर्शलाई समेत आधार बनाई वडा तथा गाउँपालिका तहमा आन्ततिक तथा बाह्य सहयोगको आवश्यकताको निन्यौल सहित योजना तर्जुमा गोष्ठीहरु सम्पन्न गरिएका थिए।


गाउँपालिका स्तरको जलउपयोग गुरुयोजना लगानी नीति तथा योजना तर्जुमा गोष्ठी पश्चात योजना तथा कार्यक्रमहरुको सामाजिक तथा प्राविधिक तथ्याङ्कहरुलाई गुरुयोजनाका तथ्याङ्क संकलन ढाँचाहरुमा तथ्याङ्क प्रविष्टी पश्चात गुरुयोजना बिज्ञहरुबाट प्रमाणीकरण गरी गुरुयोजना बिज्ञहरुको सहजिकरणमा सफ्टवेयरमा इन्ट्री गर्ने, तथ्याङ्कहरुको विश्लेषण गरी गुरुयोजनाको मस्यौदा तयार गर्ने कार्य गरिएको थियो। उक्त मस्यौदा गुरुयोजनालाई अन्तिम स्वीकृतिका लागि सम्बन्धित स्थानीय तहको सभामा पेश गरी सभाको स्वीकृती पछि सोको परिचालन, बजारिकरण तथा कार्यान्वयनका लागि सरोकारवालाहरुसँग बिभिन्न चरणका बैठक र अन्तक्रिया तथा गुरुयोजना तथ्याङ्क र प्रस्तावित योजनाहरुको प्रस्तुति गर्ने कार्यहरु पनि यसै चरणमा सम्पादन गरिएका छन्।
मोहन्याल गाउँपालिकाको जलउपयोग गुरुयोजना निर्माणको क्रममा मिति २०७९ भाद्र १९ गते देखि शुरुवात गरि २०७९ कार्तिक २० गते भित्र वडास्तरिय तथ्याङ्क प्रमाणीकरण र योजना तर्जुमा गोष्ठी ( ३/३ दिन प्रत्येक वडामा) सम्पन्न गरिएको थियो भने गाउँपालिका स्तरिय योजना तर्जुमा गोष्ठी मिति २०७९ मंसीर १९ र २० गते संचालन गरिएको थियो। वडा स्तरिय योजना तर्जुमा गोष्ठीमा वडा प्रतिनिधिहरु, स्थानीयस्तरमा कार्यरत संघ/संस्थाहरु, बुद्धिजिबी, समाजसेवीहरुको उपस्थिति रहेको थियो भने गाउँपालिका स्तरिय योजना तर्जुमा गोष्ठीमा गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, गाउँकार्यपालिकाका सम्पूर्ण सदस्यहरु, गाउँपालिकाका शाखागत प्रतिनिधीहरु लगायत सबै सरोकारवालाहरुको उपस्थिति रहेको थियो। वडा स्तरिय योजना तर्जुमा गोष्ठी तथा गाउँपालिका स्तरिय योजना तर्जुमा गोष्ठीका सहभागीहरुको विवरण संलग्न तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका न. ३ योजना तर्जुमा गोष्ठीका सभागीहरुको विवरण**

| **सम्पन क्रियाकलापहरु** | **पुरुष** | **महिला** | **अन्य** | **ब्राह्मण/क्षेत्री/ ठकुरी/ सन्यासी** | **दलित** | **जनजाती** | **नेवार** | **मुस्लिम** | **अन्य** |
|---|---|---|---|---|---|---|---|---|---|
| वडा स्तरीय योजना तर्जुमा गोष्ठी-७ वडामा | १२२ | ३७ | ० | ८९ | २८ | ४३ | ० | ० | ० |
| गाउँपालिका स्तरीय योजना तर्जुमा गोष्ठी | २८ | ४ | ० | २४ | ५ | ३ | ० | ० | ० |
| **जम्मा** | **१५०** | **४१** | **०** | **११३** | **३३** | **४६** | **०** | **०** | **०** |

**कार्यान्वयन चरण :** यो जलउपयोग गुरुयोजनाको अन्तिम चरण हो जसमा सम्पुर्ण योजनाहरुको कार्यान्वयन, उपलब्धिहरुको मापन एवं समिक्षा जस्ता कार्यहरु सम्पदन गरिने छन। यस चरणमा जलउययोग गुरुयोजनाको प्राथमिकता क्रममा रहेका योजनाहरुको अनुसरण, कार्यान्वयन, स्रोत परिचालन, अनुगमन मूल्यांकन एवं सम्पर्क समन्वयका गतिविधिहरु सञ्चालन गरी जलउपयोग गरुयोजनाको लक्षीत उपलब्धि हासिल गरिनुको साथै समय सापेक्ष गाउँपालिकाले जलउपयोग गुरुयोजनाको कार्यान्वयन स्थितिको समिक्षा गरी आवश्यकता अनुसार गुरुयोजनाको अद्यावधिक गरिने छ।

चित्र- ३ : जलउपयोग गुरुयोजना तयारीका चरणहरु




जलउपयोग गुरुयोजना तयारीका मुख्य चरण तथा खुड्किलाहरु


# अध्याय २ गाउँपालिकाको बस्तुस्थिति विवरण

## २.१ गाउँपालिकाको संक्षिप्त  परिचय

मोहन्याल गाउँपालिका कैलाली जिल्लाको पहाडी क्षेत्रमा अवस्थीत गाउँपालिका हो। स्थानीय तह निर्धारण तथा सिफारिस आयोगको २,०७३ सालको सिफारिसका आधारमा नेपाल सरकारले देशभरी ७५३ र कैलाली जिल्लामा १३ वटा स्थानीय तहहरु घोषणा गर्दा मोहन्याल गाउँपालिका साविकका ३ वटा गाविसहरु मोहन्याल, पण्ड़ौन र सुगरखाल समावेश गरेर ७ वडामा विभाजन गरिएको थियो।

**तालिका न. ४   गाउँपालिकाको भौगोलिक विभाजन**

| वडा नं. | समावेश साविक गा.वि.स.को नाम | समावेश साविक गा.वि.स.का वडाहरु |
|---|---|---|
| १ | सुगरखाल | वडा नं. १ |
| २ | पण्ड़ौन | वडा नं. २, ४, ९ |
| ३ | सुगरखाल | वडा नं. २, ३, ४, ५ |
| ४ | मोहन्याल | वडा नं. ७, ८, ९ |
|  | पण्ड़ौन | वडा नं. १, ३ |
| ५ | मोहन्याल | वडा नं. १,२, ३, ४, ५, ६ |
| ६ | सुगरखाल | वडा नं. ६, ७ |
| ७ | सुगरखाल | वडा नं. ८, ९ |




चित्र नं ४ गाउँपालिको सिमाना नक्शा

## २.२ भौगोलिक अवस्थिति र पहुँच

**भौगोलिक अवस्थिति**:  २८ डिग्री ३८ मिनेट ५७ सेकण्ड देखि २८ डिग्री ३९ मिनेट ३९ "उतरी अक्षांस र ८० डिग्री ४७ मिनेट ४३ सेकण्ड देखि ८१ डिग्री १७ मिनेट १७ सेकण्ड पूर्वी देशान्तर

**सिमाना :** पूर्वमा कर्णाली नदी (सुर्खेत र बर्दिया जिल्ला), पश्चिममा चुरे गाउँपालिका, उत्तरमा डोटी र सुर्खेत जिल्ला र दक्षीणमा गौरीगंगा, लम्किचुहा घोडाघोडी गाउँपालिका र बर्दगोरीया गाउँपालिका रहेको छ भने हाल गाउँकार्यपालिकाको कार्यालय यस गाउँपालिकाको वडा नं. ४ खिमडीमा रहेको छ।

**जिल्ला सदरमुकाम देखी गाउँपालिका सम्मको दुरी** : ११० किलोमिटर

**बाटोको अवस्था :** कच्ची सडक

**स्थानीय बजार :** चायाभावर, बजाडी, फल्लेबिसौना, खिमडी, शान्तीपुर, कटौजे, सोल्टा र कुहिने एम्पीबजार आदि।

**मुख्य नजिकको बजार** : चौमाला, पहलमानपुर, राजीपुर, सुख्खड, लम्की, चिसापानी, बौनिया अदी

**सामाजिक रितिरिवाज र चाड पर्व** :  वडा दशै, तिहार, माघी संक्रान्ति, फागु, विशु संक्रन्ति, चौदशी, जनैपूर्णिमा लगायतका अन्य स्थानीय मेला तथा जात्राहरु आदि रहेका छन्।

**पोशाक** : पुरुषहरुले दौरा, सुरुवाल, कोट, टोपी र महिलाहरुले गुन्यू, चोलो, पोते आदि भेषभुषाका रुपमा लगाउने गर्दछन्।

## २.३ भौगोलिक स्वरुप तथा भू उपयोग स्थिति

यस गाउँपलिकामा वन जंगलको अवस्था राम्रो देखिन्छ। गाउँपालिकाको कुल भू भाग ६२,५२९.८६ हेक्टर मध्ये करिब ५३,००५ हेक्टर अर्थात करिब ८५% हिस्सा वनजंगलले ओगटेको छ। त्यसै गरि ८% भू भाग खेतीयोग्य जमिन र ३% बलौटे जमिन रहेको देखिन्छ भने झाडी क्षेत्रको हिस्सा २% मात्र रहेको तथ्याङ्कले देखिन्छ। बाँकी भाग घाँसे मैदानको अरु बाँझो जमिन, वालुवा क्षेत्र, ताल तलैया र जल क्षेत्र एकदमै कम रहेको देखिन्छ।


गाउँपालिकाको भु-उपयोगको अवस्था तालिका नं. ५ मा प्रस्तुत गरिएको छ।

**तालिका न. ५ भौगोलिक स्वरुप तथा भू उपयोग स्थिति**

| किसिम | वडा अनुसारको क्षेत्रफल (हेक्टर) | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | |
| बाँझो जमिन | ० | ० | १ | ० | ० | १२ | ३ | १६ |
| झाडी | ८ | ११६ | २८० | १९९ | ३१२ | ६४ | १०५ | १०८४ |
| चट्टान | २६ | १ | ४० | ० | १६ | ० | ० | ८४ |
| खेतियोग्य जमिन | १७३ | ९३३ | ११११९ | ८०९ | ९८० | ६६८ | ५९७ | ५२७९ |
| वनजंगल | ३७८४ | ७४९८ | १६३५७ | ७४२९ | ९१२८ | ३४०६ | ५४०३ | ५३००५ |
| घाँसेमैदान | ० | २७ | २७७ | २१ | २३ | १११ | ५४ | ५१३ |
| तालतलैया | ११ | २८ | ४८ | २५ | ३१ | ११ | १५ | १७० |
| बलौटे जमिन | १७५ | २३४ | ७०९ | २०३ | २७० | १९४ | २६७ | २०५२ |
| जलक्षेत्र | ३० | ४६ | २४६ | २९ | ३५ | २५ | ८५ | ४९६ |
| **जम्मा** | **४१९६** | **८८५६** | **१९०३१** | **८६९०** | **१०७६४** | **४४८१** | **६५१३** | **६२५३०** |
| % | ७% | १४% | ३०% | १४% | १७% | ७% | १०% | |

**स्रोत: मोहन्याल गाउँपालिका जलउपयोग गुरुयोजना प्रतिबेदन २०७६**

## चित्र नं ६ भौगोलिक स्वरुप तथा भू उपयोग स्थिति नक्शा




## २.४ प्रमुख जलाधार तथा उप जलाधार क्षेत्रहरुको विवरण

**तालिका नं. ६  प्रमुख जलाधार तथा उपजलाधार क्षेत्रहरु**

| वडा नं. | प्रमुख जलाधार क्षेत्र | उप प्रमुख जलाधार क्षेत्र | बस्तीहरु |
|---|---|---|---|
| १ | तल्लो कर्णाली | चायाभावर | जाडेपानि, कसेरी कुन्टा, बिचको बडिका थाई, बस्नतगडा, माथिलो बडिका थाई, चम्पा पुर, खालिगडा, गैरिलेक, चायाँ भाबर, ताल्ला पानी |
| | | चोसेकाडा | जामुना पानी, टियुले, चोसेकाडा, लछुमल्ल, बुकुण्डे, |
| | | राक्सा | राक्सा, मजिरा, पाया, ढल्ले |
| २ | तल्लो कर्णाली | कुन्टापानी | काप्रा, दाइजेगडा, गानिगाउँ, पानीगाउँ, |
| | | पण्डौन | राताखाली, चिरकटे, तल्लो चिरकटे, बिचटोल, नाराङ्गे, पण्डौन, बजाडि, पाल्लोगाडे |
| | | कोल्तडि | सिरुवारि, खटेरुवा, नावली, चिसिल्ले ,चिलिमचोर नयाँ वन, लेतेखाली, कोल्तडी, भाल्छडा |
| ३ | तल्लो कर्णाली | वडा कार्यालय क्षेत्र | फलेबिसौना, पथरगढ, बुढी आमा |
| | | सल्लेरी | सुगरखाल्, सल्लेरी, मुलेगाडा |
| | | साबा | भत्कुडी, साबा, मुल्लो रैनिकोट, मुलेगाडा, रैनिकोट |
| ४ | तल्लो कर्णाली | रज्मा | ठुलो नावली, रज्मा, |
| | | शान्तिपुर | शान्तिपुर, सल्लीखर्क,  खुलेआम  खोला, पानी खोला |
| | | खल्लुबललु | खल्लुबललु , सिम,  पलाने, कृपस्थली, लेवबास कठिउर,  खनिया ताल |
| ५ | तल्लो कर्णाली | साल्घारी | ओखलढुंगा ,गेदरे रजेगडा डुप्के |
| | | कटौजे | राताखाली,  कटौजे , जिमिटे,  फलाटे,  घोडा दाउने,  पाल्सा,  तल्लो पल्सा, जिलैटे,  धनाडी,  सिकारी,  बास |
| | | तल्लो धमकोट | आमबास, स्याप खर्क, साल्घारी, गजिन्रे, चौकुने, न्यैलाड, जरेपानी, धव्रेनी, तिमलाखाली, सिम, गैरिखेत, सिमलबास, खनियताल, सुपली, बड्पानी, मैतोडी, बिर्खेत, गैरिखेत, पटे्नि, रङगेछडा, तल्लो धमकोट, कुन्गडा, मल्लो धामकोट |
| ६ | तल्लो कर्णाली | वडा कार्यालय क्षेत्र | बटाला, राजी, पुर्व सोल्टा, पनेरी सोल्टा, बजार, बागेरवा, सुनपालेगाउँ, भुलवाडा, शाहीटोल |
| | | पालबजार | जुम्लीवाडा, अजिगरे, टिउले, भातेकोट, भुलेगडा, सेतीखोर |
| | | सुगरखाल | सुगरखाल, आमगैरा, बाधैगौजा, माइथान, ठुलागडा, |
| ७ | तल्लो कर्णाली | कर्णाली छाल | बडिगाउ, पितमारी, बाका, कचाली, कुइने, करुवा |
| | | ज्यामिरे | कसेनी क, तोडेगडा, साझाथाई, कसेनि ख, ज्यामिरे |
| | | डाडँ | तल्ला पानी, खैरेनी, चिलेत्रा, ओढेकोट, नौलाकोट, बाँसगडी, सिरुगडा, जुटेसुली, जिरापानी, मालचना, राजकाँडा, धुलीकोट, पानीखोला, बुकाखोला, बादेखोला, फर्साथाई, सातबसेरी, ओखरेकोट, बजार |

चित्र नं ७ प्रमुख जलाधार तथा उपजलाधार क्षेत्रहरु



## २.५ गाउँपालिकाको सामाजिक तथा आर्थिक विवरण

### २.५.१ घरधुरी तथा जनसख्या

गाउँपालिकाको जलउपयोग गुरुयोजना अद्यावधि गर्ने प्रकृयाका लागि गरिएको सर्वेक्षण गरि संकलन गरिएको तथ्यांकहरुलाई विश्लेषण गर्दा यस गाउँपालिकामा जम्मा १६३ वटा मुख्य बस्तीहरु भएको देखिन्छ। यस गाउँपालिकाको कुल घरधुरीसंख्या ५,०३० रहेको छ भने जम्मा २४,०४४ जनसख्या रहेको छ। कुल घरधुरी मध्ये ४५.५ प्रतिशत ब्राह्मण/क्षेत्री/सन्यासीका घरधुरीहरु, ३४.२ प्रतिशत जनजातीका घरधुरीहरु, ०.१७ प्रतिशत घरधुरी नेवार र २०.१३ प्रतिशत दलितहरु रहेका छन्। विस्तृत विवरण तालिका नं. ७ र ८  मा प्रस्तुत गरीएको छ।

**तालिका नं. ७  घरधुरी तथा जनसंख्या सम्बन्धि विवरण**

| वडा नं. | बस्ति संख्या | संकलित तथ्याङ्क अनुसार जम्मा घरधुरी | जनसंख्या |
|---|---|---|---|
| १ | १९ | ४७५ | २२७० |
| २ | २५ | ७२० | ३४४२ |
| ३ | १२ | १२७५ | ६०९४ |
| ४ | १५ | ५१८ | २४७६ |
| ५ | ३४ | ५८९ | २८१६ |
| ६ | २९ | ४९५ | २३६७ |
| ७ | २९ | ९५८ | ४५७९ |
| **जम्मा** | **१६३** | **५०३०** | **२४०४४** |

स्रोत: गाउँपालिका गुरुयोजना तयारी सर्वेक्षण २०७९

### २.५.२ जातियता

**तालिका नं ८  जातिगत आधारमा विवरण**

| वडा नं. | जम्मा घरधुरी | | | | | | | जनसंख्या | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | ब्राह्मण/क्षेत्रि/सन्यासी | जनजाति | नेवार | दलित | मुस्लिम | अन्य | जम्मा | महिला | पुरुष | जम्मा |
| १ | १०५ | २६७ | ० | १०३ | ० | ० | ४७५ | ११८६ | १०८४ | २२७० |
| २ | २८५ | ३४२ | ० | ९३ | ० | ० | ७२० | १८१८ | १६२४ | ३४४२ |
| ३ | ७०० | २९२ | ० | २८३ | ० | ० | १२७५ | ३१८४ | २९१० | ६०९४ |
| ४ | २६१ | २०३ | ० | ५४ | ० | ० | ५१८ | १३१२ | ११६४ | २४७६ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ५ | ७५ | ४२९ | ० | ८५ | ० | ० | ५८९ | १५०४ | १३१२ | २८१६ |
| ६ | २८४ | ८१ | ९ | १२१ | ० | ० | ४९५ | १२६२ | ११०५ | २३६७ |
| ७ | ५७७ | १०७ | ० | २७४ | ० | ० | ९५८ | २३९६ | २१८३ | ४५७९ |
| **जम्मा** | **२२८७** | **१७२१** | **९** | **१०१३** | **०** | **०** | **५०३०** | **१२६६२** | **११३८२** | **२४०४४** |
| **%** | ४५.५% | ३४.२% | ०.१७% | २०.१३% | ०% | ०% | | ५३% | ४७% | |

स्रोत: गाउँपालिका गुरुयोजना तयारी सर्वेक्षण २०७९

### २.५.४ व्यवसाय

यस गाउँपालिकामा जम्मा ५,०३० घरधुरी मध्ये ३,९४८ घरधुरीले कृषि, २९५ घरधुरी व्यापार, १२३ घरधुरी नोकरी, १ घरधुरी लघुउधोग र ६२७ घरधुरी अन्य कार्य गरेको पाइन्छ। यस गाउँपालिकाको व्यवसायको स्थिति हेर्दा अधिकांस मानिसहरु कृषिमा आधारित भएको पाइन्छ।

**तालिका नं. ९ व्यवसाय सम्बन्धि विवरण**

| वडा नं. | व्यवसाय सम्बन्धि विवरण | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | कृषि | लघु उद्यम | व्यापार | नोकरी | | अन्य | |
| | | | | सरकारी | गैर सरकारी | | |
| १ | ४०५ | ० | २२ | ७ | ० | ४१ | ४७५ |
| २ | ५६३ | ० | २५ | २२ | ० | ११० | ७२० |
| ३ | ९६५ | ० | १५ | १८ | ० | २७७ | १,२७५ |
| ४ | ४५० | ० | २० | २० | ० | २८ | ५१८ |
| ५ | ५३० | १ | २३ | १० | ० | २५ | ५८९ |
| ६ | ३३१ | ० | ८५ | २५ | ० | ५४ | ४९५ |
| ७ | ७४० | ० | १०५ | २१ | ० | ९२ | ९५८ |
| **जम्मा** | **३,९८४** | **१** | **२९५** | **१२३** | **०** | **६२७** | **५,०३०** |

स्रोत: गाउँपालिका गुरुयोजना तयारी सर्वेक्षण २०७९


### २.५.५ कृषि र जिविकोपार्जन

यस गाउँपालिकाको धेरै जसो भूभाग पहाडी क्षेत्र भित्र पर्ने भएकाले त्यति उर्वरशील छैन। यस गाउँपालिकाका मानिसहरुको जीवन निर्वाह गर्ने मुख्य माध्यम कृषि र पशुपालन हो। खासगरी खोला छेउछाउ बेसीहरुमा धान र गाहुँ खेती गरिन्छ भने भिरालो जमिनमा गहुँ र मकै खेती गरेको पाइन्छ। खाद्यवालीका लागि उर्वरशील माटो नहुनु, सिचाइको सुविधा नहुनु आदि जस्ता करणले गर्दा यो गाउँपालिका खाद्य सङकटको मारमा परिरहेको छ। वनजङ्गल पर्याप्त मात्रामा रहेकोले धेरै जसो मानिसहरुले बाख्रापालन व्यवसायवाट नै अम्दानी गरेको देखिन्छ । पहाडी भूभागमा सुन्तला, अमिलो, आलु, खुर्सानी ,क्राक्रा, चिचिन्डा जस्ता फलफुल उत्पादन गर्ने गरेका छन भने समतल र बेसीमा आफ, केरा, काउली, बन्दा, टमाटर खेतीबाट यहाका मानिसहरुले राम्रो आम्दानी गरेको पाइछ। त्यसै गरी व्यवसायिक

तरकारी खेती बाट पनि आम्दानी गरेको देखिन्छ । सालै भरि खाना पुग्ने गरी खाद्य वस्तुहरु उत्पादन हुन सकेको छैन। प्रायःजसो खाद्य, दलहन, तेलहन वस्तुहरु तराई क्षेत्रवाट आयात गरिन्छ भने ब्यवसायिक तरकारी खेति, पशुपालन र फलफूल खेतीको राम्रो सम्भावना देखिन्छ ।

### २.५.६ मौसमी पात्रो

यस गाउँपालिकामा आगामी दिनहरुमा समुदायमा आधारित विकासका क्रियाकलापहरु सञ्चालन गर्न समुदायका मानिसहरुको कार्यव्यस्तताको समय जान्न आवश्यक छ। ग्रामीण समुदायका बहुसंख्यक मानिसहरु कृषी व्यवसाय, मौसमी रुपमा रोजगारीका लागी देश भित्र र बाहिर जाने भएकाले भविष्यमा निर्माण गरिने पूर्वाधार विकास लगायत अन्य गतिबिधीहरु संचालन गर्न समुदायको कार्ययोजना र समयसारणीलाई बुझ्नु अत्यन्तै जरुरी हुन जान्छ। जलउपयोग गुरुयोजना सर्वेक्षणका क्रममा गरिएका लक्षीत समुह भेटघाट तथा अन्तरक्रियाका आधारमा गाउँपालिकामा समुदायको महिना अनुसारको मौसमी पात्रो तयार पारिएको छ। गाउँपालिकामा महिला र पुरुषको व्यस्त हुने समयको को मौसमी पात्रो चित्र नं. ८ मा प्रस्तुत गरिएको छ।




चित्र नं ८ गाउँपालिका भित्र समुदायहरुको मौसमी पात्रो

### २.५.७ मानव संसाधन विश्लेषण


कुनै पनि विकास निर्माणका क्रियाकलापहरुलाई गुणस्तरीय र दिगो रुपमा सञ्चालन गर्न स्थानीय स्तरमा सिप भएका दक्ष जनशक्ति हुन अति नै आवश्यक हुन जान्छ। यस गाउँपालिकामा उपलब्ध मानव संसाधनहरुको वडागत विवरण तलको तालिका नं. १० मा प्रस्तुत गरिएको छ।

**तालिका नं १० मानव संसाधन सम्बन्धि विवरण**

| मानव संसाधन | वडागत रुपमा जम्मा उपलब्ध मानव संसाधन | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | वडा नं. १ | वडा नं. २ | वडा नं. ३ | वडा नं. ४ | वडा नं. ५ | वडा नं. ६ | वडा नं. ७ | |
| दक्ष मिस्त्री | २२ | ७५ | १५५ | ७० | ५० | ५० | ८१ | **५०३** |
| मर्मत सम्भार कार्यकर्ता | ५ | ७ | ५ | ३ | ९ | ७ | २० | **५६** |
| काठको काम गर्ने मिस्त्री | १० | १९० | ३५० | १७५ | २९ | १५ | ६० | **८२९** |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| विद्युत प्राविधिक | २ | ५ | ५५ | ३ | २२ | १० | १५ | **११२** |
| जलस्रोत प्राविधिक | २ | ० | ४ | ० | ० | १६ | १४ | **३६** |
| महिला स्वास्थ्य स्वयम सेविका | २ | १४ | १२ | ८ | ११ | १८ | २५ | **९०** |
| पशुसेवा प्राविधिक | १ | ३ | ४ | १० | २ | ५ | १२ | **३७** |
| कृषि प्राविधिक | १ | ५ | ६ | ७ | २ | ४ | १० | **३५** |
| वन प्राविधिक | ० | २ | ० | ० | ० | ० | ९ | **११** |
| प्राविधिक | ० | १ | ५ | २ | १ | १० | ० | **१९** |
| **जम्मा** | **४५** | **३०२** | **५९६** | **२७८** | **१२६** | **१३५** | **२४६** | **१७२८** |

स्रोत: गाउँपालिका गुरुयोजना तयारी सर्वेक्षण २०७९




चित्र नं.९ गाउँपालिकाको मानव संसाधनको अवस्था

### २.५.८ स्थानीय निर्माण सामग्री उपलब्धता

यस गाउँपालिकामा स्थानीय स्रोत तथा निर्माण सामग्रीहरुको प्रयाप्तता रहेको छ। ढुङ्गा, बालुवा, काठ, गिट्टी र बाँस जस्ता स्थानीय निर्माण सामाग्रीहरु वडा क्षेत्र भित्र नै उपलब्ध छन्। गाउँपालिकामा उपलब्ध स्थानीय निर्माण सामग्री विवरण तालिका नं. ११ मा प्रस्तुत गरिएको छ।

**तालिका नं. ११ स्थानीय निर्माण सामग्री**

| वडा नं. | ढुङ्गा, बालुवा, गिट्टी उपलब्ध हुने खोलाहरु | खोला देखि वडा केन्द्र सम्मको दुरी | कैफियत |
|---|---|---|---|
| १ | बरपानी, भलका पानी , झाझरी , कालीखोला पानी , सिसराखोला | १ कि.मि | |
| २ | कर्णाली नदी ठुलीगाड झाप्रीखोला | ५ कि.मि | |
| ३ | खरपानी खोला, सेतो खोला, खन्टे खोला | २ कि.मि | |
| ४ | खुबजय पानी, अधेरी खोला | ३ कि.मि | |
| ५ | कटैजे खोला,ठुलिगाड , सालघारी खोला | ६ कि.मि | |
| ६ | कर्णाली नदि ,बेटाखोला,टिउलि खोला | १ कि.मि | |
| ७ | बादे खोला , पिकमारी खोला, साघुरे खोला, टिउले खोला | २ कि.मि | |

स्रोत: गाउँपालिका स्तरिय गुरुयोजना तर्जुमा बैठक छलफल

## २.६ सेवा केन्द्रहरु सम्बन्धि विवरण

मोहन्याल गाउँपालिका केन्द्र पुर्व पश्चिम सडक केन्द्रबाट करिव ६० कि.मि. दुरीमा वडा नं. ४ को खिमडिमा अवस्थित छ। गाउँपालिकाका सेवाकेन्द्रहरुको विवरण तालिका नं. १२ मा प्रस्तुत गरिएको छ।

**तालिका नं. १२ सेवा केन्द्रहरु**

| क्र स | सेवा केन्द्रको नाम | कार्यालय स्थान वडा र स्थान |
|---|---|---|
| १ | मोहन्याल गाउँपालिका | वडा न ४ खिमडी |
| २ | सिटिजन बैक | वडा न ४ खिमडी |
| ३ | खिमडी प्रहरी चौकी | वडा न ४ खिमडी |
| ४ | सोल्टा प्रहरी चौकी | वडा न ६ सोल्टा |
| ५ | वडा कार्यालय | वडा न १ चायाभावर |
| ६ | वडा कार्यालय | वडा न २ पण्डौन |
| ७ | वडा कार्यालय | वडा न ३ फलेबिसैना |
| ८ | वडा कार्यालय | वडा न ४ खलुवलु |
| ९ | वडा कार्यालय | वडा न ५ कटौजे |
| १० | वडा कार्यालय | वडा न ६ सोल्टा |
| ११ | वडा कार्यालय | वडा न ७ कारुवा |
| १२ | चायाभावर आधारभुत स्वास्थ्य सस्था | वडा न १ चायाभावर |
| १३ | सामुदायिक स्वास्थ्य सस्था | वडा न २ पौण्डन |
| १४ | सुगरखाल हेल्थपोष्ट | वडा न ३ सुगरखाल |
| १५ | फलेबिसैना सामुदायिक स्वास्थ्य सस्था | वडा न ३ फलेबिसैना |
| १६ | खिमडी हेल्थपोष्ट | वडा न ४ खिमडी |
| १७ | मोहन्याल हेल्थपोष्ट | वडा न ५ कटौजे |
| १८ | कोल्तडी हेल्थपोष्ट | वडा न २ कोल्तडी |
| १९ | सोल्टा आधारभुत स्वास्थ्य सस्था | वडा न ६ सोल्टा |
| २० | कारुवा आधारभुत स्वास्थ्य सस्था | वडा न ७ कारुवा |
| २१ | हुलाक सेवा | वडा न ५ कटौजे |
| २२ | हुलाक सेवा | वडा न ६ सोल्टा |
| २३ | मोहन्याल मा.वि बडिकाथाई कैलाली | वडा न १ बडिकाथाई |
| २४ | मोहन्याल माध्मिक विद्यालय बडिकाथाई कैलाली | वडा न १ बडिकाथाई |
| २५ | शिव कल्याणकारी प्रा वि पाया कैलाली | वडा न १ पाया |
| २६ | कालिका आधारभुत विद्यालय राक्सा कैलाली | वडा न १ राक्सा |

| | | |
|---|---|---|
| २७ | रास्ट्रिय आधारभुत विधालय कैलाली | वडा न १ चोसेकाडा |
| २८ | सरस्वति बाल विकास केन्द्र कैलाली | वडा न १ बसन्तगडा |
| २९ | शिव ज्योति बाल बिकास केन्द्र कैलाली | वडा न १ लक्ष्मुमल्ल |
| ३० | भिर्कुटी बाल विकास केन्द्र कैलाली | वडा न १ तल्लापानी |
| ३१ | कोपिला बाल विकास केन्द्र कैलाली | वडा न १ चोसेरीकुण्टा |
| ३२ | महेन्द्र माध्यमिक विद्यालय कोल्तडी कैलाली | वडा न २ कोल्तडी |
| ३३ | सुनपाल प्राथमिक विद्यालय कैलाली | वडा न २ सुनपाल |
| ३४ | मालिका आधारभुत विद्यालय कैलाली | वडा न २नावली |
| ३५ | कालिका आधारभुत विद्यालय चिरकट्टे कैलाली | वडा न २ चिरकट्टे |
| ३६ | भिर्कुटी  प्राथमिक विद्यालय पण्डौन कैलाली | वडा न २ पण्डौन |
| ३७ | घोडालङगे आधारभुत विद्यालय कैलाली | वडा न २ दाईजेगडा |
| ३८ | कर्णाली आधारभुत विद्यालय कैलाली | वडा न २ पिपलसैनी |
| ३९ | एन सि इङलिस बोर्डिङ कैलाली | वडा न ३ फलेबिसौना |
| ४० | कर्णाली आधारभुत विद्यालय कैलाली | वडा न ३ रागामलेखा |
| ४१ | दीपेन्द्र आधारभुत विद्यालय कैलाली | वडा न ३ भलुरी |
| ४२ | देउरालि बल बिकास केन्द्र कैलाली | वडा न ३ पथरगढ |
| ४३ | देउरालि बाल शिशु विद्यालय पथरगढ कैलाली | वडा न ३ पथरगढ |
| ४४ | नवदुगा आधारभुत विद्यालय ताम्चा कैलाली | वडा न ३ ताम्चा |
| ४५ | नावली राष्टिय आधारभुत विद्यालय कैलाली | वडा न ३ नावली |
| ४६ | रास्ट्रिय आधारभुत विद्यालय कैलाली | वडा न ३ सल्लेरी |
| ४७ | लालिगुरास आधारभुत विद्यालय कैलाली | वडा न ३ मुलेकाडा |
| ४८ | लालिगुंरास बाल विकास केन्द्र कैलाली | वडा न ३ मुलेकाडा |
| ४९ | शान्ति माध्यमिक विद्यालय फलेविसौना कैलाली | वडा न ३ फलेविसौना |
| ५० | सुनपाल आधारभुत विद्यालय साबा कैलाली | वडा न ३ साबा |
| ५१ | भृकुटी माध्यमिक विद्यालय  कैलाली | वडा न ४ खिमडी |
| ५२ | मोहन्याल आधारभुत विद्यालय कैलाली | वडा न ४ खलुबलु |
| ५३ | राष्ट्रिय  आधारभुत विद्यालय रज्मा कैलाली | वडा न ४ रज्मा |
| ५४ | गगन आधारभुत विद्यालय कैलाली | वडा न ४ बडीखर्क |
| ५५ | मोहन्याल आधारभुत विद्यालय कैलाली | वडा न ४ पट्टेनी |
| ५६ | आदर्श बाल विकाश केन्द्र कैलाली | वडा न ४ कठिउर |

| | | |
|---|---|---|
| ५७ | कालिका बाल विकास केन्द्र कैलाली | वडा न ४ ओखलढुंगा |
| ५८ | राष्ट्रिय माध्यमिक विद्यालय श्रीपुर पाल्सा कैलाली | वडा न ५ पाल्सा |
| ५९ | सरस्वती  आधारभुत विद्यालय राताखाली कैलाली | वडा न ५ राताखाली |
| ६० | अरुणोदय आधारभुत विद्यालय मालिका कैलाली | वडा न ५ मालिका |
| ६१ | जनजागृती प्राथमिक बिद्यालय पाल्सा कैलाली | वडा न ५ पाल्सा |
| ६२ | नव बिहानी प्राथमिक विद्यालय सालघारी कैलाली | वडा न ५ सालघारी |
| ६३ | बिन्ध्याचल आधारभुत विद्यालय कैलाली | वडा न ५ न्यौलाड |
| ६४ | सुनपाल आधारभुत विद्यालय विर्खेत कैलाली | वडा न ५ विर्खेत |
| ६५ | मोहन्याल राष्टिय आधारभुत विद्यालय कटौजे कैलाली | वडा न ५ कटौजे |
| ६६ | धमकोट आधारभुत विद्यालय कैलाली | वडा न ५ धमकोट |
| ६७ | जन ज्योति बाल बिकास केद्र मैतोडी कैलाली | वडा न ५ मैतोडी |
| ६८ | जना बिहानी बाल विकास कैलाली | वडा न ५ चौकुने |
| ६९ | जन्जोती बाल शिक्षा मैतडी कैलाली | वडा न ५ मैतोडी |
| ७० | सरस्वती बाल विकास केन्द्र सुपलि कैलाली | वडा न ५ सुपलि |
| ७१ | श्री राष्ट्रिय मा बि सोल्टा कैलाली | वडा न ६ सोल्टा |
| ७२ | चिउरेली माला आधारभुत बिदयालय कैलाली | वडा न ६ आमगैरा |
| ७३ | जनता आधारभुत विद्यालय कैलाली | वडा न ६ बागेरवा |
| ७४ | त्रिबेणी  माध्यमिक विद्यालय कैलाली | वडा न ७ बढीगाउ |
| ७५ | भैरव आधारभुत विद्यालय नौलाकोट कैलाली | वडा न ७ नौलाकोट |
| ७६ | अरनिको आधारभुत विद्यालय कुइने कैलाली | वडा न ७ कुइने |
| ७७ | जनजागृति आधारभुत विद्यालय ज्यामिरे कैलाली | वडा न ७ ज्यामिरे |
| ७८ | मस्टावण्डाली आधारभुत विद्यालय ओखडेकोट कैलाली | वडा न ७ ओखडेकोट |
| ७९ | कचालि शिक्षा सदन  आधारभुत विद्यालय कैलाली | वडा न ७ कचालि |
| ८० | पासाङ प्र्थमिक विद्यालय कसेनी कैलाली | वडा न ७ कसेनी |
| ८१ | करुवा बाल विकास कैलाली | वडा न ७ कारुवा |

स्रोत: गाउँपालिका गुरुयोजना तयारी सर्वेक्षण २०७९

## २.७ विकास साझेदारहरु, गैर सरकारी संस्थाहरु, समुदायमा आधारित संस्थाहरु तथा सहकारी सम्बन्धि विवरण

मोहन्याल गाउँपालिकामा रहेका विकास साझेदार, गैर सरकारी संस्था तथा समुदायमा आधारित संस्थाहरुको विवरण तालिका १३ र १४ मा उल्लेख गरिएको छ।

**तालिका नं. १३  सहकारीको संस्थाहरुको विवरण**

| क्र.स. | सहकारीको नाम | कार्यालय स्थान वडा र स्थान | कार्यक्षेत्र र किसिम | कैफियत |
|---|---|---|---|---|
| १ | पण्डौन कृषि सहकारी संस्था | वडा कार्यालय वडा न २ | बचत तथा ऋण | |
| २ | सुगरखाल सौर्य बिधुत सहाकारी संस्था लि | सोल्टा बजार वडा न ६ | बचत तथा ऋण | |
| ३ | नव बिहानि कृषि सहकारी | वडा नं २ | बचत तथा ऋण | |
| ४ | श्री परिवर्तन कृषि सहकारी सस्था लि मि | वडा नं ५ | बचत तथा ऋण | |
| ५ | मोहन्याल सहकारी संस्था | शान्तिपुर वडा न ४ | बचत तथा ऋण | |
| ६ | उद्यमशिल बहुउद्देश्यीय सहकारी संस्था लि | सोल्टा बजार वडा न ६ | वहुउद्देशिय | |

स्रोत: गाउँपालिका गुरुयोजना तयारी सर्वेक्षण २०७९

**तालिका नं. १४  विकास साझेदार गैर सरकारी संस्थाहरु**

| क्र.स. | परियोजना/संस्थाको नाम | किसिम | कार्यक्षेत्र | सम्पर्क |
|---|---|---|---|---|
| १ | कर्णाली जल परियोजना | गैर सरकारी संस्था | मोहन्याल गाउँपालिका | ०९७६२०२१८ |
| २ | ग्रामीण विकास केन्द्र (रुडेक)–नेपाल | गैर सरकारी संस्था | मोहन्याल गाउँपालिका | ०९७६२०२१८ |
| ३ | सिड नेपाल | गैर सरकारी संस्था | मोहन्याल गाउँपालिका | ९८४८७३५३०४ |
| ४ | निड्स नेपाल | गैर सरकारी संस्था | मोहन्याल गाउँपालिका | ९८४८४३१९६८ |

स्रोत: गाउँपालिका गुरुयोजना तयारी सर्वेक्षण २०७९

# अध्याय ३ विद्यमान जलस्रोतहरुको अवस्था र प्रयोग

## ३.१ जलस्रोतहरुको विवरण

जलउपयोग गुरुयोजनाको सर्वेक्षण चरणमा  पानीका स्रोतहरुहरुको सर्वेक्षण तथा यस पूर्व सर्वेक्षण भएका स्रोतहरुको समुदाय तथा वडा तहमा प्रमाणीकरण गरिएको थियो । जलस्रोत व्यवस्थापन कुर्सिले औल्याएका चार वटा क्षेत्रका आधारमा पानी सम्वन्धित योजनाहरु तर्जुमा गर्दा समुदायहरुमा पानीको वितरणको सम्भावना के कस्तो छ भनि बिश्लेषण गर्न स्रोतहरुको सर्वेक्षण अति नै महत्वपुर्ण छ । गुरुयोजनाको यो चरणमा स्रोतहरुमा समुदायको माग अनुसार पानीको मात्रा यथेष्ट उपलब्ध छ वा छैन, गुणस्तर के कस्तो रहेको छ, पानीका स्रोतहरुको अवस्थिति वस्तीहरुको तुलनामा माथी वा तल कता छ, जलस्रोतहरुको विद्यमान प्रयोग स्थिति र भविष्यको उपयोगको संभावना के कस्तो रहेको छ, मुहानहरुमा विबाद छ छैन आदी बारेमा समुदाय तथा स्रोतको अवलोकन, भेटघाट र अन्तक्रिया मार्फत सर्वेक्षण गरि आवश्यक तथ्याङ्क संकलन गरिन्छ।

यस गाउँपालिकामा कर्णाली जल परियोजनाले गुरुयोजना निर्माण पूर्ब गरेको पानीका स्रोतहरुको सर्वेक्षणबाट प्राप्त तथ्याङ्कहरुको प्रमाणीकरण गर्नुका साथै मापन छुट भएका स्रोतहरुको सुची तयार गरि भविष्यमा स्रोतहरुको उपयोगका बारेमा वडा तथा गाउँपालिका स्तरमा छलफल गरिएको थियो।

मोहन्याल गाउँपालिकामा मापन गरिएका ३१२ वटा पानीका स्रोतहरुको विस्तृत विश्लेषण यो अध्यायमा गरिएको छ। ३१२ वटा स्रोतहरु मध्ये ३०२ वटा मुल, १ वटा स्प्रिङ फिड स्टिम वडा नं. ५ मा (मौसमी खोला) र बाँकि ९ वटा खोलाहरु रहेका छन् । गाउँपालिकामा मापन गरिएका र सुची तयार गरिएका पानीका स्रोतहरुको बिस्तृत विवरण अनुसुचीहरु  TA-1, TA-1 (A) मा राखिएको छ।


गाउँपालिकामा मापन गरिएका स्रोतहरुको सारांस तालिका नं. १५ मा उल्लेख गरिएको छ।

**तालिका नं. १५   जलस्रोतहरुको विवरण**

| **स्रोतका प्रकारहरु** | **स्रोत संख्या (वडागत)** | | | | | | | **जम्मा संख्या** |
|---|---|---|---|---|---|---|---|---|
| | **१** | **२** | **३** | **४** | **५** | **६** | **७** | |
| खोला/नदी | - | ५ | - | १ | ४ | - | - | १० |
| मुल | ३२ | २३ | ८३ | ३१ | ८४ | १३ | ३६ | ३०२ |
| जम्मा | **३२** | **२८** | **८३** | **३२** | **८८** | **१३** | **३६** | **३१२** |


स्रोत: गाउँपालिका गुरुयोजना तयारी सर्वेक्षण २०७९ (मापन गरिएका स्रोत संख्या ३१२)

चित्र नं १० जलस्रोतहरुको विवरण



## ३.२ जलस्रोतहरुको विश्लेषण


### ३.२.१ अवस्थितिका आधारमा जलस्रोतहरुको विश्लेषण




चित्र नं ११ अवस्थितिका आधारमा पानीका स्रोतहरु

मोहन्याल गाउँपालिका भित्र मापन गरिएका ३१२ स्रोतहरु मध्ये उचाइका आधारमा करिव ९७ वटा स्रोतहरु ५०० मिटर भन्दा कम उचाइमा अवस्थित छन् भने बाँकि २१५ स्रोतहरु ५०० मिटर देखि १,५०० मिटरसम्मको उचाइमा अवस्थित रहेका छन् ।

### ३.२.२ क्षमताका आधारमा जलस्रोतहरुको विश्लेषण




चित्र नं १२ क्षमताका आधारमा पानीका स्रोतहरु

पानीको परिमाणको हिसाबले मापन गरिएका ३१२ स्रोतहरु मध्ये २१६ वटा स्रोतहरुमामा पानीको बहाव ०.१ लिटर प्रति सेकेन्ड वा सो भन्दा कम रहेको छ, ७३ वटा स्रोतहरुमा मूलहरुमा ०.१ देखी ०.५ सम्म प्रति सेकेन्ड, ८ मूलहरुमा ०.५ देखी १ लिटर प्रति सेकेन्ड सम्म रहेको छ भने बाँकी १५ मूलहरुमा मात्र पानीको बहाव १ लिटर प्रति सेकेन्ड वा सो भन्दा बढी रहेको छ।


मापन गरिएको स्रोतहरुमा ०.००१६७ देखि १८ लि.प्र.से. वहाव रहेका छन् ।

स्रोतहरुको विस्तृत विवरण अनुसुचीमा प्रस्तुत गरिएको छ।

### ३.२.३ गुणस्तरका आधारमा जलस्रोतहरुको विश्लेषण

मापन गरिएका स्रोतहरुलाई जलउपयोग गुरुयोजनाको सर्वेक्षण चरणमा समुदाय भेटघाट अन्तक्रियाका आधारमा र २०७२ सालमा तयार गरिएको जलउपयोग गरुयोजनाको तथ्याङ्कहरु समेतका आधारमा बिश्लेषण गर्दा धेरै जसो स्रोतहरु सुरक्षीत र स्वीकार्य अवस्थाका रहेका छन् । बिगतमा खानेपानी योजना निर्माणका क्रममा भोगेका चुना जम्ने लगायतका समस्याहरुलाई समेत गुरुयोजना निर्माण क्रममा समुदाय स्तरमा छलफल भएका थिए। गुरुयोजनाको योजना तर्जुमा गोष्ठीमा पानी सम्वन्धि योजना कार्यान्वयन पूर्ब स्रोतहरुको गुणस्तर परिक्षण सहित कार्यान्वयन गर्न सुझाईएको छ।

### ३.२.४ विद्यमान परिप्रयोग र सम्भावित प्रयोगका आधारमा जलस्रोतहरुको विश्लेषण




चित्र नं १३ विद्यमान प्रयोगका आधारमा पानीका स्रोतहरु

मापन गरिएका ३१२ स्रोतहरु मध्ये ७२ वटा खानेपानी योजनाहरुमा, ५६ वटा सिंचाइ योजनाहरुमा तथा केहि स्रोतहरु अन्य योजनाहरुमा (केहि समय वा पुरै समय) प्रयोग भई रहेका जलउपयोग गुरुयोजना तयारिका सर्वेक्षणका क्रममा गरिएका छलफलबाट जानकारि भएको छ ।

गाउँपालिकामा मापन गर्न पर्ने स्रोतहरु समेत बाँकि रहेकाले मापन भएका तथा हुन बाँकि स्रोतहरुलाई पानीको उपयोग सम्वन्धि बिभिन्न योजनामा स्रोतहरुको अवस्थिति, परिमाण तथा गुणस्तरका आधारमा प्रयोग गर्न सकिने देखिन्छ।

## ३.३ विद्यमान खानेपानी योजनाहरुको अवस्था विश्लेषण

यस गाउँपालिकाको ७२ वटा खानेपानीका योजनाहरु मार्फत खानेपानी योजनाहरु बिभिन्न निकायहरुको सहयोगमा निर्माण भई समुदायहरुमा खानेपानी आपुर्ति गरिएको छ। विद्यमान खानेपानीका योजनाहुर मध्ये १९ वटा योजनाहरु व्यवस्थित रुपमा संचालनमा रहेको गुरुयोजना तथा NWASH  सर्वेक्षणको तथ्याङ्कले देखाउदछ ।

विद्यमान खानेपानी योजनाहरुको सारांस विवरण तालिका नं. १६ र विस्तृत विवरण अनुसुचीमा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १६ विद्यमान खानेपानीको अवस्था**

| वडा नं. | सेवा क्षेत्रका लाभान्वित घरधुरी | प्रयोग गरिएको स्रोत | | | संचालनको अवस्था | | | निर्माणाधिन योजना | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | व्यवस्थित योजना | अव्यवस्थित योजना | असुरक्षित स्रोत | व्यवस्थित | सन्तोषजनक | अव्यवस्थित | संख्या | सेवा क्षेत्रका घरधुरी संख्या |
| १ | २६८ | २ | ३ | ७ | २ | ३ | ७ | १ | ८ |
| २ | ४११ | ४ | ० | ११ | ४ | ० | ११ | १ | ४३ |
| ३ | ९०४ | ४ | ० | ७ | ४ | ० | ७ | १ | ३० |
| ४ | २२६ | ५ | ० | २ | ५ | ० | २ | १ | ३३ |
| ५ | ४४३ | ३ | २ | १३ | ३ | २ | १३ | २ | ३५ |
| ६ | ५१४ | १ | ० | १ | १ | ० | १ | ० | २७ |
| ७ | २५९ | ० | १ | ६ | ० | १ | ६ | १ | २३ |
| **जम्मा** | **३०२५** | **१९** | **६** | **४७** | **१९** | **६** | **४७** | **७** | **१९९** |

स्रोत: गाउँपालिका गुरुयोजना तयारी सर्वेक्षण २०७९

### ३.३.१ विद्यमान योजनाहरु र सेवा क्षेत्र

गाउँपालिकामा ७२ वटा विद्यमान योजनाहरु मार्फत ३०२५ घरधुरीहरुले खानेपानी सेवा प्राप्त गरका छन् । गाउँपालिकामा गरिएको जलउपयोग गुरुयोजनाको सर्वेक्षणका क्रममा संकलन गरिएका तथ्याङ्कहरुले खानेपानी योजनाहरुको उचित व्यवस्थापन गरि खानेपानी सेवालाई दिगो बनाउन तर्फ खानेपानी उपभोक्ताहरुको क्षमता विकास गर्नुपर्ने आवश्यकता रहेको देखाउदछ।

गाउँपालिकामा ७ वटा योजनाहरु निर्माणाधिन अवस्थामा रहेका छन् । निर्माणाधिन योजनाहरु मार्फत गाउँपालिकाका बिभिन्न समुदायका १९९ थप घरधुरीहरुमा खानेपानी सेवा विस्तार हुने लक्ष्य लिईएको छ।

### ३.३.२ विद्यमान योजनाहरुको संचालन अवस्था

यस गाउँपालिकाको जलउपयोग गुरुयोजनाका संकलित तथ्याङ्कहरु बिश्लेषण गर्दा गाउँपालिका भरी बिभिन्न सरकारी तथा गैर सरकारी निकायहरुको सहयोगमा ठुला साना गरी करिब ७२ वटा खानेपानी योजनाहरु निर्माण भए पनि १९ वटा योजनामा मात्र मर्मतसम्भार कोष संकलन हुने गरेको, १९ योजनामा मर्मत सम्भार कार्यकर्ता नियुक्त भई नियमित सेवा दिईरहेको, १९ वटा खानेपानी उपभोक्ता समिति नियमित बैठक बस्ने गरि सकृय रहेको तथा १९ वटा योजनामा खानेपानी सुरक्षा योजना बनाई कार्यान्वयनमा रहेको देखिन्छ।

गाउँपालिकामा रहेका खानेपानी योजनाहरुबाट सेवा दिगो बनाई राख्न र लगानीको सदुपयोगका लागी उपयुक्त नीति तर्जुमा सहित खानेपानी उपभोक्ताहरुको क्षमता अभिबृद्दी गरि योजनाहरु प्रति अपनत्व जगाउनु पर्ने सर्वेक्षणको बिश्लेषणले देखाएको छ।

### ३.३.३ विद्यमान खानेपानी योजनाहरुको सुविधास्तर विश्लेषण

मोहन्याल गाउँपालिकामा गरिएको NWASH सर्वेक्षणका आधारमा जम्मा ५,०३० घरधुरी मध्ये २२% घरधुरीहरु सुरक्षीत व्यवस्थापन सुबिधा भएका, ३% घरधुरीहरु आधारभुत सुबिधा भएका ३५% सिमित सुबिधा भएका देखिन्छन। अझै ४०% घरधुरीहरु सुरक्षित खानेपानीको पँहुचबाट बाहिर रहेका छन । खानेपानी योजनाहरुको सेवाका आधारमा गरिएको सुबिधास्तर वर्गिकरण तालिका नं. १७ मा उल्लेख गरिएको छ।

**तालिका नं. १७ विद्यमान खानेपानी योजनाहरुको सुबिधास्तर**

| वडा नं. | जम्मा घरधुरी संख्या | सुबिधास्तर वर्गीकरण (घरधुरी संख्या) | | | |
|---|---|---|---|---|---|
| | | सुबिधा नभएका | सिमित सुबिधा भएका | आधारभुत सुबिधा भएका | सुरक्षीत व्यवस्थापन सुबिधा भएका |
| १ | ४७५ | २०७ | १२१ | ८८ | ५९ |
| २ | ७२० | ३०९ | २५२ | ० | १५९ |
| ३ | १२७५ | ३७१ | ६४९ | ० | २५५ |
| ४ | ५१८ | २९२ | ३४ | ० | १९२ |
| ५ | ५८९ | १४६ | १९२ | ५३ | १९८ |
| ६ | ४९५ | ० | २७४ | ० | २२१ |
| ७ | ९५८ | ६९९ | २३८ | २१ | ० |
| **जम्मा** | **५०३०** | **२०२४** | **१७६०** | **१६२** | **१०८४** |
| **प्रतिशत** | | **४०%** | **३५%** | **३%** | **२२%** |

स्रोत: गाउँपालिका गुरुयोजना तयारी सर्वेक्षण २०७९

### ३.३.४ निर्माणाधिन योजनाहरु र लक्षित सेवा क्षेत्र

यस गाउँपालिकामा जलउपयोग गुरुयोजना सर्वेक्षण क्रममा कर्णाली जल परियोजनाको साझेदारिमा ७ वटा खानेपानी योजनाहरु निर्माण गर्ने लक्ष्य राखिएको छ। निर्माणाधिन योजनाहरुबाट १९९ घरधुरीमा सुरक्षित खानेपानी सेवा पुऱ्याउने लक्ष्य लिईएको छ।

**तालिका नं. १८ निर्माणाधिन खानेपानी योजना**

| क्र स | निर्माणाधिन योजनाको नाम | वडा नं. | लाभान्वित टोलहरु | घरधुरी | जनसख्या |
|---|---|---|---|---|---|
| १ | कौसाडी खानेपानी योजना | १ | जाडेपानी टोल | ८ | ४२ |
| २ | सिमलरुख खानेपानी योजना | २ | गजाडी टोल | ४३ | २३५ |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | सागुडे बर्जेना खानेपानी योजना | ३ | सागुडे टोल | ३० | १६५ |
| ४ | शान्तिपुर खानेपानी योजना | ४ | शान्तिपुर | ३३ | १७५ |
| ५ | धमकोट खानेपानी योजना | ५ | कुनगडा तल्लो धमकोट | ३५ | १८५ |
| ६ | कईनपानी खानेपानी योजना | ५ | धब्रेनी | २७ | १४५ |
| ७ | नौलाकोट खानेपानी योजना | ७ | नौलाकोट | २३ | १२५ |
| | | | **जम्मा** | **१९९** | **१,०७२** |

स्रोत: गाउँपालिका गुरुयोजना तयारी सर्वेक्षण २०७९

## ३.४ विद्यमान सरसफाइ अभ्यासको अवस्था विश्लेषण

### ३.४.१ बस्तिहरुको खुला दिशामुक्त क्षेत्र तथा पूर्ण सरसफाइ स्थिति

पानी मानव जीवनका साथै कृषि र उद्योग सञ्चालनका लागि नभई नहुने वस्तु हो। योजना तर्जुमा, समुदाय भेटघाट र अन्तरक्रियाका क्रममा भएका छलफलका आधारमा स्थानीय बासिन्दाले विगतमा सरसफाइलाइ भन्दा खानेपानीका संरचनाहरुको निर्माणलाई बढी प्राथमिकता दिँदै आइरहेको थिए । खानेपानी र सरसफाइको अन्योन्याश्रित सम्बन्ध कायम हुन नसकेको परिपेक्षमा अब आएर खानेपानी, स्वास्थ्य र सरसफाइलाई एकीकृत रूपमा तपसिल बमोजिम हेरिनु आवश्यक देखिएको छ।

- पानीजन्य रोगहरुको रोकथाम बिना कुनै पनि खानेपानी योजनाहरु प्रभावकारी हुन सक्दैनन्।
- खानेपानीको योजना निर्माण गर्दा खानेपानी र सरसफाइलाई समायोजन गरि योजना निर्माण गरेमा त्यस्ता योजनाहरु दीर्घकालीन असर रहिरहन्छ।
- सरसफाइ र स्वास्थ्य शिक्षा एकैसाथ लागू भएमा पानीजन्य रोगहरुको नियन्त्रण प्रभावकारी हुन्छ।
- खानेपानीको गुणस्तर र मात्रामा वृद्धि गरिनु जनस्वास्थ्यका लागि जति महत्वपूर्ण हुन्छ, त्यति नै सरसफाइ र स्वच्छता सम्बन्धी शिक्षाका कार्यक्रमहरु महत्वपूर्ण छन। त्यसैले खानेपानी योजनाहरुको सञ्चालन सँगसँगै सरसफाइ र स्वच्छताका योजनाहरु पनि एकीकृत रूपमा चलाउनु आवश्यक देखिन्छ।

यस गाउँपालिका भित्रका सम्पूर्ण घरधुरीहरुमा चर्पीको निर्माण गरी खुल्ला दिसामुक्त गाउँ घोषणा गरिसकेको भएता पनि ग्रामीण बस्तीहरुमा घरायसी लगायत संस्थागत तथा वातावरणीय सरसफाइको अवस्था सुधार्न थप पहल गर्नुपर्ने देखिन्छ। गाउँपालिका क्षेत्र भित्र देखा पर्ने रोगहरुमा पानीजन्य रोगहरु जस्तै झाडापखाला, टाइफाइड, जुका आदि र श्वासप्रश्वास सम्बन्धी रोगहरु प्रमुख रहेका छन्। प्रदूषित पानीको प्रयोग र अपर्याप्त सरसफाइ नै पानीजन्य रोगहरुको प्रमुख कारण रहेका छन्। त्यसैले गाउँपालिकामा खानेपानी र सरसफाइको अवस्थामा सम्पूर्ण सरोकारवाला निकायहरुले समन्वयात्मक तरिकाले साझेदारि सहित सुधार गरी समुदायहरुको स्वास्थ्य र सरसफाइ सम्बन्धी बानी व्यवहारमा परिवर्तन गर्नु आवश्यक रहेको महशुष भएको छ। गाउँपालिका भित्रका १०१५ घरधुरीहरुमा शौचालयहरुको स्तरउन्नति गर्नु साथै सरसफाइ सम्वन्धि क्रियाकलापहरु संचालन गर्नु आवश्यक देखिन्छ।

राष्ट्रिय सरसफाइ गुरुयोजना २०११ ले मार्गनिर्देशन गरे अनुसार पूर्ण सरसफाइका लागि आवश्यक सुरक्षित चर्पीको नियमित प्रयोग, साबुन पानीले हात धुने बानी, सुरक्षित खानेपानीको प्रयोग, सुरक्षित खानाको प्रयोग,

सफा घर आँगन र सफा वातावरण जस्ता ७ ओटा सूचकहरुको कार्यान्वयनमा समुदायलाई उन्मुख गराउँदै पूर्ण सरसफाइ अभियान सञ्चालन गर्नु आवश्यक देखिन्छ।

**तालिका नं. १९  गाउँपालिकाको विद्यमान सरसफाइको अवस्था**

| वडा नं. | जम्मा घरधुरी संख्या | शौचालय भएका घरधुरी संख्या | सुधारिएको शौचालय भएका घरधुरी संख्या | घरधुरी स्तरको अन्य सरसफाइको अवस्था विश्लेषण | | | | | पूर्ण सरसफाइ | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | साबुन सहितको हात धुने स्थान रहेको | चाङ जुठ्याना भएका | व्यवस्थित ठोस फोहर व्यवस्थापन भएको | व्यवस्थित दिसाजन्य लेदो व्यवस्थापन भएको | व्यवस्थित पशुपालन गोठेमल व्यवस्थापन भएको | घोषणा भएको छ छैन | योजना छ लक्षित समय |
| १ | ४७५ | ४७५ | ४२० | १५३ | १५३ | छैन | पिट नभरिएको | छैन | छ | ० |
| २ | ७२० | ७२० | ६१४ | २११ | २११ | छैन | पिट नभरिएको | छैन | छ | ० |
| ३ | १,२७५ | १,२७५ | ९६९ | २४८ | २४८ | छैन | पिट नभरिएको | छैन | छ | ० |
| ४ | ५१८ | ५१८ | ४१३ | २११ | २११ | छैन | पिट नभरिएको | छैन | छ | ० |
| ५ | ५८९ | ५८९ | ४२३ | १६४ | १६४ | छैन | पिट नभरिएको | छैन | छ | ० |
| ६ | ४९५ | ४९५ | ४०१ | १३९ | १३९ | छैन | पिट नभरिएको | छैन | छ | ० |
| ७ | ९५८ | ९५८ | ७७५ | ३१२ | ३१२ | छैन | पिट नभरिएको | छैन | छ | ० |
| **जम्मा** | **५,०३०** | **५,०३०** | **४,०१५** | **१४३८** | **१४३८** | **०** | **०** | **०** | **०** | **०** |

स्रोत: गाउँपालिका गुरुयोजना तयारी सर्वेक्षण २०७९

### ३.४.२ विद्यालय तथा सार्वजनिक स्थलहरुको सरसफाइ अवस्था

मोहन्याल गाउँपालिकामा सार्वजनिक स्थान, संघ संस्था र बिद्यालयहरुमा सरसफाइ तथा स्वच्छता प्रवर्धनका लागि प्रयासहरु जारि रहेका छन्। गाउँपालिका रहेका सबै ५८ वटा सरकारी विद्यालयहरुमा शौचालय भए पनि व्यवस्थापन अभाव, पानीको अप्रयाप्ता आदी कारणले सरसफाइ अवस्था कमजोर  रहेको छ। गाउँपालिकामा गरिएको सर्वेक्षणले सार्वजनिक स्थान कार्यालय, संघ संस्थाहरुमा प्रयाप्त संख्यामा शौचालय नरहेको र निर्माण गरिएका शौचालयहरुमा प्रयाप्त पानी, हात धुने ब्यवस्था र नियमित सरसफाइको अभाव रहेको देखिन्छ । गाउँपालिकालाई पूर्ण सरसफाइ क्षेत्र घोषणा गर्ने अभियानका लागी आम जनसमुदायको नियमित आवत जावत हुने स्थलहरु बिशेष गरि सार्वजनिक स्थान र कार्यालयहरुमा शौचालयको निर्माण गर्न आवश्यक रहेको गुरुयोजना तयारिका क्रममा सर्वेक्षणले देखाएको छ साथै निश्चित स्थानहरुमा फोहर संकलन गर्ने संरचना तथा व्यवस्थापन गर्नु पर्ने आवश्यकता रहेको छ।

आम समुदायको नियमित आवत जावत हुने स्थान कार्यालयमा सुरक्षित शौचालय, खानेपानी तथा फोहर व्यवस्थापनको व्यवस्था मिलाउनु पर्ने देखिन्छ। यस लगभग आधा भन्दा बढी बिद्यालयका शौचालयहरुमा प्रयाप्त पानीको अभाव छ।

**तालिका नं. २०   विद्यालय तथा सार्वजनिक स्थलहरुको सरसफाइको अवस्था**

| संस्थाको किसिम | संस्थाको जम्मा संख्या | खानेपानी व्यवस्था भएका | शौचालयको व्यवस्था भएका | व्यवस्थित ठोस फोहर व्यवस्थापन भएका | अन्य सरसफाइको स्थिति |
|---|---|---|---|---|---|
| **आधारभुत विद्यालय** | ३७ | ३४ | ३७ | ३० | ३० |
| **माध्यमिक विद्यालय** | ८ | ८ | ८ | ६ | ६ |
| **बाल विकास केन्द्र** | १४ | ७ | १३ | २ | १० |
| **गाउँपालिका** | १ | १ | १ | १ | १ |
| **वडा कार्यालय** | ७ | ५ | ७ | ० | ० |
| **स्वास्थ्य संस्था** | ७ | ७ | ७ | ७ | ७ |
| **सहकारी** | ६ | ० | ६ | ० | ० |
| **प्रहरी चौकी** | २ | २ | २ | २ | २ |
| **हुलाक सेवा** | २ | १ | १ | १ | १ |
| **बैंक** | १ | १ | १ | १ | १ |

स्रोत: गाउँपालिका गुरुयोजना तयारी सर्वेक्षण २०७९

### ३.४.३ वातावरणीय सरसफाइको अवस्था

खुला दिसामुक्त क्षेत्र घोषणा पछीको चरणमा यसको दिगोपनाका साथै गाउँपालिका क्षेत्रलाई पूर्ण सरसफाइ क्षेत्र उन्मोख बनाई वातावरणीय सरसफाइमा ध्यान दिनु पर्ने आवश्यकता रहेको छ। समुदायको बिभिन्न परम्परागत प्रचलन र धार्मिक मान्यताको कारणले शौचालयको प्रयोग नहुने अवस्था, शहरउन्मोख बस्ती विकास, यातायातको सुबिधा बिस्तार लगायतका कारणले वातावरणीय सरसफाइमा चुनौति थपिदै गएको छ। गाउँस्तरमा देखिने प्राय फोहोरहरुमा कृषिजन्य फोहोर, निर्माण जन्य फोहोर, घरायसी फोहोर, पशुजन्य र सिनो आदि प्रमुख हुन् । यस गाउँपालिकामा ठोस फोहोर संकलन वा ब्यबस्थापन गर्ने संस्थागत व्यवस्था भएको छैन । गाउँ बस्तिहरुमा कुहिने फोहोरहरु घरपरिवार र समुदायले व्यवस्थापन गरि नकुहिने फोहोर मात्र संकलन गरि उचित बिसर्जनको संस्थागत व्यवस्थापन तर्फ नीति तथा कार्ययोजना आवश्यक रहेको छ साथै गोठमल र गोठहरूको राम्रो व्यवस्थापन गर्ने गरेको खण्डमा वातावरणीय प्रदूषण र पानी प्रदूषण हुने सम्भावनालाई निकै कम गर्न सकिन्छ । खुला चरिचरनलाई नियमन गर्ने, पानीका स्रोतहरु नजिग फोहर हुनबाट जोगाउने साथै फोहोर बिसर्जनका लागी उपयुक्त नीति तर्जुमा सहित जनचेतना अभिबृद्धीका कार्यक्रमहरु संस्थागत रुपमै संचालन गर्नुपर्ने आवश्यकता गुरुयोजना निर्माणका क्रममा महशुष गरिएको छ।

सर्वेक्षणका क्रममा गाउँपालिका भित्र रहेका बजार, बाटो, घाटो ,धार्मिक तथा पर्यटक स्थलहरुमा शौचालय तथा सरसफाइको व्यवस्थापन भएको पाईदैन्। गाउँपालिकाले सरोकारवाला संस्थाहरुसंगको समन्वयमा आवश्यकतामा आधारित नयाँ सरसफाइ संरचना निर्माण गर्ने तथा निर्माण भएका संरचनाहरुको उचित व्यवस्थापन गर्ने बारे छलफल भएको छ।

### ३.४.४ दिशाजन्य लेदो ठोस फोहर तथा फोहरपानी व्यवस्थापनको विद्यमान अवस्था

ठोस फोहर तथा दिसाजन्य लेदोको ब्यवस्थापन सरसफाइ र स्वच्छताका लागि ठुलो चुनौति रहेको छ। गाउँपालिका क्षेत्रमा मानव वस्तीहरुको विस्तार, शहर उन्मोख बसाई सराई, सडक संञ्जालको बिस्तारसंगै मानवीय तथा अन्य क्रियाकलापहरुबाट फोहोरका रूपमा निस्कने ठोस वा अर्धठोस र लेदोजन्य फोहर वस्तुहरुको उचित ब्यवस्थापन नभएमा त्यसले पानीका स्रोतहरु र समग्र वातावरणलाई नै प्रदुषित गर्ने देखिएको छ।

मोहन्याल गाउँपालिका मुलतः पहाडी ग्रामिण क्षेत्र हो र कृषि नै यहाँको प्रमुख पेशा रहेको छ । गाउँपालिकामा ठुला खालका औद्योगिक कलकारखानाहरु नभएता पनि मानिसका कृषिजन्य फोहोर, निर्माण जन्य फोहोर, घरायसी फोहोर, पशुजन्य फोहोरहरु व्यवस्थापन आवश्यक रहेको देखिन्छ ।

हाल बस्तीहरु छरिएर रहेका  तथा अधिकांस ग्रामीण भूगोल भएकाले गाउँपालिकाले शौचालयका भरिएका खाडलहरुको दिसाजन्य लेदोको सङ्कलन, ढुवानी र व्यवस्थापनको सम्वन्धमा नीति तथा कार्यक्रमहरु बनाउन शुरु गरि सकेको छैन तथापी बढ्दो जनसंख्या र शहरउन्मोख विकास तथा विकास गतिबिधीहरु संगै दिसाजन्य लेदोको जथाभावी बिसर्जन भएमा पर्न सक्ने वातावरणीय स्वच्छताका साथै मानव स्वास्थ्यलाई ध्यान दिदै दिसाजन्य लेदो व्यवस्थापनका लागी  गाउँपालिकाले बिशिष्ट योजनाहरु मार्फत समाधान खोज्नु पर्नेमा आवश्यकता रहेको छ।

### सरसफाइ तथा स्वच्छता प्रवर्धनका लागी आनीबानी तथा व्यवहार परिवर्तन

गुरुयोजना निर्माणका क्रममा संकलित तथ्याङ्क, समुदाय भेटघाट र अन्तरक्रियाहरुको आधारमा घर परिवार, टोल, समुदाय तथा गाउँपालिका स्तरमा निश्चित व्यवहारहरुको परिवर्तन जरुरी देखिएको छ। गाउँपालिकाले तपसिलका मुख्य क्षेत्रमा खानेपानी, सरसफाइ तथा स्वच्छता र पानीको बहु उपयोगका व्यवहार प्रवर्धनका लागी थप क्रियाकलापहरु संचालन गर्न पर्ने आवश्कता देखिन्छ ।

१) पानीको उत्पादनशिल प्रयोग
२) स्रोत संरक्षण, भू-जल भण्डारण, जलवायु परिवर्तन अनुकुलन तथा विपद जोखिम ब्यवस्थापन
३) खानेपानीको शुद्धता तथा सरसफाइ र स्वच्छता
४) वातावरणीय स्वच्छता
५) पानीको पहुँच र बहुउपयोगमा लैङ्गिक तथा सामाजिक समावेशीकरण

**तालिका नं. २१   गतिबिधि तथा सुझावहरु**

| क्र.स. | ब्यवहार परिवर्तन केन्द्रित क्षेत्र | लक्षित वर्ग | जिम्मेवारी | सरोकारवाला निकाय | सञ्चार माध्यम |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| १ | खानेपानी शुद्धिकरण | घरपरिवार, विद्यालय तथा सार्वजनिक निकाय | गाउँपालिका, खानेपानी तथा सरसफाइ उपभोक्ता समिति तथा सार्वजनीक निकाय, समुदाय | बाल तथा युवा क्लव, आमा समूह, स्वास्थ्य स्वयंसेविका, स्वयंसेवक तथा सामाजिक परिचालन गर्ने संघसंस्था | रेडियो, टेलिभिजन, सामाजिक सञ्जाल, सामुदायिक परिचालन, प्रदर्शनी, सडक नाटक तथा बिभिन्न सूचनामुलक सामग्री |
| २ | वास (सरसफाइ र स्वच्छता) | घरपरिवार, विद्यालय तथा सार्वजनिक निकाय | गाउँपालिका, खानेपानी तथा सरसफाइ उपभोक्ता समिति, स्वास्थ्य संस्था तथा सार्वजनीक निकाय | बाल तथा युवा क्लव, आमा समूह, स्वास्थ्य स्वयंसेविका, स्वयंसेवक तथा सामाजिक परिचालन गर्ने संघसंस्था | रेडियो, टेलिभिजन, सामाजिक सञ्जाल, सामुदायिक परिचालन, प्रदर्शनी (हाट बजार, मेला, भेला, बिभिन्न अवसरहरु तथा बैठकहरुमा), सडक नाटक तथा बिभिन्न सूचना तथा सन्देशमुलक सामग्री, बिद्यालय तथा समुदाय स्तरिया प्रतियोगिताहरु |
| ३ | पानीका स्रोत संरक्षण | घरपरिवार, विद्यालय र खानेपानी तथा सरसफाई उपभोक्ता समिति | खानेपानी तथा सरसफाइ उपभाक्ता समिति, समुदाय तथा गाउँपालिका | बाल तथा युवा क्लव, आमा समूह, कृषि समूह (साना किसान) तथा सामाजिक परिचालन गर्ने संघसंस्था | रेडियो, टेलिभिजन, सामाजिक सञ्जाल, सामुदायिक परिचालन, प्रदर्शनी (हाट बजार, मेला, भेला, बिभिन्न अवसरहरु तथा बैठकहरुमा), सडक नाटक तथा बिभिन्न सूचना तथा सन्देशमुलक सामग्री, बिद्यालय तथा समुदाय स्तरिया प्रतियोगिताहरु |
| ४ | पानीको उत्पादनशिल तथा बहु प्रयोग | घरपरिवार, समुदाय, साना किसान | खानेपानी तथा सरसफाइ उपभोक्ता समिति, गाउँपालिका, कृषक समूह तथा बिकास साझेदारहरु | बाल तथा युवा क्लव, आमा समूह, कृषि समूह (साना किसान) तथा सामाजिक परिचालन गर्ने संघसंस्था | रेडियो, टेलिभिजन, सामाजिक सञ्जाल, सामुदायिक परिचालन, प्रदर्शनी (हाट बजार, मेला, भेला, बिभिन्न अवसरहरु तथा बैठकहरुमा), सडक नाटक तथा बिभिन्न सूचना तथा सन्देशमुलक सामग्री, बिद्यालय तथा समुदाय स्तरिय प्रतियोगिताहरु |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | वातावरणीय स्वच्छता | घरपरिवार तथा समुदाय | विद्यालय, समुदाय, गाउँपालिका तथा सार्वजनिक निकाय | बाल तथा युवा क्लव, आमा समूह, नगरप्रहरी कृषि समूह (साना किसान तथा सामाजिक परिचालन गर्ने संघसंस्था, सुरक्षा निकाय | रेडियो, टेलिभिजन, सामाजिक सञ्जाल, सामुदायिक परिचालन, प्रदर्शनी (हाट बजार, मेला, भेला, बिभिन्न अवसरहरु तथा बैठकहरुमा), सडक नाटक तथा बिभिन्न सूचना तथा सन्देशमुलक सामग्री, बिद्यालय तथा समुदाय स्तरिया प्रतियोगिताहरु |
| ६ | जलवायू अनुकुलन तथा विपद जोखिम न्यूनीकरण | घरपरिवार, साना किसान, समुदाय | गाउँपालिका, बिद्यालय, कृषि समूह, खानेपानी तथा सरसफाइ उपभाक्ता समिति, | बाल तथा युवा क्लव, आमा समूह, नगरप्रहरी कृषि समूह (साना किसान तथा सामाजिक परिचालन गर्ने संघसंस्था, सुरक्षा निकाय | रेडियो, टेलिभिजन, सामाजिक सञ्जाल, सामुदायिक परिचालन, प्रदर्शनी (हाट बजार, मेला, भेला, बिभिन्न अवसरहरु तथा बैठकहरुमा), सडक नाटक तथा बिभिन्न सूचना तथा सन्देशमुलक सामग्री, बिद्यालय तथा समुदाय स्तरिय प्रतियोगिताहरु, जोखम पूर्व सूचना प्रणाली |

## ३.५ विद्यमान सिंचाइ योजनाहरुको अवस्था विश्लेषण

**तालिका नं. २२ विद्यमान सिंचाइ योजनाहरु**

| वडा नं. | जम्मा क्षेत्रफल रोपनी | विद्यमान सिंचाइ योजनाहरुको विवरण | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | कुलो सिंचाइ | | | | लघु तथा अन्य सिंचाइ | |
| | | पक्की संख्या | सेवा क्षेत्र रोपनी | कच्चि संख्या | सेवा क्षेत्र रोपनी | सख्या | सेवा क्षेत्र रोपनी |
| १ | १,४९३ | ५ | १,०७८ | ० | ० | २ | ४१५ |
| २ | १,८५५ | ८ | १,७७५ | ० | ० | २ | ८० |
| ३ | ७,८३२ | १० | ७,१४५ | ० | ० | ४ | ६८७ |
| ४ | ८५० | ३ | ७०० | ० | ० | १ | १५० |
| ५ | २,८४० | ७ | १,७६० | ० | ० | ३ | १,०८० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६ | १,९०१ | १२ | १,२६६ | ० | ० | ६ | ६३५ |
| ७ | २,८१५ | ११ | २,५७५ | ० | ० | २ | २४० |
| **जम्मा** | **१९,५८६** | **५६** | **१६,२९९** | **०** | **०** | **२०** | **३,२८७** |

स्रोत: गाउँपालिका गुरुयोजना तयारी सर्वेक्षण २०७९

### ३.५.१ विद्यमान सिचाइ योजनाहरु र सेवा क्षेत्र :

यस गाउँपालिकाको कुल भू भाग ६२,५२९.८६ हेक्टर रहेको छ। उक्त भू भाग मध्ये खेतीयोग्य जमिनको भू भाग करिव ५,२७९.३५ हेक्टर रहेको छ। विद्यमान कुलो सिंचाइ योजनाहरुवाट १६,२९९ रोपनी (८२९ हेक्टर) खेतहरुमा सिंचाइ सेवा पुगेको तथ्याङ्कले देखाउछ भने लघु सिंचाइ योजनाहरु मार्फत ३,२८७ रोपनी (१८७ हेक्टर) खेतहरुमा सिंचाइ सेवा पुगेको देखाउछ। बर्षेनी हुने अनियमित वर्षा, मनसुनी वर्षाको तालिकामा गडबढी, एक्कासी आउने वाढी पहिरोमा बृद्धि भएकोले सिंचाइ योजनाहरुको मुहान तथा कुलोमा क्षती हुने गरेको सर्वेक्षणका क्रममा स्थानीय समुदायले जानकारि दिएका थिए ।

### ३.५.२ विद्यमान सिचाइ योजनाहरुको संचालन अवस्था

संचालनमा रहेका कुलो सिंचाइ योजनाहरु मध्ये २८ वटा योजनाहरु आशिंक रुपमा संचालनमा रहेको, ५ वटा योजनाका संरचनामा क्षती भई बन्द रहेको तथा २३ वटा योजनाहरु राम्रोसंग सेवा दिई रहेको पाईएको छ। त्यस्तै संचालनमा रहेका लघु सिंचाइ योजनाहरु मध्ये ११ वटा योजनाहरु आशिंक रुपमा संचालनमा रहेको, ५ वटा योजनाका संरचनामा क्षती भई बन्द रहेको तथा ४ वटा योजनाहरु राम्रोसंग सेवा दिई रहेको पाईएको छ।

### ३.५.३ निर्माणाधिन सिंचाइ योजनाहरु र लक्षित क्षेत्र

तथ्याङ्क सङ्कलनको समयमा यस गाउँपालिकामा सिंचाइ क्षेत्रमा कुनै पनि योजना निर्माणाधीन अवस्थामा रहेको पाईएनन् ।

## ३.६ विद्यमान जलवायु परिवर्तन अनुकुलन विपद जोखिम व्यवस्थापन तथा स्रोत संरक्षण योजना

तथ्याङ्क सङ्कलनको समयमा यस गाउँपालिकामा विद्यमान जलवायु परिवर्तन अनुकुलन विपद जोखिम व्यवस्थापन तथा स्रोत संरक्षण योजना रहेको पाईएनन् ।

### ३.६.१ विद्यमान जलवायु परिवर्तन अनुकुलन विपद जोखिम व्यवस्थापन तथा स्रोत संरक्षण योजना र सेवा क्षेत्रहरु :

यस गाउँपालिकाको कुल भू भाग ६२६.९५ वर्ग कि. मि. रहेको छ। यो गाउँपालिकामा बर्षेनी बाढी पहिरोको कारण जनधनको क्षति हुने गरेको पाइन्छ। बाढी पहिरो रोकथाम तथा अनुकुलनका लागि गाउँपालिका भित्रका जोखिम रहेका स्थानमा कुनै पनि जलवायु परिवर्तन अनुकुलन योजना बनेका पाइदैन। अगामी दिनमा बाढी पहिरो रोकथामका लागि बृक्षारोपण, नदी नियन्त्रण, गल्ली नियन्त्रण, पहिरो नियन्त्रण र अन्य जलवायु अनुकुलन जस्ता योजनाहरु तयार गर्नु पर्ने देखिन्छ।

### ३.६.२ विद्यमान जलवायु परिवर्तन अनुकुलन विपद जोखिम व्यवस्थापन तथा स्रोत संरक्षण योजनाहरुको संचालन अवस्था :

मोहन्याल गाउँपालिकामा हाल जलवायु परिवर्तन अनुकुलन विपद जोखिम व्यवस्थापन तथा स्रोत संरक्षण योजनाहरु निर्माण नगरिएको पाइयो। जसले गर्दा बाढी पहिरोले थप समस्या गरेको देखिन्छ।

### ३.६.३ निर्माणाधिन जलवायु परिवर्तन अनुकुलन विपद जोखिम व्यवस्थापन तथा स्रोत संरक्षण योजनाहरु र लक्षित क्षेत्र :

मोहन्याल गाउँपालिकामा जलवायु परिवर्तन अनुकुलन विपद जोखिम व्यवस्थापन तथा स्रोत संरक्षण योजनाहरु निर्माण भएका छैन।

## ३.७ विद्यमान जल उर्जा योजनाहरुको अवस्था विश्लेषण :

**तालिका नं. २३ विद्यमान योजनाहरुको सेवा क्षेत्र**

| वडा नं. | विद्यमान जल उर्जा योजनाहरुको विवरण | |
|---|---|---|
| | पानी घट्ट | |
| | परम्परागत | सुधारिएको |
| १ | ० | ० |
| २ | १ | ० |
| ३ | ० | १ |
| ४ | ० | १ |
| ५ | ६ | १ |
| ६ | ० | ० |
| ७ | १ | १ |
| जम्मा | ८ | ४ |

स्रोत: गाउँपालिका गुरुयोजना तयारी सर्वेक्षण २०७९

### ३.७.१ विद्यमान योजना र सेवा क्षेत्रहरु

मोहन्याल गाउँपालिकामा जलउर्जा क्षेत्रमा गुरुयोजना तयार हुदा सम्म ४ वटा सुधारीएको पानी घट्ट र ८ वटा परंम्परागत पानी घट्ट जम्मा १२ वटा योजनाहरु सम्पन्न भएको संकलन गरेको तथ्याङ्कले देखाउदछ। सञ्चालनमा रहेका घट्टका योजनाहरुवाट जम्मा ९६३ घरधुरीहरुले कुटानी पिसानीको सेवा लिईराखेका छन।

मोहन्याल गाउँपालिकाको तथ्याङ्क अनुसार करिब ८७ प्रतिशत घरधुरीमा बिजुलीको पहुँच पुगेको ( ७ प्रतिशत घरधुरीमा राष्ट्रिय प्रसारण लाइन, ७१ प्रतिशत घरधुरीमा घरायसी सोलार प्रणाली र ९ प्रतिशत घरधुरीमा सोलार टुक्की जडान भएको) देखिन्छ भने १३ प्रतिशत घरधुरीमा अहिले पनि विधुत सुबिधाको पहुँच रहेको छैन्। बिधुतिकरण नभएका घरधुरीहरुले दियालो र काठको चोइला (स्थानीय भाषामा झोरो) बाल्ने गरेको पाईन्छ।

### ३.७.२ विद्यमान जल उर्जा योजनाहरुको संचालन अवस्था

संचालित घट्ट योजनाहरु मध्ये ५ वटा योजनाहरु राम्रोसंग  सञ्चालनमा रहेका छन भने ५ वटा योजनाहरु सन्तोषजनक अवस्थामा रहेका छन। २ वटा योजनाहरु पूर्ण रुपमा बन्द भएका छन।

### ३.७.३ निर्माणाधिन योजनाहरु र लक्षित क्षेत्र

तथ्याङ्क सङ्कलनको समयमा यस गाउँपालिकामा जल उर्जा क्षेत्रमा कुनै पनि योजना निर्माणाधीन अवस्थामा रहेको पाईएनन्

## ३.८ जलस्रोतहरुको दिगो उपयोगका लागि संस्थागत उपयोग सम्वन्धि संयन्त्र

नेपालको संविधान २०७२ को भाग ३, धारा ३५ को उपधारा ४, स्थानीय सरकार सञ्चालन ऐन,२०७४ र जलस्रोत नियमावली २०७७ ले आफ्नो क्षेत्रभित्रका नागरिकहरुलाई खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापनको लागि स्थानीय तहहरुलाई प्रदत्त कानूनी भूमिका र जिम्मेवारीलाई मनन गर्दै, सबैको लागि स्वच्छ खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) सुविधा उपलब्ध गराउनुका साथै पानीको उपयोग मार्फत गरिने जीवकोपार्जनका प्रयासहरुबाट आफ्नो क्षेत्रभित्रका नागरिकहरुको स्वास्थ्य अवस्थामा सुधार ल्याउने मोहन्याल गाउँपालिकाको लक्ष्य रहेको छ ।

दिगो विकास लक्ष्य (लक्ष्य नं. ६) बमोजिम सन् २०३० भित्रमा सबैको लागि खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) सुविधाको दिगो व्यवस्थापन सुनिश्चित गर्ने कुरामा गाउँपालिका प्रतिवद्ध रहदै जलस्रोत व्यवस्थापन ऐन २०७७ र खानेपानी स्वच्छता व्यवस्थापन निर्देशिका २०७७ तयार गरेको छ। यस गाउँपालिकाले खानेपानी, सरसफाइ तथा स्वच्छताको दिगो ब्यवस्थापनका लागि गाउँपालिका स्तरिय खानेपानी सरसफाइ तथा स्वच्छता समन्वय समिति गठन, खानेपानी तथा सरसफाइ समिति गठन, खानेपानी तथा सरसफाइ इकाई गठन, वडा स्तरिय खानेपानी सरसफाइ तथा स्वच्छता समन्वय समिति गठन र टोल स्तरिय खानेपानी सरसफाइ तथा स्वच्छता समन्वय समिति गठन गरिएको छ।

## ३.९ जलस्रोतमा विवाद

जलउपयोग गुरुयोजना तयारीको क्रममा प्राविधिक एबं सामाजिक विश्लेषण गर्दा स्थानीय समुदायको सहयोगमा यस गाउँपालिकामा कुल ५५५ वटा पानीका स्रोतहरुको पहिचान गरिएको छ। स्रोत पहिचानको समयमा यी स्रोतहरुमा विवाद छ छैन भनी एकिन गरिएको थियो। हाल सम्म बिगतमा जलस्रोत सम्वन्धि विवाद वा न्यायीक समितिमा उजुरि नपरेको गाउँपालिका न्यायीक समितिबाट जानकारि प्राप्त भएको छ। यस गाँउपालिकामा जलस्रोत सम्वन्धि विवाद आउन नदिन पानीको उपयोग सम्बन्धी योजनाहरु बनाउदा सहभागीतात्मक योजना तर्जुमा प्रक्रियालाई ध्यान दिइएको सरोकारवालाहरुले सर्वेक्षणका क्रममा जानकारी दिएका छन्।

# अध्याय ४ गुरुयोजना कार्यान्वयन रणनीति र परिकल्पना

यस मोहन्याल गाउँपालिकाको जलउपयोग गुरुयोजनाको समिक्षा तथा समायोजन कार्य स्थानीय जनप्रतिनिधीहरु लगायत विद्यमान सरोकारवालाहरुको व्यापक सहभागिता, सकृयता तथा चरणबद्ध कार्यतालिका अनुसार गाउँपालिकाका बस्तीहरुको वास्तविक अवस्था, विद्यमान स्रोत साधनहरुको सम्भावना तथा वर्तमानको वास्तविक आवश्यकतामा आधारित भई निर्माण गरिएको छ। गाउँपालिकाले गुरुयोजनालाई पञ्च बर्षीय आवधिक योजनाका रुपमा कार्यान्वयन गर्ने रणनीतिका साथ गाउँपालिकामा सम्पन्न जलउपयोग गुरुयोजनाको योजना तर्जुमा गोष्ठीमा व्यापक छलफल गरिएको थियो ।

## ४.१ गाउँपालिकाको रणनीतिक प्राथमिकता

- गाउँपालिकामा बसोबास गर्ने सबै जनसंख्याका लागि आधारभूत स्तरको खानेपानी आपूर्ति गर्ने। खानेपानी आपुर्तिका लागि मापदण्डमा आधारित प्राथमिकिकरणका औजारको आधारमा गरिएका योजनाहरुलाई क्रमस: कार्यान्वयन गर्ने ।
- प्रत्येक खानेपानी योजनाहरुमा पानी सुरक्षा योजना लागू गर्नुका साथै पानीको गुणस्तरमा ध्यान दिने।
- सबै सार्वजनिक स्थान एवं सघसंस्थामा शौचालय तथा सरसफाइ प्रवर्धन सुनिश्चित गर्ने तथा घरधुरी स्तरमा रहेका सबै अस्थायी प्रकृतिका शौचालयहरुको स्तरोन्नति गर्ने।
- पानीका स्रोतहरुमा ह्रास हुन नदिन तथा स्रोत संरक्षणका लागि पानीको पुनर्धारण, पुनर्भरण तथा पुनर्प्रयोग प्रविधिका बारे उपभोक्ता स्तरमा सचेतना क्रियाकलापहरु सञ्चालन गर्ने र सूचना, शिक्षा, सञ्चार सामग्री निर्माण गरी नागरिक सचेतना बढाउने।
- योजनामा उपभोक्ताको अपनत्व बढाउन योजना सञ्चालनका लागि सञ्चालनपूर्व नै उपभोक्ताको लागत योजना तय गरी सक्रिय सहभागिता तथा योगदानको सुनिश्चितता गर्ने ।
- योजनाहरुलाई नियमित मर्मत सम्भार गरी दिगो बनाउन अनिवार्य मर्मत सम्भार कोषको व्यवस्था गर्ने।
- पानीको उत्पादनशिल प्रयोगमा नीतिगत प्राथमिकताका साथ काम गर्ने साथै उत्पादनमुलक क्षेत्रमा लगानी बृद्धी गर्दै आयआर्जनका क्रियाकलापहरुमा जोड दिने।
- स्रोत संरक्षण, पानीको बहुउपयोगका लागि सरोकारवालाहरुसंग साझेदारी गर्ने।
- योजना निर्माण, कार्यान्वयन तथा अनुगमन संयन्त्रहरुमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई मुलप्रभाह गर्ने ।
- समग्रमा जल उपयोग गुरुयोजनामा रहेका जलस्रोतसंग सम्बन्धित योजनाहरुको सफल सञ्चालन तथा दिगोपनाका लागि स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले प्रदान गरेका अधिकारहरुको उपयोग गरी आवश्यक ऐन, नियम र विनियमहरु तर्जुमा गरी कार्यान्वयन गर्ने रणनीति गाउँपालिकाले लिएको छ।

## ४.२ जलाधार क्षेत्र व्यवस्थापनका लागि एकिकृत जलस्रोत व्यवस्थापन

मोहन्याल गाउँपालिकामा मुख्य जलाधार क्षेत्रको रुपमा रहेको कर्णाली नदी र उप-जलाधारको रुपमा रहेका अन्य खोला, नदीनाला र तालतलैयाको पानी कर्णाली नदीमा मिसिन्छ। मोहन्याल गाउँपालिकामा प्राय सवै जसो नदीघाँटी तथा जलाधार क्षेत्रहरुको नजिकै वरिपरी मानिसको वस्ती रहेको पाईन्छ। गाउँपालिकामा समुदायका मानिसहरुले जीविकोर्पाजनको लागि आवश्यक पर्ने आधारभूत आवश्यकताहरु जस्तै; सिंचाइ, माछापालन  आदीका लागी जलाधार तथा उप-जलाधार क्षेत्रहरुमा निर्भर हुदै आएका छन्। जलाधार तथा उप-जलाधार क्षेत्रमा रहेका समुदायहरुको जीविकोपार्जन र त्यस्तो क्षेत्रमा उपलव्ध हुदै आएको प्राकृतिक स्रोतहरुको विचमा गहिरो सम्वन्ध रहेको हुन्छ।
मोहन्याल गाउँपालिकाले जलाधार क्षेत्रमा एकीकृत जलस्रोत व्यवस्थापनका सिद्धान्तमा आधारित जलउपयोग गुरुयोजना लागु गरी समग्र पर्यावरणको दिगोपनमा संझौता नगरिकन समन्यायिक तवरले आर्थिक-सामाजिक लगायत जल, जमीन तथा सम्बद्ध स्रोत साधनहरूको समन्वयात्मक विकास तथा व्यवस्थापन गर्ने नीति लिएको छ।

खानेपानी तथा सरसफाइमा पहुँचलाई संयुक्त राष्ट्रसंघले आधारभूत मानव अधिकारको रूपमा घोषणा गरेको र नेपालको संविधानले समेत आधारभूत मानव अधिकारको रूपमा आत्मसात गरेकोले यस नगरपालिकाले खानेपानी तथा सरसफाइलाई आधारभूत अधिकारको रूपमा सेवा विकास गर्ने नीति लिएको छ।

एकीकृत जलस्रोत व्यस्थापन लागु गर्नको लागि गाउँपालिकाले जलउपयोग गुरुयोजनालाई एक औजारको रुपमा अबलम्बन गरेको छ। एकीकृत जलस्रोत व्यवस्थापनका डब्लिन सिद्धान्तहरु तथा जलस्रोतको उपयोग एवं जलस्रोतहरूको संरक्षणका लागी बनेका जलस्रोत सम्बन्धि नेपाल सरकारका ऐन, कानुन, नीति एवं योजनाहरूको परिपालना गदै मोहन्याल गाउँपालिकाको जलउपयोग गुरुयोजनाले यसका लक्ष्य तथा उद्देश्यहरू हासिल गर्न तपसिल अनुसारका नीति नियमको तर्जुमा तर्फ ध्यान दिनु पर्ने आवश्यकता रहेको छ।

एकीकृत जलस्रोत व्यवस्थापन मार्फत योजना तर्जुमा योजना तर्जुमा, नीति निर्माण र कार्यान्वयनमा सबैको सहभागीता पानीको बहुउपयोगीता, बिबेकपूर्ण उपयोग तथा उत्पादनशिल प्रयोगजलवायु परिबर्तन अनुकुलन र जोखिम व्यवस्थापनका लागी नीति तर्जुमा, सरोकारवालाहरुको क्षमता विकास र ठोस कार्यान्वयन पानीको पुनर्भरण, पुनर्धारिण र पुनर्प्रयोग लगायत समुदायका मौलिक सिपहरुको उपयोग मार्फत पानीका स्रोतहरुको संरक्षण समग्रमा एकिकृत जलस्रोत व्यवस्थापनका माध्यमले समग्र जलाधार क्षेत्रको समुचित र बिबेकपुर्ण विकास गर्न, जलाधार क्षेत्र भित्रको सम्पूर्ण प्राकृतिक स्रोतहरुलाई एकीकृत एवं दिगोरुपमा बिकास गरी गरीबी न्यूनिकरण गर्न पालिकाको बार्षिक योजना तर्जुमामा सरोकारवाला साझेदारहरु, समुदाय र जनप्रतिनिधीहरुले ठोस योजना निर्माण गरि कार्यान्यन गर्नु पर्ने आवश्यकता रहेको र सो का लागी सबैको सहकार्य, साझेदारि र प्रतिबद्धता रहेको जलउपयोग गुरुयोजना निर्माणका क्रममा आयोजना गरिएका योजना तर्जुमा गोष्ठीहरुमा सरोकारवालाहरुको धारणा रहेको छ। एकिकृत जलस्रोत व्यवस्थापनका लागी बिभिन्न क्रियाकलापहरु योजना तर्जुमा गोष्ठी मार्फत सहभागीहरुले गाउँकार्यपालिकामा सिफारिस गरि गुरुयोजनामा प्राथमिकिकरण सहित समावेश गरेका छन्।

## ४.३ एकजल अवधारणा

जलाधार क्षेत्र व्यवस्थापन अन्तरगत स्रोतहरुको संरक्षण र व्यवस्थापन, जलाधार र समुदायमा पानीको विद्यमान अवस्था विचार गर्दै दिगो उपयोग नीति र पानीको उत्पादनशिल उपयोगमा एक जल अवधारणाले जोड दिन्छ। एक जल अवधारणाको अवलम्बनले समग्र प्रणालीगत दृष्टीकोणले उपयोग गरि पानीको आपुर्ति र सरसफाइको गुणस्तरिय सेवा, परिणाम र समतामुलक जलस्रोत व्यवस्थापन गरि पानीको दिगोपना हासिल गर्न मद्दत्त गर्दछ। एक जल प्रणाली अन्तर्गत निम्न कार्यहरु प्राथमिकताका साथ गरिन्छ।

- सुरक्षित रुपमा खानेपानीको व्यवस्थापन, बहु उपयोगी जल प्रणाली र खानेपानी तथा सरसफाइ उपभोक्ता समितिहरु मार्फत प्रभावकारि रुपमा योजना तर्जुमा, कार्यान्वियन र व्यवस्थापन,
- दिसाजन्य लेदोको सुरक्षित ढंगले व्यवस्थित तथा दिगो व्यवस्थापन सेवा, त्यसको उपचारका लागि आवश्यक प्लान्ट र त्यसको पुर्नउपयोगबाट आर्थिकोपार्जनको अवसरहरु प्रदान गर्ने,
- स्थानीय सरकार र समुदायका साझेदार सरोकारवालाहरुको क्षमता विकास र जलस्रोतको न्यायोचित व्यवस्थापन गर्ने,
- पानीको दिगो सेवाका लागि राम्रोसंग संरक्षित र व्यवस्थित पानी प्रभावित क्षेत्रहरुमा पारिस्थितिकीय जल प्रभाव सुनिश्चित गर्ने।

गाउँपालिकाको योजना तर्जुमा गोष्ठीमा भएका छलफलमा पानीका स्रोतहरुको उपयुक्त व्यवस्थापन, दिगो उपयोग र लाभलाई समतामुलक वितरण गर्न यो अवधारणा निकै उपयोगी हुन सक्ने सहभागीहरुले धारणा राखेका थिए भने गाउँपालिका जनप्रतिनिधीहरुले गाउँपालिकाको बार्षिक कार्यक्रमहरुमा जलस्रोत क्षेत्रको समग्र व्यवस्थापन र विकासका लागि एकजल अवधारणालाई आत्मसात गर्दै कार्यान्वियन गर्ने प्रतिवद्धता गरेका छन् ।

## ४.४ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण अवधारणा

पानी संग सम्बन्धित क्रियाकलापहरुमा घरायसीस्तरमा महिलाहरु तथा जीविकोपार्जन वा उत्पादनशिल प्रयोगको हिसाबले समुदायका केहि निश्चित वर्ग, समुदायको पानी संग बढी सरोकार हुने हुँदा जलउपयोग गुरुयोजनाको तयारी चरण देखि कार्यान्वयन तहसम्म महिला र त्यस्ता पछाडी पारिएका बर्गहरुको सहभागिता र नेतृत्व सुनिश्चित गरिन्छ। गुरुयोजनाले पानी वा जलस्रोतको विनियोजन, सुशासन र वित्तका पक्षहरु सम्मको पहुँचमा सबैभन्दा ठूलो असमानताहरु अनुभव गर्ने जनसंख्याको विशेष आवश्यकताहरुलाई सम्बोधन गर्दै उमेर, लिंग, धर्म, जाती, अपाङ्गता, भूगोलका आधारमा आउने अवरोधहरु र त्यसबाट आधारभूत सेवाहरुको पहुँचमा पर्ने असरलाई कम गर्ने र प्राथमिकता दिन सहयोग पुरयाउँदछ।

मोहन्याल गाउँपालिकामा लैङ्गिक र सामाजिक समावेशीकरणको क्षेत्रमा सम्बोधन गर्नु पर्ने थुप्रै मुद्दाहरु छन्। अझै पनि गाउँपालिकाका केहि स्थानमा अशिक्षा, गरिबी र परम्परावादी सोचका कारण लैङ्गिक र जातीय विभेद विद्यमान छ। राजनीति, प्रशासन र सामाजिक तथा सार्वजनिक क्षेत्रमा महिला तथा दलितको उपस्थिति र भूमिका निकै कमजोर पाईएको छ। *(जलउपयोग गुरुयोजना निर्माणका समय गरिएका समुदाय भेटघाट तथा अन्तरक्रियाहरुका आधारमा)*

मोहन्याल गाउँपालिकाले आफ्नो हरेक वर्षका वार्षिक नीति तथा कार्यक्रममा लैङ्गिक र सामाजिक समावेशीकरणका लागि विभिन्न नीतिगत व्यवस्था तथा क्रियाकलापहरुको संचालन गरेको देखिन्छ तथापी गरिएका प्रयासहरु अझै पनि पूर्णरुपमा सफल हुन सकेका छैनन् । गाउँपालिकामा अझै पनि छुवाछुत, छाउपडी प्रथा, बाल-बिवाह र बहु-बिवाह जस्ता सामाजिक बिकृतीहरु बिद्यमान रहेका छन् ।

गाउँपालिकासंगका छलफल र सरोकारवालाहरुले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई सुनिश्चित गर्न जलउपयोग गुरुयोजनाको कार्यान्वयन प्रक्रियामा पारदर्शीता, सहभागिता र जवाफदेहिता को असल अभ्यास मार्फत सुशासनको प्रवर्द्धन र लैङ्गिक समानता तथा सामाजिक समाबेशिकरण को सुनिश्चितता गराउन तपसिलका नीति अवलम्बन गर्न सरोकारवालाहरुलाई सचेत गराउने तथा गाउँपालिकाले उपरोक्त नीतिहरु निर्दिष्ट सयन्त्र मार्फत कार्यान्वयन सुनिश्चिता गर्ने प्रतिवद्धता गरिएको छ।

- प्रत्येक वर्ष यस गाउँपालिका लगायत अन्य कार्यरत संघ संस्थाहरुको जलस्रोत, सरसफाइ र स्वच्छता को क्षेत्रमा उपलब्ध बजेट समिक्षा गरी सो बारे सबै उपभोक्तालाई अग्रिम जानकारी गराइनेछ।
- उपलब्ध बजेट तथा जलस्रोत, सरसफाइ र स्वच्छतासित सम्बन्धित अन्य सूचना तथा जानकारी मा सबै उपभोक्ताहरुको पहुँचका लागि आम संचार माध्यमको प्रयोग गरिनेछ।
- यो जलउपयोग गुरुयोजना यस गाउँपालिका भित्र जलस्रोत , सरसफाइ र स्वच्छताका क्षेत्रमा गरिने सम्पुर्ण लगानीहरुको प्रमुख आधारको रुपमा रहनेछ। उपलब्ध बजेट तथा स्रोत साधनले सम्भव भए सम्म परियोजनाहरु कार्यान्वयन गर्दा जलउपयोग गुरुयोजनामा उल्लेखित प्राथमिकता अनुरुप नै गरिनेछ।
- जलउपयोग गुरुयोजना तर्जुमाको चरणमा  यस गाउँपालिकामा महिलाहरुको सहभागिता निकै न्युन पाईएको छ तथापी गुरयोजनाको कार्यान्वयन चरणमा थप प्रयासहरु सहित महिलाहरुको समान सहभागिता तथा दलित, जनजाती तथा पछाडी पारिएका वर्गको समानुपातिक प्रतिनिधित्व हुने गरी सम्बन्धित उपभोक्ताहरुको सकृय सहभागिता रहनेछ। योजनाहरुको निर्माण, सञ्चालन तथा मर्मत सम्भार सम्बन्धित उपभोक्ताहरुले गठन गरेको उपभोक्ता समितिको प्रत्यक्ष संलग्नतामा हुनेछ।
- सवै उपभोक्ता समितिहरुमा सम्बन्धित क्षेत्रमा बसोवास गर्ने महिलाहरुको समान तथा बिभिन्न जात जातीहरुको समानुपातिक प्रतिनिधित्व सुनिश्चित गरिनेछ। समितिका प्रमुख पदहरुमा समेत महिलाहरुको कम्तिमा ५०%, सामाजिक बिभेदमा परेका जात जातीहरुको समानुपातिक प्रतिनिधित्व अनिवार्य गरिनेछ।
- गुरुयोजना कार्यान्वयनमा उपभोक्ता समिति गठन तथा पुनर्गठन गर्दा लैङ्गिक  समानता तथा सामाजिक समाबेशिकरणलाई ध्यान दिदै महिलाहरुको समान सहभागिता तथा दलित, जनजाती तथा पछाडी पारिएका वर्गको समानुपातिक प्रतिनिधित्व हुने गरी पदाधिकारी तथा सदस्यहरु समावेश गरिनेछ।
- यो जलउपयोग गुरुयोजना कार्यान्वयनको क्रममा महिला र सामाजिक बिभेदमा परेका जात जातीहरुको क्षमता अभिबृद्धीका लागि बिशेष पहल गरिनेछ। उनीहरुलाई नै लक्षित गरेर बिभिन्न क्षमता बिकास क्रियाकलापहरु सञ्चालन गरिनेछन् साथै क्षमता विकासका कृयाकलापहरुको लागि सहभागी छनौट गर्दा समेत लैङ्गिक समानाता तथा सामाजिक समाबेशिकरण लाई ध्यान दिनुपर्नेछ।
- स्रोत र साधनले भ्याएसम्म यस अन्तरगत निर्माण गरिने सबै भौतिक संरचनाहरुलाई महिला, बालबालीका, अपाङ्ग र जेष्ठ नागरिक मैत्री बनाइनेछन् । मुख्यतया खानेपानी र सरसफाइ परियोजनाका सबै संरचनाहरु

महिलाहरुको महिनावारीको बेलाको स्वच्छता व्यवस्थापन, छुट्टै शौचालयको व्यवस्था र उनीहरुको घरायसी कार्य बोझ न्यूनिकरण हुने गरी निर्माण गरिनेछन्।

- खानेपानी सरसफाइ र स्वच्छताको सेवा क्षेत्र नपुगेका वा कम भएका क्षेत्रलाई प्राथमिकता दिने र बजेट वृद्धि गर्ने तदनुसार विनियोजित बजेटले अति-गरीब पछाडि पारिएका वर्गहरुको उच्च जनसंख्या भएको क्षेत्रलाई प्राथमिकतामा राखिनेछ।
- खानेपानीको धारा, शौचालय निर्माण गर्दा आवश्यक पर्ने लागतमा गरिब तथा सीमान्तकृत परिवारलाई सहुलियत दिइनेछ।
- कठिन परिस्थिति र विशेष अवस्थाका कारण पानीको महसुल तिर्न नसक्ने गरिब तथा सीमान्तकृत समुदायलाई पानीको महसुलमा अनुदान वा छुट दिइनेछ।
- खानेपानी सम्बन्धी सचेतना अभियान र सरसफाइ अभियानहरुमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको बिषय समाबेश हुनुपर्दछ सबै प्रशिक्षणमा अनिवार्य महिला, सीमान्तकृत र पछाडि पारिएका वर्गलाई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी तालिम दिइनेछ।
- ग्रामीण मर्मत सम्भार कार्यकर्ता, शौचालय निर्माणकर्ता र सरसफाइ प्रवर्द्धक छनोटको मापदण्ड महिला, गरीब र बहिष्कृत वर्ग मैत्री हुनेछन्।
- महिला, गरिब र बहिष्कृतका मुद्दाहरुलाई सम्बोधन गर्न खानेपानी उपभोक्ता तथा सरसफाइ समितिका लागि सम्झौतामा शर्तहरु रहनेछन् ।
- महिला, गरिब र बहिष्कृतको आवश्यकतालाई सम्बोधन गर्ने क्रियाकलापका लागि पर्याप्त बजेट विनियोजन गर्ने, यी समूहको क्षमता अभिवृद्धिका क्रियाकलापहरु बार्षिक योजनामा राखि कार्यान्वयन गरिनेछन्।
- निर्माण सामग्री खरिद गर्दा महिला सहकारी तथा अन्य महिला, गरिब र बहिष्कृत समूहलाई सामग्रीको स्थानीय आपूर्तिकर्ताहरुलाई अनुकुल वातावरण श्रृजना गर्ने तर्फ पहल गरिनेछ।
- योजना तथा क्रियाकलापहरुको अनुगमन गर्दा महिला, बालबालिका, गरिब तथा बहिष्करणमा परेका समुदायको सहभागिता सुनिश्चित गरिनेछ ।
- छुवाछुत, छाउपडी प्रथा, बाल-बिवाह र बहु-बिवाह जस्ता सामाजिक बिकृतीहरु बिरुद्ध शुन्य सहनसिलताको नीति लिईनेछ।
- सार्वजनिक लेखापरीक्षण गर्दा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मुद्दाहरु सार्वजनिक अडिट दिशानिर्देशहरु अनुसार सम्बोधन गरिनेछ।

## ४.५ पानीको उत्पादनशिल प्रयोग

पानीलाई खानेपानी प्रयोजनका लागि मात्रै प्रयोग गर्ने र संस्थागत र दिगो विकासका लागि ध्यान नदिदा समुदायमा योजनाहरु डिजायन अवधीसम्म संचालनमा राखि राख्न समस्या रहेको स्थिति बिद्यमान छ। योजनाहरुमा पानी उपयोग बाफतको शुल्क उठाउने र उठेको रकमबाट योजनामा हुन आएने बिभिन्न स-साना मर्मत कार्यहरुमा उपयोग गर्न सकिए योजनाहरुको संचालनलाई सहज र दिगो बनाउन सकिन्छ। गाउँपालिकामा गरिएका प्राबिधिक र सामाजिक सर्बेक्षणमा गरिएका छलफलमा पानी शुल्क उठाउने र योजनाहरुको उपभोक्ता स्तरबाटै स्वस्फुर्त समयानुकुल मर्मत सभ्भार गर्ने गरेको निकै नै कम अभ्यास छन् ।

पानीको उपभोगमा पुस्तान्तरण गर्न र दिगो योजनाका लागि संस्थापन व्यवस्थापन, मर्मत सम्भार कोष, पानी शुल्क लगायत पारदर्शि सयन्त्र स्थापना र समाबेशीताका सिद्धान्त अवलम्बन गर्नु आवश्यक देखिन्छ। पानीको उत्पादनशिल प्रयोग मार्फत समुदायको आयआर्जन बृद्धी गर्न सकिए कोष उठाउन र योजनाहरुको मर्मत सम्भार समय गरि पानीको उपभोग दिगो र निरन्तर गर्न सकिन्छ।

समुदायमा पानीको बहु-उपयोग मार्फत उत्पादनशील क्षेत्रहरुमा प्रयोग गर्ने, धाराबाट खेरजाने पानी करेशाबारी तथा तरकारी खेतीमा प्रयोग गर्ने, स्रोतहरु उपलब्ध हुने समुदाय तथा बस्तीहरुमा पानीको बहु-उपयोग गर्ने नीति अपनाई खानेपानी संगै आधुनिक सिंचाइका योजनाहरुको पनि कार्यान्वयन गर्ने तर्फ गाउँपालिकाले नीति तर्जुमा गरि कार्यान्वयनमा जानु दिगो योजना कार्यान्वयनका लागि आवश्यक छ । खेरजाने पानीले समुदायको वातावरणलाई फोहोर तुल्याउनका साथै विभिन्न रोगहरु/महामारीहरु समेत निम्त्याउन सक्ने, लामखुट्टे, झिंगा जस्ता किराहरुको प्रकोप बढ्ने हुदा त्यसको उचित ब्यबस्थापन गरिने नीति अवलम्बन सहित पानीको प्रयोग मार्फत आयआर्जनका अवसरहरु श्रृजना गर्ने र समुदायले पानीको उपयोग बाफतको शुल्क संकलन गरि पानीका योजना तथा स्रोतहरु संरक्षणमा लगानी गर्ने, स-साना आर्थिक स्रोतहरुका लागि बाह्य स्रोत र परनिर्भरता हटाउन पानीलाई उत्पादनसिल प्रयोग गर्नु आवश्यक देखिन्छ। जलउपयोग निर्माणका क्रममा मोहन्याल गाउँपालिका भित्र पानीको उत्पादनशिल प्रयोग गर्न सक्ने अवस्था प्रयाप्त रहेका र पानीको बहुउपयोगीता तथा दिगो संस्थागत व्यवस्थापकिय पक्षमा जोड दिनु पर्ने सरोकारवालाहरुको बुझाई रहेको छ।

## ४.६ प्रविधि विकल्प

प्राकृतिक तथा मानवश्रृजित क्रियाकलापहरुले जलवायु परिवर्तन लगायत प्रकृतिमा हुँदै गईरहेको असन्तुलनले गर्दा पानीका स्रोतहरुमा पानीको बहाव कम हुँदै गईरहेको तथा बर्षातको समयमा अतिवृष्टि हुँदा पहिरो जाने, खोला नजिकका बस्तीहरु बाढी कटानमा पर्ने समस्याहरु दिनानु दिन बढ्दै गरिरहेका छन्। यस मोहन्याल गाउँपालिकामा पानीका स्रोतहरु मानव वस्तीहरुको बिस्तार, सडक लगायत पूर्बाधारहरुको विकास, घट्दो जंगल आदी कारणले घटदै गईरहेको स्थानीयहरुको महशुषीकरण रहेको छ । जलस्रोतको घटदो क्रमसंगै समुचित उपयोगका लागि विभिन्न बिकल्प तथा प्रविधिहरु बारे सयमै ध्यान पुऱ्याउन सकिएन भने यसले भबिष्यमा अपठ्यारो अवस्थाको सामना गर्नु पर्ने सरोकारवालाहरुको साझा बुझाई रहेको छ। यस जलउपयोग गुरुयोजना निर्माणका क्रममा गरिएका सर्बेक्षणका आधारमा मोहन्याल गाउँपालिकाका लागि प्रबिधि विकल्पहरु निम्न अनुसार सुझाव गरिएका छन् ।

- गाउँपालिकामा बिगतमा संचालित खानेपानी योजनाहरुको संचालनमा पानीको स्रोतहरुको गुणस्तरका कारण समस्या हुदै आएकोमा योजनाहरुलाई सुचारु अवस्थामा राख्न विकसित भएका उपयुक्त प्रबिधिको प्रयोग गर्न बिज्ञहरुको परामर्श सहित साझेदार संस्थाहरुसंग सोको न्यूनीकरणका लागि साझेदारी । साथै गाउँपालिका खानेपानीको मुख्य स्रोतहरु मुहान, खोलाहरु रहेको र पानीमा विभिन्न भौतिक तथा जैविक परिक्षणका नतिजाहरुको बिश्लेषण सहित पानी शुद्धीकरण गर्ने उपायहरु बारे जनचेतना कार्यक्रमहरु संचालन गर्ने ।
- पानीका स्रोतहरुमा पानीको मात्रा प्रपाप्त भएका स्रोतहरुको उपयोग सहित पानीको बहुउपयोगी योजना संचालनमा जोड ।

- बर्षातको समयमा हुन सक्ने संभावित जोखिम व्यवस्थापन गर्न भबिष्यमा निर्माण गरिने खानेपानी तथा सिंचाइ योजनाका प्रस्तावित संरचनाहरुलाई प्रकोप बहन गर्न सक्ने क्षमताको आकलन सहित आवश्यक सुरक्षात्मक उपाय सहित डिजायन गर्ने र सोहि अनुरुप निर्माण गर्ने ।
  सुझाईएका प्रविधिहरु जस्तैः संरचनाहरु निर्माण स्थल छनोट गर्दा जोखिम न्यून भएका क्षेत्र चयन गर्ने, संरचनाहरु वरिपरि तारबार वा स्थानीय सिप साधन सहित संरक्षण गर्ने, पाईपलाईनहरु पुर्दा चपरा ले छोपी चाडै घाँस लगायत माटो स्थिर हुने उपाय अपनाउने, सिंचाइ कुलोहरु लगायत खुला ताल पोखरि निर्माण गर्दा संभावित मानवीय तथा पशुचौपाया क्षतीलाई ध्यान दिदै उपयुक्त तरिकाले बन्द गर्ने जस्तै तार जालि वा स्लेब, पानी जम्मा ट्याङ्किहरु समुदाय नजिग निर्माण गर्दा काँडे तार भन्दा ग्याभिन तार वा उपयुक्त प्रबिधि सहित सुरक्षण गर्ने, ठुलो मात्रामा पानी भण्डारण हुने संरचना सम्भावित जोखिम नहुने गरि समुदाय भन्दा दुरीमा सुरक्षित स्थानमा निर्माण गर्ने, संरचनाहरु निर्माण गर्दा संरचनाको माथि तिर भल तर्काउने, धाराहरुको पानी खेरजान नदिने वा प्रयोग भई सकेको पानीको उपयुक्त बिसर्जन गर्ने जस्तै करेसाबारी वा नजिगको सुरक्षीत स्थान, मुहान संरक्षण र मुहान माथि वृक्षारोपण गर्ने र पानी दुषित हुनबाट जोगाउन खुला चरिचरन बन्द गर्ने, शौचालयहरु मुहान माथि वा नजिकै नबनाउने जस्ता क्रियाकलापहरुमा जोड दिने ।
- पाइप प्रणाली (ग्राभीटि ) बाट खानेपानी आपूर्ति गर्न नसकिने बस्ति/समुदायहरुमा सोलार/बिधुत लिफ्ट जस्ता प्रबिधिहरुबाट खानेपानी आपूर्ति गर्ने र त्यस्तो पनि बिकल्प नभएको अवस्थामा बर्षातको पानी सङ्कलन गर्ने प्रबिधिका योजनाहरु निर्माण गरि पानी आपुर्ति गर्ने ।
- पानीको स्रोतमा मात्रा कम रहेका तथा अन्य बिकल्प नभएका समुदायमा Point Source Improvement र पानीलाई बर्षातको समय भण्डारण गरि उपयोग गर्ने ।
- परम्परागत खाल पोखरिहरुको संरक्षण गर्दा सिमेन्ट संरचनाहरुको कम बन्दा कम प्रयोग गरि संरक्षण गर्ने।
- कम लागतमा छोटो समयमा संचालनमा ल्याउन सकिने सिंचाइ प्रबिधिहरु अपनाउने जस्तै माटो र सिमेन्टको मिश्रणबाट तयार गरिने पोखरि, प्लाष्टिक पोखरिहरु, पाईप सिंचाइ, थोपा सिंचाइ, फहरा सिंचाइ
- पानीको कम मात्रा खपत हुने र समुदाय नजिगै निर्माण गर्न सकिने र वातावरण चक्रलाई समेत सहयोग पुऱ्याउने सुधारिएको घट्ट लगायतका निर्माणलाई खानेपानी वा अन्य योजनासंगै निर्माण गरि पानीको उत्पादनशिल प्रयोग गर्ने।

## ४.७ मापदण्डमा आधारित प्राथमिकिकरण औजार

गुरुयोजनामा प्रस्तावित खानेपानीका योजनाहरुको वडा र गाउँपालिकास्तरमा प्राथमिकीकरणका लागि युएसएआइडी कर्णाली जल परियोजनाले मापदण्डमा आधारित प्राथमिकीकरणका औजारहरु (CBRT tools) को प्रयोग गरिएको थियो भने अन्य क्षेत्रका लागि योजना प्राथमिकिकरण गर्दा समुदाय र योजना तर्जुमा गोष्ठीका सहभागीहरुले अपनाएका सुचकहरुको प्रयोग भएको थियो।

जलउपयोग गुरुयोजनाका खानेपानी क्षेत्रका योजना प्राथमिकिकरणमा प्रयोग भएको मापदण्डमा आधारित प्राथमिकिकरण औजारको प्रयोग गर्न निकै सहज, योजना तर्जुमा र प्राथमिकीकरणमा हुने बिबाद न्युनिकरणमा सहयोगी रहेको, महिला, गरिब बिपन्न र पछाडी पारिएका बर्ग/ खानेपानीको पँहुच नपुगेका

(सेवा बिहिन), भौगौलिक कठिनाई भएका क्षेत्र/ समुदायहरुलाई प्राथमिकता दिने, सेवा केन्द्रहरु लगायत बस्ती घनत्व भएको स्थान बिशेषका योजनाको माग सम्बोधन गर्नका साथै समतामुलक ढंगबाट माग सम्बोधन गर्न अत्यन्तै महत्वपूर्ण रहेको योजना तर्जुमा गोष्ठीका सहभागीहरुको प्रतिक्रिया रहेको थियो।

खानेपानी क्षेत्रका योजना प्राथमिकिकरणका लागि तर्जुमा गरिएका मापदण्डमा आधारित प्राथमिकीकरण औजारका सूचकहरु तथा अन्य क्षेत्रका लागि योजना प्राथमिकिकरण गर्दा समुदाय र योजना तर्जुमा गोष्ठीका सहभागीहरुले अपनाएका सुचकहरुको विवरण तलको तालिकामा प्रस्तुत गरिएको च।

**मापदण्डमा आधारित प्राथमिकिकरण औजार**

| क्षेत्र | प्राथमिकिकरणका आधारहरु |
|---|---|
| खानेपानी योजना (नयाँ मर्मत तथा पुनरनिर्माण) | • खानेपानी योजनाहरु – खानेपानी योजनाहरु – CBRT विधिका आधारमा।<br>• सेवा नपुगेका क्षेत्र तथा अति कठिनाइमा रहेका वर्गलाई प्राथमिकता दिने।<br>• अति गरिव तथा पछाडी परेका वर्गहरुलाई प्राथमिकता दिने।<br>• कम लगानीमा धेरै जनसख्या लाभान्वित हुने क्षेत्रलाई प्राथमिकता दिने।<br>• असल व्यवहार तथा प्रतिबद्धता भएका समुदायलाई प्राथमिकता दिने।<br>• जनसख्या बृद्धि भईरहेका क्षेत्रलाई प्राथमिकता दिने।<br>• लक्षित सुविधा स्तर हासिल तथा सेवा क्षेत्र विस्तारलाई प्राथमिकता दिने। |

**Crietria Based Ranking Tool (CBRT) मुख्य सूचक विवरण**

| क्र.सं. | मुख्य सूचक | अंकभार | कैफियत |
|---|---|---|---|
| 1 | समाजमा पछाडी परेका समुदायहरुको घरधुरी प्रतिशत | १३ | धेरै घरधुरी प्रतिशतलाई धेरै अंक |
| 2 | सामुदायमा विद्यमान खानेपानी सेवास्तर अवस्था | १८ | न्यून सेवास्तरका धेरै घरधुरीलाई धेरै अंक |
| 3 | सामुदायमा लगानी मैत्री वातावरणको अवस्था | ५ | राम्रो वातावरण मैत्रीलाई धेरै अंक |
| | **जम्मा अंकभार** | **३६** | **बढी अंकलाई प्राथमिकता** |

| | |
|---|---|
| सिचाइ | • बढी सिचित क्षेत्रको आधारमा।<br>• आय अर्जनलाई टेवा पुऱ्याउने तथा बढी फाइदा हुने क्षेत्रलाई प्राथमिकता दिने।<br>• कम लगानीमा धेरै जनसख्या लाभान्वित हुने क्षेत्रलाई प्राथमिकता दिने।<br>• बहु उपयोगी क्षेत्रलाई प्राथमिकता दिने। |
| वातावरण तथा पर्यावरण | • बढी जोखिम क्षेत्रलाइ आधार बनाउने।<br>• वातावरण सरक्षण तथा पहिरो रोकथाम सम्बन्धि योजनाहरुलाई प्राथमिकता दिने।<br>• मुल सरक्षण क्षेत्रलाई प्राथमिकता दिने। |

| | |
|---|---|
| | • वायो इन्जनियिरग तथा नदि काटान नियन्त्रण योजनाहरुलाई प्राथमिकता दिने। |
| ग्रामीण जलउर्जा | • बढी जनसख्या लाभान्वित हुने क्षेत्रलाई प्राथमिकता दिने।<br>• आय आर्जनलाई टेवा पुऱ्याउने तथा बढी फाइदा हुने क्षेत्रलाई प्राथमिकता दिने।<br>• लक्षित वर्गको बसोवास भएको क्षेत्रलाई प्राथमिकता दिने।<br>• मर्मत सम्भार तथा सेवा विस्तारका क्षेत्रलाई प्राथमिकता दिने। |

## ४.८ स्रोत संरक्षण

केहि समय यता बढ्दो सडक सजाल लगायत मानव श्रृजित अन्य पुर्वाधार विकास, बढ्दो शहरिकरण र जंगल फडानी, जलवायु परिवर्तनका कारणले भएका स्रोतहरु दिन प्रतिदिन कम हुदै गइ रहेका छन। जसका कारणले खानेपानीको समस्या दिनप्रतिदिन जटिल बन्दै गइरहेको छ। फोहोर र विषाक्त पानी खाँदा विभिन्न किसिमका रोग लाग्ने भएकोले स्वच्छ र पिउनयोग्य पानी आम नागरिकलाई पुऱ्याउनु अहिलेको अनिवार्य आवश्यकता रहेको गुरुयोजना निर्माणका क्रममा सरोकारवालाहरुको बुझाई रहेको साथै स्रोतहरुको संरक्षण र स्वच्छ सफा पानीको आपुर्ति बढ्दो जनसंख्या संगै प्राकृतिक सम्पदाहर जल जमिन जंगलमा अत्यधिक चापका कारणले निकै चुनौतीपूर्ण हुदै गएको बुझाई रहेको छ ।

यस गाउँपालिकाले स्रोत संरक्षणका लागि जलस्रोत व्यवस्थापन एन २०७७ र खानेपानी स्वच्छता व्यवस्थापन निर्देशिका २०७७ तयार गरेको छ। यसका साथै खानेपानी, सरसफाइ तथा स्वच्छताको दिगो ब्यवस्थापनका लागि गाउँपालिका स्तरिय खानेपानी सरसफाइ तथा स्वच्छता समन्वय समिति गठन, खानेपानी तथा सरसफाइ समिति गठन, खानेपानी तथा सरसफाइ इकाइ गठन, वडा स्तरिय खानेपानी सरसफाइ तथा स्वच्छता समन्वय समिति गठन र टोल स्तरिय खानेपानी सरसफाइ तथा स्वच्छता समन्वय समिति गठन गरिएका छन।

पानीका स्रोतहरु संरक्षण र दिगो उपयोगका लागि विकास निर्माणका गतिविधिहरु जस्तै सडक, बाटोघाटो निर्माण गर्दा वा अन्य पूर्वाधार निर्माण गर्दा पानीको प्राकृतिक मार्ग विनाश हुन नदिने तर्फ ध्यान दिने, उपजलाधार क्षेत्रहरुमा पानी सञ्चय र पुनर्भरणका गतिविधिहरुमा टेवा पुऱ्याउने, पानी संरक्षणका लागि ठाउँ ठाउँमा साना-ठूला पानी सञ्चय गर्ने भण्डारण पोखरिहरु तथा सहयोगी संरचना ( रिचार्ज पोखरी, रिचार्ज पिट, चेक ड्याम, बृक्षारोपण), स्रोतहरुको वरिपरि खुला चरिचरण नगर्ने/नगराउने, पानीका स्रोतहरुको वरिपरी घेरबार गर्ने तथा फोहर हुनबाट बचाउने, आगलागी, जंगल फडानी आदीलाई निरुत्साहित पार्ने, योजनाबद्द विकास निर्माण योजनाहरु थाल्ने साथै स्रोत संरक्षणमा समुदायको अगुवाई सुनिश्चित गरि जलाधारहरु बिच बिबाद समाधान सहित क्षमता अभिबृद्धी र बिबेकपुर्ण उपयोगको वातावरण निर्माण, सामुदायिक बनक्षेत्रहरुलाई बिस्तार र संरक्षण/सम्बर्द्धनमा टेवा पुऱ्याउने, नदी कटान, भु-क्षयीकरण, ढुंगा गिट्टी बालुवा आदीको नियमन उत्खनन र प्रयोग, पूर्वाधार निर्माण गर्दा स्रोतलाई असर नपर्ने र वातावरणमैत्री संरचना निर्माण साथै पानीका स्रोत नजिग संरचना निर्माण गर्दा बायो ईन्जिनियरिङ बिकल्प सहित संरचना निर्माण गर्ने, प्राकृतिक अवस्थालाई कायम, संरक्षण र प्रवर्धन गर्ने, गाउँपालिका स्तरमा संरक्षणका ठोस नीति नियम

तर्जुमा गरि कार्यान्वयनमा ल्याउनु पर्ने गाउँपालिकामा जलउपयोग गुरुयोजना निर्माणका समय छलफल भई सम्बद्द योजना तथा कार्यकर्महरु कार्यान्वयनका लागी प्रस्ताव गरिएका छन् ।

# अध्याय ५ जलउपयोग गुरुयोजना

## ५.१ अन्तर विश्लेषण

जलउपयोग गुरुयोजना एक समग्र, सहभागितामूलक र समावेशी योजना तर्जुमा प्रक्रियाको अवलम्बन सहित निर्माण हुने गाउँपालिकाको आवधिक योजना हो । गुरुयोजनाले जलस्रोतहरुको विकास र व्यवस्थापन तथा समुदायस्तरमा पानी सम्वन्धित सेवाहरुको समतामुलक उपयोग सहित गाउँपालिकालाई क्षेत्रगत योजना तर्जुमा गर्न सहयोगी महत्वपुर्ण औजारको रुपमा रहेको छ।

जलउपयोग गुरुयोजना गाउँपालिकाको विद्यमान जलस्रोतको दिगो विकास र समुचित उपयोगका लागि एउटा महत्वपुर्ण औजारका रुपमा रहेको छ। यस गाउँपालिकाको गुरुयोजना निर्माणका क्रममा जलस्रोत व्यवस्थापन कुर्सीले औल्याएका ४ वटा क्षेत्र खानेपानी, सरसफाइ तथा स्वच्छता, सिंचाइ, वातावरण / पर्यावरण संरक्षण तथा जलाधार क्षेत्र संरक्षण, जलउर्जासंग सम्वन्धित जलस्रोत क्षेत्रको तथ्याङ्कहरुको लगत संकलन र विश्लेषण, स्रोतगहरुको बर्तमानमा उपयोग स्थिति, संचालनमा ल्याईएका योजनाहरुको सेवाको स्थिति साथै गाउँपालिकामा समुदाय स्तरबाट सहभागीतामुलक योजना तर्जुमाका माध्यमबाट पानीसंग सम्वन्धित आवश्यकता पहिचान, विश्लेषण सहित क्षेत्रगत योजना तर्जुमा गरिएको थियो।

दिगो विकास लक्ष्य, लक्ष्य नं. ६ बमोजिम सन् २०३० भित्रमा सबैको लागि खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) सुविधाको दिगो व्यवस्थापन सुनिश्चित गर्ने सन्दर्भमा गाउँपालिका प्रतिवद्ध रहेको छ। नेपालको संविधान २०७२ को भाग ३, धारा ३५ को उपधारा ४, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र जलस्रोत नियमावली २०७७ ले आफ्नो क्षेत्रभित्रका नागरिकहरुलाई खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापनको लागि स्थानीय तहहरुलाई प्रदत्त कानूनी भूमिका र जिम्मेवारीलाई मनन गर्दै  सबैको लागि स्वच्छ खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) सुविधा उपलब्ध गराउनुका साथै पानीको उपयोग मार्फत गरिने जीविकोपार्जनका प्रयासहरुबाट आफ्नो क्षेत्र भित्रका नागरिकहरुको स्वास्थ्य अवस्थामा सुधार ल्याउने गाउँपालिकाको लक्ष्य रहेको छ।

टोलस्तरीय भेला तथा बैठकहरुबाट सङ्कलित तथ्यांकहरु, वडा स्तरीय बैठक, अनुशिक्षण तथा योजना तर्जुमा गोष्ठी र गाउँपालिकास्तरीय बैठक, छलफल तथा योजना तर्जुमा गोष्ठीको अवधिमा सङ्कलन गरिएका तथ्यांकहरुको विश्लेषण गर्दा मोहन्याल गाउँपालिकामा हालसम्म ७२ वटा खानेपानी योजनाहरु विद्यमान योजनाको रुपमा रहेका छन् । जसबाट २९९७ घरधुरीका १४९९० जनसंख्या लाभान्वित भएको देखिन्छ । त्यसै गरी गाउँपालिकामा हाल ७ वटा खानेपानी योजनाहरु निर्माणाधीन अवस्थामा रहेका छन् र उक्त निर्माणाधीन योजनाहरुबाट १९९ घरधुरीको १०७२ जनसंख्या लाभान्वित हुने देखिन्छ । यसरी समग्रमा विद्यमान योजनाहरु र निर्माणाधीन योजनाहरुबाट गाउँपालिकाको कुल घरधुरीको ६४% घरधुरीहरुमा निर्माणाधीन योजनाहरु सम्पन्न हुँदा व्यवस्थित योजनाबाट खानेपानी सेवा आपूर्ति हुने देखिन्छ । हालसम्म निर्माण सम्पन्न भएका र निर्माणाधीन योजनाहरु सबै उपभोक्ता समितिबाट संचालान र व्यवस्थापन भईरहेका छन् ।

सिंचाइ तथा निकास तर्फ जम्मा ५६ वटा विद्यमान योजनाहरु रहेका देखिन्छन् । यी विद्यमान योजनाहरुबाट गाउँपालिकाको कुल खेतीयोग्य भू-भाग मध्ये १८.९% भू-भाग हालसम्म सिंचित हुदै आईरहेको छ देखिन्छ । हालसम्मका विद्यमान सिंचाइ योजनाहरु मध्ये प्रायः सबै योजनाहरु केन्द्रीय सरकार, स्थानीय सरकार मार्फत बजेट बिनियोजन भई निर्माण भएका देखिन्छन र त्यसको समुदायस्तरमा पानी बाँडफाँड र सो को व्यवस्थापनका लागि स्थानीय समुदायकै सहभागितामा विभिन्न सिंचाइ जल उपभोक्ता समितिहरु गठन भएका छन् ।

त्यसै गरि मोहन्याल गाउँपालिकामा जलवायु परिवर्तनका असरहरु महशुष गरेको गुरुयोजना सर्वेक्षणका समय सहभागीहरुसंगको अन्तरक्रियाबाट पाईन्छ। गाउँपालिकामा जलवायु परिवर्तनका असरहरु न्यूनिकरण गर्न र सम्भावित जोखिम कम गर्न, पानीका स्रोतहरुको संरक्षण तथा दिगो उपयोग गर्न र जलाधार क्षेत्र व्यवस्थापनका लागि जलउपयोग गुरुयोजना तयारिका क्रममा व्यापक छलफल गरि आवश्यक नीति तथा कार्यक्रम तय गर्ने प्रतिवद्धता गरिएको छ।

गाउँपालिका, वडा र समुदाय/उपभोक्ता समितिकाहरुसंग छलफल गर्दा गाउँपालिकामा एकीकृत जलस्रोत व्यवस्थापन लगायत खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रमा देखिएका अन्तरहरु (Gaps) र ति अन्तरहरु परिपूर्तिका लागि निम्न तालिका अनुसारका उपायहरुको अवलम्बन गर्न आवश्यक छ ।


**तालिका-२४ : पालिकामा देखिएका क्षेत्रगत अन्तरहरु र परिपूर्तिका उपायहरु**

| हाल देखिएका अन्तरहरु (Gaps) | समाधानका उपायहरु |
|---|---|
| विद्यमान खानेपानी योजनाहरुको संचालन तथा मर्मत सम्भारको अवस्था तुलनात्मक रुपमा कमजोर देखिएको छ । | सबै विद्यमान खानेपानी योजनाहरु र निर्माणाधीन खानेपानी योजनाहरुमा संलग्न उपभोक्ता समितिहरुको योजनाको दिगोपना सम्बन्धि क्षमता अभिबृद्धि गर्नुपर्ने र निर्माणको गुणस्तरमा ध्यान दिनुपर्ने देखिन्छ । |
| प्राप्त तथ्यांकहरुको बिश्लेशण गर्दा करिब १५-२० % घरधुरीमा चर्पी प्रयोगमा नभएको अवस्था विद्यमान छ । | गाउँपालिकाले चर्पी नभएका घरधुरीहरुमा चर्पी प्रयोगमा नहुनुको कारण पत्ता लगाई शतप्रतिशत घरधुरीहरुमा चर्पी तथा सरसफाइको पहुँच पुऱ्याउने नीति लिई पूर्ण सरसफाइ तर्फ अग्रसर हुनुपर्ने देखिन्छ । |
| विद्यालयहरुमा खानेपानी तथा आधारभूत सरसफाइ भएको अवस्था विद्यमान रहेको छ । | आधारभूत खानेपानी र सरसफाइको सुबिधा नभएका विद्यालयहरुमा गाउँपालिकाले स्रोत जुटाउनका साथै प्रभावकारि परिचालन मार्फत शतप्रतिशत विद्यालयहरुमा खानेपानी र सरसफाइ सुबिधा पहुँच सु-निश्चित गर्नुपर्ने देखिन्छ । |
| दिसाजन्य लेदो व्यवस्थापन र ठोस फोहोर व्यवस्थापनको अभाव | गाउँपालिकामा बढ्दो यातायातको चापले गर्दा सदरमुकाम क्षेत्र लगायत ग्रामीण क्षेत्रहरुमा पनि ठोस तथा तरल फोहोर थुप्रिदै गईरहेको हुँदा अहिले देखि नै ठोस तथा दिसाजन्य लेदोको उचित व्यवस्थापनका लागि आवश्यक पहल गर्नुपर्ने देखिन्छ । |

## ५.२ आवधिक योजना

यस मोहन्याल गाउँपालिकामा विद्यमान जलस्रोतहरु, सामाजिक तथा सांस्कृतिक अवस्था, आर्थिक तथा प्राविधिक पक्षहरुको अध्ययन र छलफल तथा जन आवश्यकतामा आधारित भई जलउपयोग गुरुयोजनाको अभिन्न अंग आवधिक योजना तयार गरिएको छ। यस आवधिक योजनामा गुरुयोजना तयारीका क्रममा गाउँपालिकाका ७ वटै वडाहरुमा सम्पन्न योजना तर्जुमा मार्फत जम्मा सबै क्षेत्रका नयाँ र मर्मतका क्षेत्रगत ३०८ योजनाहरु पहिचान गरी प्राथमिकता क्रम सहित गुरुयोजनामा संलग्न गरिएका छन्।

क्षेत्रगत योजनाहरुको तर्जुमा गर्दा योजनाको प्रकृति, कार्यान्वयनका लागि आवश्यक बाह्य सहयोग, प्रविधि विकल्प, लागत अनुमान आदिलाई आधार बनाउनुका साथै योजनाहरु प्राथमिकिकरण CBRT र गाउँपालिका र सरोकारवालाहरुले तय गरि अनुमोदन गरेका क्षेत्रगत सुचकहरुका आधारमा गरिएको थियो।
मोहन्याल गाउँपालिकाको जलउपयोग गुरुयोजनामा प्रस्तावित क्षेत्रगत योजनाहरुको सारांस चित्र १५ मा र क्षेत्रगत योजनाहरु विस्तृत विवरण यो अध्यायमा प्रस्तुत गरिएको छ।




चित्र नं १४ गाउँपालिकामा भित्रमा योजना तर्जुमा भएका योजनाहरु


### ५.२.१ खानेपानी योजनाहरु

मोहन्याल गाउँपालिकामा जलउपयोग गुरुयोजनाको सर्वेक्षण, बिद्यमान NWASH को तथ्याङ्कहरु समेतको विश्लेषण गरि गाउँपालिका स्तरिय योजना तर्जुमा गोष्ठी मार्फत को वडा स्तरमा योजना तर्जुमा गर्दा वडा स्तरबाट ५० वटा नयाँ र २५ वटा मर्मत सुधारका गरि ७५ वटा योजना प्रस्तावित गरिएका छन्। गाउँपालिकामा प्रस्तावित भइ आएका योजनाहरुबाट १,७०८ घरधुरीहरुमा खानेपानी सेवा पुर्‍याउने लक्ष्य लिईएको छ। तर्जुमा गरिएका योजनाहरुको विवरण तालिका नं २५ मा उल्लेख गरिएको छ भने विस्तृत विवरण अनुसुचीमा प्रस्तुत गरिएको छ।

**तालिका नं. २५ खानेपानी योजनाहरु**

| वडा नं. | प्रस्तावित योजनाहरुको विवरण | | | | | |
|---|---|---|---|---|---|---|
| | ग्रेभिटि प्रणालीमा आधारित | | | | | |
| | नयाँ | | | मर्मत सम्भार पुन निर्माण सेवा विस्तार | | |
| | सख्या | लाभान्वित घरधुरी सख्या | अनुमानित लागत रु हजारमा | सख्या | लाभान्वित घरधुरी सख्या | अनुमानित लागत रु हजारमा |
| १ | ५ | २३४ | १५,५४० | ४ | ९४ | ६,९१० |
| २ | ४ | २७४ | ६,९६६ | ४ | १४५ | ५,५६५ |
| ३ | ९ | ३०६ | २८,७८३ | ४ | ६०५ | ६,३२३ |
| ४ | ४ | १३० | ८,५२० | २ | २९ | २,३९० |
| ५ | ९ | १७९ | १४,९९० | ४ | ११७ | ५,७८५ |
| ६ | १० | ४०१ | १७,७७८ | ४ | ८६० | ६,५८५ |
| ७ | ७ | ८८ | ८,२३६ | ३ | ११८० | ४,६४८ |
| | लिफ्ट प्रणालीमा आधारित | | | | | |
| ३ | १ | ७२ | २,४७२ | ० | ० | ० |
| ४ | १ | २४ | २,१६० | ० | ० | ० |
| **जम्मा** | **५०** | **१,७०८** | **१०५,४४५** | **२५** | **३,०३०** | **३८,२०५** |

स्रोत: गाउँपालिका गुरुयोजना योजना तर्जुमा २०७९




## ५.२.२ सरसफाइ योजनाहरु


गाउँपालिकाका सबै घरधुरिहरुमा घरायसी स्तरमा शौचालय निर्माण भई प्रयोगमा रहेका छन् तथापी अस्थाई शौचालयहरुको मर्मत सम्भार, पानी तथा सरसफाइमा उचित ध्यान दिई गाउँपालिकालाइ पूर्णसरसफाइयुक्त गाउँपालिका बनाउन सकिने जलउपयोग गुरुयोजनाको सर्वेक्षणका क्रममा गरिएका बस्ती भेटघाटले देखाउदछ । गाउँपालिका स्तरमा गरिएको योजना तर्जुमा गोष्ठीमा सर्वेक्षणका नतिजा र बिद्यमान अवस्थाहरुलाई बिश्लेषण गरि गाउँपालिका क्षेत्रमा खुल्ला दिशा पिसाव हुनबाट जोगाउन र फोहोर व्यवस्थापनका लागि २३ वटा सरसफाइसंग सम्वन्धित योजनाहरु तर्जुमा गरिएका छन् । योजनाहरुको विवरण तालिका नं २६ मा उल्लेख गरिएको छ

**तालिका नं. २६  सरसफाइ योजनाहरु**

| वडा नं. | प्रस्तावित योजनाहरुको विवरण | | | |
|---|---|---|---|---|
| | सख्या | लाभान्वित घरधुरी सख्या | योजनाको प्रकृति | अनुमानित लागत रु हजारमा |
| १ | २ | ८७ | सार्वजनिक शौचालय | ८७० |
| २ | ४ | २५२ | सार्वजनिक शौचालय | १,६५० |
| ३ | २ | ४८५ | सार्वजनिक शौचालय | ९७५ |

| | | | | |
|---|---|---|---|---|
| ४ | २ | ५४९ | सार्वजनिक शौचालय | ९८३ |
| ५ | ७ | १८२ | सार्वजनिक शौचालय | ३,३४० |
| ६ | १ | १०० | सार्वजनिक शौचालय | ५०० |
| ७ | ५ | २,००० | सार्वजनिक शौचालय | ३०५० |
| **जम्मा** | **२३** | **३६५५** | **०** | **११३६८** |

स्रोत: गाउँपालिका गुरुयोजना योजना तर्जुमा २०७९





### ५.२.३ बहुउपयोगी योजनाहरु

जलउपयोग गुरुयोजना निर्माणका क्रममा गरिएका सर्वेक्षण र योजना तर्जुमा गोष्ठीमा भएको छलफलका आधारमा पानीको उत्पादनशिल प्रयोग हुने क्षेत्र पहिचान गरि यस गाउँपालिकामा बिभिन्न क्षेत्रलाई लक्षित गरि जम्मा २० बटा बहुउपयोगी क्षेत्रका योजनाहरु प्राथमिकीकरण गरिएका छन। तर्जुमा गरिएका योजनाहरुको विवरण तालिका नं २७ मा उल्लेख गरिएको छ भने विस्तृत विवरण अनुसुचीमा प्रस्तुत गरिएको छ।

**तालिका नं. २७ बहुउपयोगी योजनाहरु**

| वडा नं. | प्रस्तावित योजनाहरु | | | प्रस्तावित योजनाहरु | | योजना प्रकार | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | सख्या | लाभान्वित घरधुरी | अनुमानित लागत रु हजारमा | नयाँ | मर्मत | CI+MHP +IWM | WS+MIT | CI+IWM | MHP+CI |
| १ | १ | ४८ | ७५० | १ | ० | ० | १ | ० | ० |
| २ | ४ | ५५८ | २,५१५ | ४ | ० | ० | ४ | ० | ० |
| ३ | १ | १४० | ३०० | ० | १ | ० | ० | ० | ० |
| ४ | २ | ५४ | १,४०० | २ | ० | ० | २ | ० | ० |
| ५ | ८ | १२४ | ५,१५० | ८ | ० | ० | ८ | ० | ० |
| ६ | ३ | ३८० | १,२७० | १ | २ | ० | १ | ० | ० |
| ७ | १ | ६ | ६२५ | १ | ० | ० | १ | ० | ० |
| **जम्मा** | **२०** | **१३१०** | **१२०१०** | **१७** | **३** | **०** | **१७** | **०** | **०** |

स्रोत: गाउँपालिका गुरुयोजना योजना तर्जुमा २०७९




## ५.२.४ सिंचाइ योजनाहरु

यस गाउँपालिकामा सिंचाइको विद्यमान अवस्था विश्लेषण गरी थप आधुनिक तथा परम्परागत सिंचाइका योजनाहरु तर्जुमा गरिएका छन्। जलउपयोग गुरुयोजना समायोजनको क्रममा जम्मा ५७ वटा नयाँ र ३२ वटा मर्मतका कुलो सिंचाइ योजनाहरु गति जम्मा ८९ वटा कुलो सिंचाइ योजनाहरु तर्जुमा गरिएका छन्,तर्जुमा गरिएका योजनाहरुबाट गाउँपालिका भरी करिब २५,४७२ रोपनी क्षेत्रफल थप सिंचित हुने देखिएको छ। गाउँपालिकामा लघु सिंचाइ तर्फ १८ वटा नयाँ र ५ वटा मर्मतका गरि जम्मा १०३ वटा योजनाहरु तर्जुमा गरिएका छन्। योजनाहरुबाट करिब २,७४४ रोपनी क्षेत्रफल सिंचित हुने संम्भावना देखिएको छ।


तर्जुमा गरिएका योजनाहरुको विवरण तालिका नं २८ मा उल्लेख गरिएको छ भने विस्तृत विवरण अनुसुचीमा प्रस्तुत गरिएको छ।


**तालिका नं. २८ सिंचाइ योजनाहरु**

| वडा नं. | प्रस्तावित योजनाहरुको विवरण | |
|---|---|---|
| | परम्परागत (कुलो/नहर/पाईप) सिंचाइ | |
| | नयाँ | मर्मत सम्भार |

| | सख्या | लाभान्वित घरधुरी | अनुमानित लागत रु हजारमा | सख्या | लाभान्वित घरधुरी | अनुमानित लागत रु हजारमा |
|---|---|---|---|---|---|---|
| १ | ५ | ११६ | २,१९० | २ | १७० | ७५० |
| २ | १७ | ७५८ | ९,९२३ | ० | ० | ० |
| ३ | १२ | ९५५ | ६,४४७ | ० | ० | ० |
| ४ | ६ | १०७ | २,२२० | ० | ० | ० |
| ५ | १० | १६३ | ८,४०० | ४ | १०० | ७५० |
| ६ | ४ | १५० | २,३७० | १४ | ३७० | ५,००० |
| ७ | ३ | १८७ | २,४५४ | १२ | ८१४ | ४,९९० |
| **जम्मा** | **५७** | **२,४३६** | **३४,००४** | **३२** | **१,४५४** | **११,४९०** |
| **लघु सिंचाइ** | | | | | | |
| १ | ३ | ९२ | १,२७५ | ० | ० | ० |
| २ | ३ | १२१ | १,३६५ | ० | ० | ० |
| ३ | २ | १७ | ६०० | २ | ५८ | ९१५ |
| ४ | ४ | ४७ | १,०२० | ० | ० | ० |
| ५ | ५ | ५० | ९१५ | ० | ० | ० |
| ६ | १ | २० | १३५ | १ | ३९ | ३९० |
| ७ | ० | ० | ० | २ | ११ | ३४२ |
| **जम्मा** | **१८** | **३४७** | **५,३१०** | **५** | **१०८** | **१,६४७** |
| **कुल जम्मा** | **७५** | **२,७८३** | **३९,३१४** | **३७** | **१,५६२** | **१३,१३७** |

स्रोत: गाउँपालिका गुरुयोजना योजना तर्जुमा २०७९


Mohanyal Rural Municipality Prioritized CI Projects Map
N
Legend
Ward Boundary
5 Nos CI in Ward 1
17 Nos CI in Ward 2
12 Nos CI in Ward 3
6 Nos CI in Ward 4
10 Nos CI in Ward 5
4 Nos CI in Ward 6
3 Nos CI in Ward 7
KM
0 3 6 12 18 24


Mohanyal Rural Municipality Prioritized MIT Projects Map
N
Legend
Ward Boundary
3 Nos MIT in Ward 1
3 Nos MIT in Ward 2
2 Nos MIT in Ward 3
4 Nos MIT in Ward 4
5 Nos MIT in Ward 5
1 Nos MIT in Ward 6
0 Nos MIT in Ward 7
KM
0 3 6 12 18 24

### ५.२.५ स्रोत संरक्षण तथा वातावरण संरक्षण योजनाहरु

यस गाउँपालिकामा नदीको कटान, जंगल फडानी, बर्षातको भल तथा बाडी पहिरो र अपर्याप्त वातावरण संरक्षणका कारणले गर्दा जलवायु परिवर्तनले प्रत्यक्ष असर गरेको जलउपयोग गुरुयोजना सर्वेक्षणका क्रममा देखिन्छ। हाल भइरहेको जलवायु परिवर्तनका असरहरु अझ आक्रामक रुपमा बढी रहेको पाइन्छ। यसबाट प्रत्यक्ष असर हुने क्षेत्रहरु विशेषगरी कृषि, वन जंगल, जलस्रोत र उर्जा, स्वास्थ्य र जीविकोपार्जनका क्रियाकलापहरु पर्दछन्। बेला बेलामा जाने विभिन्न खाले पहिरो र नदी कटान, बन फडानी लगायत बाटोघाटो र सडक निर्माण जस्ता गतिविधिहरुका कारणले वातावरणलाई प्रत्यक्ष रुपमा असर परिरहेको छ।
यसप्रकारका विविध समस्याहरुलाई न्यूनीकरण गर्न वातावरण पर्यावरण तथा जलवायु परिवर्तन अनुकुलन तथा जोखिम व्यवस्थापन सम्बन्धि विभिन्न क्रियाकलापहरु गाउँपालिकाको योजना तर्जुमा गोष्ठी मार्फत तर्जुमा गरिएका छन्। तर्जुमा गरिएका क्रियाकलापहरुमा मुख्यतया पानीका स्रोतहरु संरक्षण, नदी कटान नियन्त्रण, पहिरो नियन्त्रण क्षेत्रका जम्मा ४४ वटा योजनाहरु रहेका छन् । तर्जुमा गरिएका योजनाहरुको विवरण तालिका नं २९ मा उल्लेख गरिएको छ भने विस्तृत विवरण अनुसुचीमा प्रस्तुत गरिएको छ।

**तालिका नं. २९  स्रोत संरक्षण तथा वातावरण संरक्षण योजनाहरु**

| वडा नं. | प्रस्तावित योजनाहरु | | | | |
|---|---|---|---|---|---|
| | सख्या | लाभान्वित घरधुरी | योजनाको किसिम | योजनाको प्रकृति | अनुमानित लागत रु हजारमा |
| १ | २ | ९७ | मुल सरक्षण सुधार | नयाँ | १००० |
| २ | ६ | ३४० | तटबन्धन तथा नियन्त्रण | नयाँ | ३,००० |
| ३ | ४ | ६८५ | मुल सरक्षण सुधार | नयाँ | २००० |
| ४ | ९ | ३३६ | मुल सरक्षण सुधार | नयाँ | ४,५०० |
| ५ | ५ | १४७ | तटबन्धन तथा नियन्त्रण | नयाँ | २,२०० |
| ६ | ११ | २,५६१ | तटबन्धन तथा नियन्त्रण | नयाँ | ४,६०० |
| ७ | ७ | ३७८ | मुल सरक्षण सुधार | नयाँ | २,६०० |
| **जम्मा** | **४४** | **४,५४४** | **०** | **०** | **१९,९००** |

स्रोत: गाउँपालिका गुरुयोजना योजना तर्जुमा २०७९

### ५.२.६ जल उर्जा योजनाहरु

यस गाउँपालिकाको विद्यममान उर्जाको अवस्थालाई लक्षित गरी गाउँपालिकामा थप ३३ वटा सुधारिएको पानी घट्ट र १ वटा जलविधुतका योजनाहरु तर्जुमा गरिएका छन्। उक्त सवै योजनाहरु निर्माण गर्न सकिएमा गाउँपालिकाका करिब ११०१ घरधुरीहरुलाई विधुत,कुटानी पिसानीको सेवा प्रयाप्त मात्रामा पुग्ने सम्भावना देखिन्छ। पहिचान भएका सवै योजनाहरु नयाँ निर्माण गर्नुपर्ने नै देखिन्छन र भावि कार्यान्वयनका लागि नयाँ र मर्मत गरी ३४ वटा योजनाहरुलाई गाउँपालिकामा सिफारिस गरिएको छ। तर्जुमा गरिएका योजनाहरुको विवरण तालिका नं ३० मा उल्लेख गरिएको छ भने विस्तृत विवरण अनुसुचीमा प्रस्तुत गरिएको छ।

**तालिका नं. ३०  जल उर्जा योजनाहरु**

| वडा नं. | प्रस्तावित योजनाहरु |
|---|---|

| | सुधाररएको पानी घट्ट | | | | |
|---|---|---|---|---|---|
| | सख्या | लाभान्वित घरधुरी | योजनाको किसिम | योजनाको प्रकृति | अनुमानित लागत रु हजारमा |
| १ | १ | ८ | सुधाररएको पानी घट्ट | नयाँ | ३२५ |
| २ | ५ | १५८ | सुधाररएको पानी घट्ट | नयाँ | १,६२५ |
| ३ | ८ | १५५ | सुधाररएको पानी घट्ट | नयाँ | २,६०० |
| ४ | ५ | १४९ | सुधाररएको पानी घट्ट | नयाँ | १,६२५ |
| ५ | ११ | २०९ | सुधाररएको पानी घट्ट | नयाँ | ३,५७५ |
| ६ | १ | ८७ | सुधाररएको पानी घट्ट | नयाँ | ३२५ |
| ७ | २ | १६५ | सुधाररएको पानी घट्ट | नयाँ | ६५० |
| **जम्मा** | **३३** | **९३१** | **०** | **०** | **१०,७२५** |
| **उर्जा** | | | | | |
| ४ | १ | १७० | लघु जलविधुत | नयाँ | १०,००० |
| **कुल जम्मा** | **३४** | **११०१** | | | **२०,७२५** |

स्रोत: गाउँपालिका गुरुयोजना योजना तर्जुमा २०७९

# अध्याय ६ गुरुयोजना कार्यान्वयन बजारिकरण र अद्यावधी

## ६.१ गुरुयोजनामा लगानीका लागि अल्प मध्यम दीर्घकालिन योजना

गाउँपालिका स्तरमा तर्जुमा गरिएको यस जलउपयोग गुरुयोजनालाइ दीगो विकास लक्ष्य ६ अनुरुप सन् २०३० सम्म सबैलाई सुरक्षित खानेपानी सुबिधामा सबैको न्यायोचित पहुँच पुऱ्याउने साथै राष्ट्रिय स्तरमा तयार भएको क्षेत्रगत विकास योजनालाई आधार बनाई गाउँपालिकाको बार्षिक नीति कार्यक्रमहरु तय गर्ने औजारका रुपमा लिईएको छ।

गाउँपालिकाका जनप्रतिनिधिहरु, गाउँपालिका कार्यालयका शाखाका प्रमुख/प्रतिनिधिहरु, स्थानीय समाजसेवी, बुद्दिजिबिहरु लगायत सरोकारवालाहरुको सकृय सहभागितामा जलउपयोग गुरुयोजनाको

कार्यान्वयन लक्ष्यहरु प्रक्षेपित गरिएको छ । जलउपयोग गुरुयोजना निर्माणको क्रममा बस्ति तथा समुदाय स्तरबाट सहभागितात्मक ढंगबाट संकलन गरिएका सूचनाहरुको वडास्तरमा प्रमाणीकरण गरि सबै क्षेत्रगत योजनाहरुको प्राथमिकीकरण, थप सूचना तथा तथ्याङ्कहरुको संकलन र गाउँपालिका स्तरमा गरिएको तथ्याङ्क प्रमाणीकरण र योजना तर्जुमा गोष्ठीबाट योजनाहरुको CBRT लगायतका औजारहरुको प्रयोग गरि प्राथमिकिकरण सहित गुरुयोजनामा लगानीका लागि अल्प/मध्यम/दीर्घकालिन योजनाहरु तय गरिएको थियो।

जलउपयोग गुरुयोजनामा आ.व. २०८०/०८१ देखि आ.व. २०८७/०८८ सम्मको अल्प, मध्यम, दीर्घकालिन लक्ष्य सहित क्षेत्रगत योजनाहरु तय गरि कार्यान्वय लक्ष्य तय गरिएको छ। गुरुयोजनामा लगानीका लागि अल्प, मध्यम, दीर्घकालिन योजनाहरुको विवरण तल प्रस्तुत गरिएको छ।

## गुरुयोजनामा लगानीका लागि अल्प, मध्यम, दीर्घकालिन योजना र आवश्यक बजेट

**तालिका नं. ३१ योजना अवधि (८ बर्ष २०२३-२०३०)**

| क्र स | कार्यक्रमहरु | योजना अवधि (८ बर्ष २०२३-२०३०) | | | |
|---|---|---|---|---|---|
| | | सख्या | घरधुरी | जनसख्या | अनुमानित लागत रु हजारमा |
| **१** | **खानेपानी योजना** | | | | |
| १.१ | नयाँ खानेपानी योजना | ५० | १,७०८ | ९,११० | १०५४४५ |
| १.२ | मर्मत खानेपानी योजना | २५ | ३,०३० | १५,०६१ | ३८२०५ |
| | **जम्मा** | **७५** | **४,७३८** | **२४,१७१** | **१४,३६५०** |
| **२** | **सरसफाइका योजनाहरु** | | | | |
| २.१ | सार्वजनिक शौचालय | २३ | ३,५५५ | १६,५०० | ११३६८ |
| **३** | **लघु सिंचाइ** | | | | |
| ३.१ | लघु सिंचाइ योजना | १८ | ३४७ | १,९६५ | ५,३१० |
| ३.२ | लघु सिंचाइ योजना मर्मत | ५ | १०८ | ७२० | १,६४७ |
| | **जम्मा** | **२३** | **४५५** | **२,६८५** | **६,९५७** |
| **४** | **कुलो सिंचाइ** | | | | |
| ४.१ | कुलो सिंचाइ योजना | ५७ | २,४३६ | १३,१५३ | ३४,००४ |
| ४.२ | कुलो सिंचाइ योजना मर्मत | ३२ | १,४५४ | ७,९२३ | ११,४९० |
| | **जम्मा** | **८९** | **३,८९०** | **२१,०७६** | **४५४९४** |
| **५** | **बहुउपयोगी योजना** | | | | ० |
| ५.१ | बहुउपयोगी योजना | १७ | १,०३० | ६,२१७ | ११,११० |
| ५.२ | बहुउपयोगी योजना मर्मत | ३ | २६२ | १,१६५ | ९०० |
| | **जम्मा** | **२०** | **१,२९२** | **७,३८२** | **१२,०१०** |
| **६** | **स्रोत सरक्षण तथा वातावरण संरक्षण** | ४४ | ४,५४४ | २४,८५६ | १९,९०० |

| | | | | | |
|---|---|---|---|---|---|
| **७** | **जल उर्जाका योजनाहरु** | | | | |
| ७.१ | सुधारिएको पानी घट्ट योजना | ३३ | ९३१ | ४,५५४ | १०७२५ |
| ७.२ | लघु जलविधुत | १ | १७० | १,०६५ | १०,००० |
| **जम्मा** | | **३४** | **११०१** | **५६१९** | **२०,७२५** |
| **कुल जम्मा** | | **३०८** | **१९,५७५** | **१०२,२८९** | **२६०,१०४** |

**तालिका नं. ३२ तत्कालिन चरण (२ वर्ष २०२३-२०२५)**

| क्र स | कार्यक्रमहरु | योजना अवधि (२ वर्ष २०२३-२०२५) | | | |
|---|---|---|---|---|---|
| | | सख्या | घरधुरी | जनसख्या | अनुमानित लागत रु हजारमा |
| **१** | **खानेपानी योजना** | | | | |
| १.१ | नयाँ खानेपानी योजना | १५ | ८३८ | ३,८४८ | ३९,२६० |
| १.२ | मर्मत खानेपानी योजना | ५ | १,१२१ | ६,४७० | ७,४४३ |
| | **जम्मा** | **२०** | **१,९५९** | **१०,३१८** | **४६,७०३** |
| **२** | **सरसफाइका योजनाहरु** | | | | |
| २.१ | सार्वजनिक शौचालय | ५ | २४९८ | १,२४९० | २,७६८ |
| **३** | **लघु सिंचाइ** | | | | |
| ३.१ | लघु सिंचाइ योजना | ५ | २०३ | १,२१० | २,१९० |
| ३.२ | लघु सिंचाइ योजना मर्मत | १ | ५५ | ३७५ | ४६५ |
| | **जम्मा** | **६** | **२५८** | **१५८५** | **२६५५** |
| **४** | **कुलो सिंचाइ** | | | | |
| ४.१ | कुलो सिंचाइ योजना | १५ | १,०२२ | ५,६३३ | १३,७७८ |
| ४.२ | कुलो सिंचाइ योजना मर्मत | १० | ७२१ | ३,९४४ | ३,६१० |
| | **जम्मा** | **२५** | **१,७४३** | **९,५७७** | **१७,३८८** |
| **५** | **बहुउपयोगी योजना** | | | | |
| ५.१ | बहुउपयोगी योजना | ३ | ४५८ | ३,०५५ | २,१७० |
| ५.२ | बहुउपयोगी योजना मर्मत | १ | १०० | २७५ | ३०० |
| | **जम्मा** | **४** | **५५८** | **३,३३०** | **२,४७०** |
| **६** | **स्रोत सरक्षण तथा वातावरण संरक्षण** | १० | १,८७८ | १०,२११ | ४,७०० |
| **७** | **जल उर्जाका योजनाहरु** | | | | |
| ७.१ | सुधारिएको पानी घट्ट योजना | १० | ४८६ | २,३०३ | ३,२५० |
| ७.२ | लघु जलविधुत | ० | ० | ० | ० |
| **जम्मा** | | **१०** | **४८६** | **२,३०३** | **३,२५०** |
| **कुल जम्मा** | | **८०** | **९,३८०** | **४९,८१४** | **७९,९३३** |

**तालिका नं. ३३ मध्यकालिन चरण (३ वर्ष २०२५-२०२८)**

| क्र स | कार्यक्रमहरु | मध्यकालिन चरण (३ वर्ष २०२५-२०२८)) | | | |
|---|---|---|---|---|---|
| | | सख्या | घरधुरी | जनसख्या | अनुमानित लागत रु हजारमा |
| **१** | **खानेपानी योजना** | | | | |
| १.१ | नयाँ खानेपानी योजना | २० | ६०६ | ३,३९३ | ४०,०६३ |
| १.२ | मर्मत खानेपानी योजना | १५ | १७२० | ७५८६ | २३,१६३ |
| | **जम्मा** | **३५** | **२,३२६** | **१०,९७९** | **६३,२२६** |
| **२** | **सरसफाइका योजनाहरु** | | | | |
| २.१ | सार्वजनिक शौचालय | १० | १,०७३ | ५,३६५ | ५,०३० |
| **३** | **लघु सिंचाइ** | | | | |
| ३.१ | लघु सिंचाइ योजना | ८ | ९८ | ५१८ | २,२९५ |
| ३.२ | लघु सिंचाइ योजना मर्मत | २ | ४२ | २७९ | ८४० |
| | **जम्मा** | **१०** | **१४०** | **७९७** | **३,१३५** |
| **४** | **कुलो सिंचाइ** | | | | |
| ४.१ | कुलो सिंचाइ योजना | २७ | ९५८ | ४,९४७ | १३,७४० |
| ४.२ | कुलो सिंचाइ योजना मर्मत | १५ | ६१२ | ३,९९४ | ६,४७३ |
| | **जम्मा** | **४२** | **१,५७०** | **८,९४१** | **२०,२१३** |
| **५** | **बहुउपयोगी योजना** | | | | |
| ५.१ | बहुउपयोगी योजना | ९ | ५०४ | २,७९२ | ५,९४० |
| ५.२ | बहुउपयोगी योजना मर्मत | २ | १६२ | ८२० | ६०० |
| | **जम्मा** | **११** | **६६६** | **३,६१२** | **६,५४०** |
| **६** | **स्रोत सरक्षण तथा वातावरण संरक्षण** | २४ | २,१८१ | १२,२१२ | १०,५०० |
| **७** | **जल उर्जाका योजनाहरु** | | | | |
| ७.१ | सुधारिएको पानी घट्ट योजना | १५ | ३११ | १,६२४ | ४,८७५ |
| ७.२ | लघु जलविधुत | ० | ० | ० | |
| **जम्मा** | | **१५** | **३११** | **१६२४** | **४,८७५** |
| **कुल जम्मा** | | **१४७** | **८,२६७** | **४३,५३०** | **११,३५१९** |

**तालिका नं. ३४ दीर्घकालिन चरण (२ वर्ष २०२८-२०३०)**

| **क्र स** | कार्यक्रमहरु | दीर्घकालिन चरण (२ वर्ष २०२८-२०३०) |
|---|---|---|

| | | सख्या | घरधुरी | जनसख्या | अनुमानित लागत रु हजारमा |
|---|---|---|---|---|---|
| **१** | **खानेपानी योजना** | | | | |
| १.१ | नयाँ खानेपानी योजना | १५ | २६४ | १८६९ | २६,१२२ |
| १.२ | मर्मत खानेपानी योजना | ५ | १८९ | १,००५ | ७,६०० |
| | **जम्मा** | **२०** | **४५३** | **२,८७४** | **३३,७२२** |
| **२** | **सरसफाइका योजनाहरु** | | | | |
| २.१ | सार्वजनिक शौचालय | ८ | १६४ | ७५० | ३,५७० |
| **३** | **लघु सिंचाइ** | | | | |
| ३.१ | लघु सिंचाइ योजना | ५ | ४६ | २३७ | ८२५ |
| ३.२ | लघु सिंचाइ योजना मर्मत | २ | ११ | ६६ | ३४२ |
| | **जम्मा** | **७** | **५७** | **३०३** | **१,१६७** |
| **४** | **कुलो सिंचाइ** | | | | |
| ४.१ | कुलो सिंचाइ योजना | १५ | ४५६ | २,५७३ | ६,४८६ |
| ४.२ | कुलो सिंचाइ योजना मर्मत | ७ | १२१ | ६७५ | १,४०७ |
| | **जम्मा** | **२२** | **५७७** | **३,२४८** | **७,८९३** |
| **५** | **बह्उपयोगी योजना** | | | | |
| ५.१ | बह्उपयोगी योजना | ५ | ६८ | **३७०** | ३,००० |
| ५.२ | बह्उपयोगी योजना मर्मत | ० | ० | **०** | |
| | **जम्मा** | **५** | **६८** | **३७०** | **३,०००** |
| **६** | **स्रोत सरक्षण तथा वातावरण संरक्षण** | १० | ४८५ | २,४३३ | ४,७०० |
| **७** | **जल उर्जाका योजनाहरु** | | | | |
| ७.१ | सुधारिएको पानी घट्ट योजना | ८ | ६२७ | ३१५० | २,६०० |
| ७.२ | लघु जलविधुत | १ | १७० | १,०६५ | १०,००० |
| **जम्मा** | | **९** | **७९७** | **४,२१५** | **१२,६००** |
| **कुल जम्मा** | | **८१** | **२,६०१** | **१४,१९३** | **६६,६५२** |

## ६.२ पहिलो वर्षको कार्यानवयन  योजना

मोहन्याल गाउँपालिकामा भएको योजना तर्जुमा कार्यशाला गोष्ठिका आधारमा गाउँपालिकाका ७ वटा वडा स्तरबाट आएका योजनाहरुलाई आवश्यकता पहिचानका आधारमा पहिलो वर्ष कार्यान्वयन लक्ष्य लिईएका योजनाहरुको विवरण तल उल्लेख गरिएको छ।

**तालिका नं. ३५  पहिलो वर्ष कार्यान्वयन योजना**

| क स | योजनाको नाम | क्षेत्र | लाभान्वित टोल | लाभान्वित घरधुरी | जिम्मेवारी सहयोगी निकाय | अनुमानित लागत रु हजार मा |
|---|---|---|---|---|---|---|
| १ | **खानेपानी** | | | | | |
| १.१ | धुलिकोट खानेपानी योजना | खानेपानी | धुलिकोट | ३२ | गाउँपालिका | 1,120 |
| १.२ | शान्तिपुर खानेपानी योजना | खानेपानी | शान्तिपुर | १३५ | गाउँपालिका | 2,430 |
| १.३ | भकुन्डे खानेपानी योजना | खानेपानी | भकुन्डे | ५५ | गाउँपालिका | 1,650 |
| १.४ | शाही टोल खानेपानी तथा सरसफाइ योजना | खानेपानी | शाही टोल | १,३५० | गाउँपालिका | 6,750 |
| १.५ | सल्लेरी सुइखाल,सुपली बराचौर खानेपानी योजना | खानेपानी | सल्लेरी | २६५ | गाउँपालिका | 3,180 |
| १.६ | मुलेगारा खोला खानेपानी तथा सरसफाइ योजना | खानेपानी | मुलेगाडा वारीपारी | ११५ | गाउँपालिका | 2,070 |
| १.७ | भित्रिवन पानीगाउ खानेपानी योजना | खानेपानी | भित्रिवन पानीगाउ | १९८ | गाउँपालिका | 2,376 |
| १.८ | दुबिचौर सुगरखाल | खानेपानी | सुगरखाल दुबि चौर | १६५ | गाउँपालिका | 1,980 |
| १.९ | बासपानी खानेपानी योजना | खानेपानी | खनियाताल | १५५ | गाउँपालिका | 1,860 |
| १.१ | सल्लेरी खानेपानी योजना | खानेपानी | सल्लेरी टोल | ५३५ | गाउँपालिका | 5,350 |
| १.११ | भल्का खानेपानी योजना | खानेपानी | बसंतगडा | ३२५ | गाउँपालिका | 3,900 |
| १.१२ | पानीखोला खानेपानी | खानेपानी | वडा कार्यालय | ६३ | गाउँपालिका | 1,134 |
| १.१३ | बजाडी पण्डैन सगडा खानेपानी योजना | खानेपानी | बजाडी | १४५ | गाउँपालिका | 1,740 |
| १.१४ | गोगनपानी खानेपानी तथा सरसफाइ योजना | खानेपानी | जिमटे | १६० | गाउँपालिका | 1,920 |
| १.१५ | खलुबलु खानेपानी योजना | खानेपानी | खलुबलु | १५० | गाउँपालिका | 1,800 |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १.१६ | फलेवसैना खानेपानी योजना | खानेपानी मर्मत | फलेबिसैना | ४५० | गाउँपालिका | 1,323 |
| १.१७ | कटुन्जे धनाडी खानेपानी योजना | खानेपानी मर्मत | कटुन्जे | ४५ | गाउँपालिका | 1,175 |
| १.१८ | कुइने खानेपानी योजना | खानेपानी मर्मत | कुइने | ६०० | गाउँपालिका | 1,725 |
| १.१९ | बासपानी खानेपानी योजना | खानेपानी मर्मत | काप्रा | ९ | गाउँपालिका | 1,260 |
| १.२ | खालिगडा खानेपानी योजना | खानेपानी मर्मत | खालिगडा | १७ | गाउँपालिका | 1,960 |
| २ | **सरसफाइका योजनाहरु** | | | | | |
| २.१ | मोहन्याल मन्दिमा सार्वजनिक | शौचालय | कठिउर | ८१८ | गाउँपालिका | 518 |
| २.२ | फलेबिसौना सार्वजनिक | शौचालय | फलेबिसौना | ४५० | गाउँपालिका | 450 |
| २.३ | कुइने दोबाटा सार्वजनिक | शौचालय | कुइने | ६०० | गाउँपालिका | 800 |
| २.४ | कुइने एमपि बजार सार्वजनिक | शौचालय | कुइने | ४०० | गाउँपालिका | 500 |
| २.५ | बडीगाउ सार्वजनिक | शौचालय | बडीगाउ | २५० | गाउँपालिका | 500 |
| **३** | **लघु सिंचाइ** | | | | | |
| ३.१ | चोसेकाडा थोपा सिंचाइ | थोपा सिंचाइ | चोसेकाडा | ७० | गाउँपालिका | 450 |
| ३.२ | घटेखोला धनाडी सिंचाइ योजना | साना सिंचाइ | सल्लेरी | ७ | गाउँपालिका | 450 |
| ३.३ | सावा सिंचाइ योजना | कुलो सिंचाइ | बडुवाल टोल | १५ | गाउँपालिका | 375 |
| ३.४ | सल्लेरी सिंचाइ योजना | कुलो सिंचाइ | ताम्चा | ९५ | गाउँपालिका | 465 |
| ३.५ | शान्तिपुर सिंचाइ योजना | साना सिंचाइ | गुमतडी | १६ | गाउँपालिका | 450 |
| ३.९ | ताम्चा लिप्ट सिंचाइ योजना | लिप्ट सिंचाइ मर्मत | ताम्चा | ६५ | गाउँपालिका | 465 |
| ४ | **सिंचाइ योजना** | | | | | |
| ४.१ | मुलेकाडा सिंचाइ योजना | कुलो सिंचाइ | मुलेकाडा | ४५० | गाउँपालिका | 2250 |
| ४.२ | बादेखोला फर्साथाइ सिंचाइ योजना | कुलो सिंचाइ | फर्साथाइ | १३८ | गाउँपालिका | 1470 |
| ४.३ | राक्सा सिंचाइ योजना | कुलो सिंचाइ | राक्सा | ३३ | गाउँपालिका | 750 |
| ४.४ | खालिगडा खलुबलु | कुलो सिंचाइ | खलुबलु | २३ | गाउँपालिका | 750 |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४.५ | राताखाली खनीयाताल सिंचाइ योजना | कुलो सिंचाइ | राताखाली | २० | गाउँपालिका | 750 |
| ४.६ | छहरेखोला काप्रा सिंचाइ योजना | कुलो सिंचाइ | काप्रा | ३९ | गाउँपालिका | 750 |
| ४.७ | अजीङ्गरे सिंचाइ योजना | लिप्ट सिंचाइ | अजीङ्गरे | ३६ | गाउँपालिका | 690 |
| ४.८ | धारापानी सिंचाइ योजना | कुलो सिंचाइ | धारापानी | २५ | गाउँपालिका | 1500 |
| ४.९ | गैरीखेत सिंचाइ योजना | कुलो सिंचाइ | गैरीखेत | ४२ | गाउँपालिका | 517.5 |
| ४.१ | बसन्तगडा सिंचाइ योजना | कुलो सिंचाइ | बसन्तगडा | ५५ | गाउँपालिका | 450 |
| ४.११ | डङ्डङ्गे सिंचाइ योजना | कुलो सिंचाइ | डङ्डङ्गे | ३० | गाउँपालिका | 825 |
| ४.१२ | सुगरखाल सिचाइ योजना | कुलो सिंचाइ | सुगरखाल | २९ | गाउँपालिका | 675 |
| ४.१३ | रतासे कोइराली सिंचाइ योजना | कुलो सिंचाइ | रतासे | ३० | गाउँपालिका | 600 |
| ४.१४ | बडीखर्क सिंचाइ योजना | कुलो सिंचाइ | बडीखर्क | १५ | गाउँपालिका | 600 |
| ४.१५ | नारंगे सिंचाइ योजना | कुलो सिंचाइ | नारंगे | ५७ | गाउँपालिका | 1200 |
| ४.१६ | तिउली खोला सिंचाइ योजना | कुलो सिंचाइ मर्मत | तिउली | २४५ | गाउँपालिका | 750 |
| ४.१७ | बडीगाउ सिंचाइ योजना | कुलो सिंचाइ मर्मत | बडीगाउ | १,६२५ | गाउँपालिका | 600 |
| ४.१८ | चायाभावर  सिंचाइ योजना | कुलो सिंचाइ मर्मत | चायाभावर | ६२५ | गाउँपालिका | 500 |
| ४.१९ | पानीखोला सिंचाइ योजना | कुलो सिंचाइ मर्मत | पानीखोला | ८५ | गाउँपालिका | 300 |
| ४.२ | मल्लो ज्यामिरे  सिंचाइ योजना | कुलो सिंचाइ मर्मत | ज्यामिरे | ११६ | गाउँपालिका | 260 |
| ४.२१ | बडीकाथाइ सिंचाइ योजना | कुलो सिंचाइ मर्मत | बडीकाथाइ | १६० | गाउँपालिका | 250 |
| ४.२२ | सालघारी सिंचाइ योजना | कुलो सिंचाइ मर्मत | सालघारी | १९८ | गाउँपालिका | 250 |
| ४.२३ | बिर्खेत ठुलिगाड सिंचाइ योजना | कुलो सिंचाइ मर्मत | बिर्खेत | १२० | गाउँपालिका | 250 |
| ४.२४ | मल्लो बागेरवा सिंचाइ योजना | कुलो सिंचाइ मर्मत | बागेरवा | ६४५ | गाउँपालिका | 250 |


| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४.२५ | सापखर्क सिंचाइ योजना | कुलो सिंचाइ मर्मत | सापखर्क | १२५ | गाउँपालिका | 200 |
| ५ | **बह्उपयोगी योजना** | | | | | |
| ५.१ | झाप्री खोला बहुउपयोगी योजना | बहु उपयोगी | कोलतडी | २७० | गाउँपालिका | 750 |
| ५.२ | तल्लो सोल्टा बहुउपयोगी योजना | बहु उपयोगी | तल्लो सोल्टा | २४० | गाउँपालिका | 670 |
| ५.३ | टिउले बहुउपयोगी योजना | बहु उपयोगी | टिउली | ४८ | गाउँपालिका | 750 |
| ५.४ | गिठाल्ने बहुउपयोगी योजना | बहु उपयोगी मर्मत | गिठाल्ने | १०० | गाउँपालिका | 300 |
| ६ | **स्रोत सरक्षण तथा वातावरण संरक्षण** | | | | | |
| ६.१ | फलेबिसैना खानेपानी मुल सुधार तथा बृक्षारोपण | मुल सुधार बृक्षारोपण | फलेबिसौना | ५४० | गाउँपालिका | 500 |
| ६.२ | वडा कार्यालयमा बृक्षारोपण | बायो ईन्जिनियरिङ | वडा कार्यालय | ४१४ | गाउँपालिका | 500 |
| ६.३ | कुइने खानेपानी बृक्षारोपण | बायो ईन्जिनियरिङ | कुइने | १२५ | गाउँपालिका | 500 |
| ६.४ | खिमडी ठुलीगाड तटबन्धन | बायो ईन्जिनियरिङ | ठुलिगाड | ५४ | गाउँपालिका | 500 |
| ६.५ | ज्यामिरे तल्लो पाल्सा | बायो ईन्जिनियरिङ | ज्यामिरे तल्लो पाल्सा | ५३ | गाउँपालिका | 500 |
| ६.६ | सुनपाल मुहान मुल सुधार | श्रोत सरक्षण | सुनपाल | ४२ | गाउँपालिका | 500 |
| ६.७ | पण्डौन पहिरो नियन्त्रण | बायो ईन्जिनियरिङ | पण्डौन | ४१ | गाउँपालिका | 500 |
| ६.८ | पूर्व सोल्टा बृक्षारोपण | बृक्षारोपण | पूर्व सोल्टा | ४१४ | गाउँपालिका | 200 |
| ६.९ | झाप्रिखोला | बायो ईन्जिनियरिङ | कोल्तडी | १०० | गाउँपालिका | 500 |
| ६.१ | सल्लेरी खानेपानी मुल सुधार तथा बृक्षारोपण | मुल सुधार बृक्षारोपण | सल्लेरी | ९५ | गाउँपालिका | 500 |
| ७ | **जल उर्जाका योजनाहरु** | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७.१ | तल्लो सोल्टा सुधारिएको घट्ट | सुधारिएको घट्ट | तल्लो सोल्टा | १२० | गाउँपालिका | 325 |
| ७.२ | सल्लेनी गडा सुधारिएको घट | सुधारिएको घट्ट | सल्लेरीगडा | ६५ | गाउँपालिका | 325 |
| ७.३ | तिउली खोला सुधारिएको घट्ट | सुधारिएको घट्ट | तल्लो सोल्टा | ८७ | गाउँपालिका | 325 |
| ७.४ | धानबारी सुधारिएको घट्ट | सुधारिएको घट्ट | धानबारी | ४६ | गाउँपालिका | 325 |
| ७.५ | तल्लो पाल्सा सुधारिएको घट्ट | सुधारिएको घट्ट | रिठाली | ३५ | गाउँपालिका | 325 |
| ७.६ | गोनपानी सुधारिएको घट्ट | सुधारिएको घट्ट | गोगनपानी | १८ | गाउँपालिका | 325 |
| ७.७ | जामुनपानी सुधारिएको घट्ट | सुधारिएको घट्ट | जामुनपानी | ८ | गाउँपालिका | 325 |
| ७.८ | माथिल्लो कुइने सुधारिएको घट्ट | सुधारिएको घट्ट | कुइने सागुडे | ४५ | गाउँपालिका | 325 |
| ७.९ | शान्तिपुर सुधारिएको घट | सुधारिएको घट्ट | शान्तिपुर | ३२ | गाउँपालिका | 325 |
| ७.१ | चिमिलचौर सुधारिएको घट्ट | सुधारिएको घट्ट | चिमिलचौर | ३० | गाउँपालिका | 325 |

## ६.३ बजारिकरण रणनीति तथा सरोकारवालाहरुको पहिचान

गुरुयोजना तयार भएपछी यसको प्राथमिकता क्रममा परेका योजनाहरु कार्यान्वयनका लागि उपयुक्त स्रोत साधनहरुको खोजी गरी बाँडफाँड जस्ता कार्यको भुमिका पुर्ण रुपमा गाउँपालिकाको रहन्छ भने यसको प्रचारप्रसार गरि कार्यान्वयनका लागि आवश्यक स्रोत साधन जुटाउन यसको परिचालन एवं बजारीकरणमा महत्वपूण भुमिका निर्वाह गर्नु पर्ने हुन्छ। गाउँपालिकामा जलस्रोत विकासको क्षेत्रमा कार्यरत सरकारी तथा गैर सरकारी संघ संस्थाहरुको अभिलेखीकरण गरी सबैले जलउपयोग गुरुयोजनालाई अवलम्बन गर्दै लैजाने प्रणालीको विकास गर्नु पर्दछ। यसले गर्दा एकातिर गाउँपालिकामा आएको स्रोत एकद्वार प्रणालीका आधारमा विकास निर्माणमा सदुपयोग हुन गई दोहोरोपना हुन पाउदैन भने अर्को तर्फ चरणबद्ध रुपमा जलस्रोत व्यवस्थापनका क्रियाकलापहरु सम्पन्न हुन गई गुरुयोजनाको सफल कार्यान्वयन हुन जान्छ।

यस गाउँपालिकामा गुरुयोजना कार्यान्वयनका लागि तपसिलका जलस्रोतका क्षेत्रमा बिगत र भबिष्यमा काम गर्ने सरकारी तथा गैरसरकारी निकायहरुको पहिचान भएको छ।




**चित्र १५ : सम्भावित सहकार्यका लागी सरोकारवाला पहिचान**

गाउँपालिकामा भएको छलफलका आधारमा संकलन गरिएका तथ्याङ्कका आधारमा सम्भावित सरोकारवालाहरुको थप विवरण तल तालिकामा प्रस्तुत गरिएको छ।

| **सरोकारवाला संस्थाको नाम** | **क्रियाकलाप संचालनको प्रकृती** | **कार्य क्षेत्र (वडा/भुगोल)** | **संस्थाको आर्थिक स्रोत (दातृ संस्था)** | **भविष्यमा सहकार्य हुन सक्ने क्षेत्र** |
|---|---|---|---|---|
| युएसएआइडी, कर्णाली जल परियोजना | जलस्रोत व्यवस्थापन | ७ वटै वडामा | युएसएआइडी | खानेपानी, बहुउपयोगी योजना, स्रोत संरक्षण, नीति सहयोग, क्षमता विकास क्रियाकलाप, सरसफाइ/स्वच्छता |
| रुडेक नेपाल | जलउपयोग गुरुयोजना तयारी | ७ वटै वडामा | युएसएआइडी | पाश्वचित्र तथा आवधिक योजना तयारी |
| निडस नेपाल | क्षमता विकास | ७ वटै वडामा | युनिसेफ | विधालय क्षेत्र |
| सिड नेपाल | स्थानीय तहको योजनामा नविकरणीय ऊर्जा मूलप्रवाहीकरण कार्यक्रम | ७ वटै वडामा | आइ के आइ साना अनुदान आयोजना | सुधारिएको चुलो |

**तालिका नं. ३६  सम्भावित सरोकारवालाहरुको विस्तृत विवरण**

## ६.४ जलाधार र उप जलाधार क्षेत्र व्यवस्थापन रणनीति

गाउँपालिकामा अवस्थित पानीका स्रोतहरु खासगरि खोलानाला, तालतलैया तथा मुलहरु बर्षाको पानीमा निर्भर रहेका छन्। स्रोतमा पानीको बहाव कायम गर्न र संरक्षण गर्नका लागि जलाधार क्षेत्रको संरक्षण र सुरक्षा जरुरी हुन्छ। स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले पनि बिपद जोखीम न्यूनिकरण, जलाधार तथा पानीका मुहान संरक्षण सम्बन्धि स्थानीय स्तरका योजनाहरुको तर्जुमा, कार्यान्वयन र नियमन गर्न सक्ने अधिकार समेत गाउँपालिकालाई प्रदान गरेको छ। नेपालको संबिधान, स्थानीय सरकार संचालन ऐन २०७४ र गाउँपालिकाका नीतिहरुका आधारमा पानीका स्रोतहरुको दिगो उपयोगका लागि स्थानीय सरोकारवाला निकायहरुको जलाधार संरक्षण सम्बन्धि साझा बुझाई निर्माण गर्न ज्ञान, सीप तथा सिकाईहरु आदानप्रदान गर्ने तथा स्थानीय समुदायको क्षमता अभिवृद्धि, ठुला संरचनाहरु निर्माण गर्दा वातावरण प्रभाव मुल्यांकन, जल, जंगल र जमिन संरक्षणका लागि स्थानीय समुदायको अधिकतम सहभागितामा, सरोकारवाला निकायहरु जस्तै; सामुदायिक बन उपभोक्ता समूहहरु, कृषि समूहहरु, आमा समूहहरु, युवा क्लबहरु, जैबिक बिबिधताका क्षेत्रमा कार्य गर्ने संघ-संस्थाहरु संग समन्वय, सहकार्य र साझेदारी गर्ने, स्थानीय समुदायको आयमुलक/जीविकोपार्जनका गतिबिधि संग जोडी वातावरणमैत्री र संरक्षणमुखी कार्यहरु गर्ने, जलाधार क्षेत्रमा प्रभाव पार्ने वा प्रभावित हुने माथिल्लो वा तल्लो तटीय भू-भागमा अवस्थित समुदायहरु संग जलाधार संरक्षणका उपायहरुका बारेमा छलफल गरि साझा सिकाईका आधारमा विभिन्न सहयोगी क्रियाकलापहरु संचालन गर्ने, जलाधार क्षेत्र व्यवस्थापनमा महिला, अल्पसंख्यक, सिमान्तकृत समुदायहरुलाई योजना तर्जुमा देखि कार्यान्वयन सम्म समतामुलक सहभागिता गराउने आदी बारेमा गुरुयोजना तयारी क्रममा यस गाउँपालिकामा छलफल भएको थियो।

**गुरुयोजना तयारि क्रममा छलफल भएका जलाधार उपजलाधार क्षेत्र व्यवस्थापनका क्रियाकलापहरु**

- स्रोतमा बर्षा पछि आउन सक्ने पानीको क्षेत्र सिमाकंन गर्ने र स्रोतहरु माथिबाट सडक निर्माण गर्दा ठुला यन्त्रहरुको सकभर प्रयोग नगर्ने।
- जमिनको प्राकृतिक भिरालोपन सकभर कायम गर्ने।
- जलाधार क्षेत्र भित्र बृक्षारोपण गर्ने र सुरक्षण गर्ने तथा सामुदायिक बन कायम गर्ने।
- पोखरीको माध्यमबाट बर्षाको पानीलाई भण्डारण गर्ने तथा पुराना तथा परम्परागत पोखरीहरुलाई पुर्ननिर्माण तथा पुर्नस्थापना गर्ने।
- बायो ईन्जिनियरिङ्गको माध्यमबाट पहिरो तथा भुस्खलन रोक्ने।
- जलाधार क्षेत्र भित्र खुला चरिचरनमा पुर्णत बन्देज लगाउने।
- पानीका स्रोतहरु तथा बनेका विकासका संरचनाहरु माथि भल तर्काउने नालीहरुको निर्माण गर्ने र रेखदेख गर्ने।
- सतहमा बग्ने पानीलाई विभिन्न संरचनाहरु मार्फत रुकावट पैदा गरी जमिनमा पानी पसाउने तथा माटो बगाउने कार्यलाई न्युन गर्ने।
- सिंचित क्षेत्रको विस्तार गर्ने।
- कृषिमा समयानुकुल प्रविधि, बालिनाली तथा जीविकोपार्जनका माध्यमहरु अपनाउने।
- योजनाबद्ध रुपमा सबै पानीका स्रोतहरु तथा जोखिम स्थानहरुको नक्साकंन, अनुगमन, बहाव रेकर्ड तथा अध्यावधि गरिरहने र सुधारको कार्य योजना बनाउने र लागु गर्ने।

- जलाधार क्षेत्रलाई दुषित हुनबाट बचाउन समुदायले आफ्नो सामाजिक नियमावली बनाई लागु गर्ने।

## ६.५ गुरुयोजना पुनरालोकन तथा अद्यावधी गर्ने संयन्त्र

जलउपयोग गुरुयोजना गाउँपालिकाको विद्यमान जलस्रोतको दिगो विकास र समुचित उपयोगको एउटा पूर्ण खाका हो। यस प्रतिवेदनले गाउँपालिका क्षेत्रको समग्र जलस्रोतको विवरण, तिनीहरुको हालको उपयोग, विद्यमान खानेपानी, सिंचाइ, अन्य वातावरण, पर्यावरण तथा जलउर्जा लगायत पानीका सुविधाहरुमा हालको सुविधा स्तरका साथै गाउँपालिका क्षेत्रको पानीसँग सम्बन्धित आवश्यकतालाई समेत पहिचान समेत गरेको छ।

जलउपयोग गरुयोजनाको योजना तर्जुमा गोष्ठीमा गुरुयोजनाको समय समयमा अद्यावधी गरि तथ्याङ्कहरुलाई चुस्त दुरुस्त राख्ने, स्रोत लगानीको समिक्षा गरि प्रगति बिश्लेषण गर्ने  लगायतमा छलफल गरिएको थियो। गाउँपालिकाले आफ्नो बार्षिक योजना तथा कार्यक्रमहरु चरणहरु सम्पादन गर्दा गुरुयोजना कार्यान्वयन स्थितिको समिक्षा, आगामी बर्षको कार्ययोजना सामाजिक विकास समिति लगायत सम्वन्धित बिषयगत समितिहरु मार्फत गर्नेछ भने गाउँकार्यपालिकाले आवश्यक छलफल पश्चात प्रत्येक बर्ष कार्यान्वयन गरिने जलउपयोग गुरुयोजनामा समाबेश भएका क्षेत्रगत योजनाहरुलाई प्राथमिकताक्रम अनुसार आफ्नो आन्तरिक र सरोकारवालाहरुको प्रक्षेपीत स्रोत साधनका आधारमा बार्षिक योजनामा राखि गाउँसभा समक्ष अनुमोदनका लागि पेश गर्नेछ।

बार्षिक योजनाको अनुमोदन पश्चात गाउँपालिकाको आफ्नो नियमित सयन्त्र र आवश्यकताका आधारमा थप मानवसंसाधन र स्रोत सयन्त्र जुटाई कार्यान्वयन गर्ने रणनीति लिने बारे गाउँपालिकामा ऊलफल गरिएको छ।

गुरुयोजनामा समावेश भएका योजनाहरुको कार्यान्वयनका लागि स्थानीय श्रम, सीप र स्रोतका अतिरिक्त विभिन्न सहयोगी सघ संस्थाको साथ र सहयोगको अपेक्षा गाउँपालिकाले गरेको छ। साथै यो गुरुयोजना एक परिवर्तनशील दस्ताबेज भएकोले सरोकारवालाहरुको सल्लाह सुझाव अनुसार यसको आवधिक समीक्षा गर्ने तथा अद्यावधिक गर्ने कार्य गाउँपालिकाले गर्नेछ।

## ६.६ गुरुयोजना कार्यानवयन रणनीति


यो जलउपयोग गुरुयोजना मोहन्याल गाउँपालिकाको सामाजिक प्राविधिक विश्लेषणको प्रतिफल हो। यस प्रतिवेदनले गाउँपालिकामा रहेका पानीका स्रोतहरु, ती स्रोतहरुको वर्तमान समयमा विभिन्न प्रयोजनका लागि उपयोग, विद्यमान खानेपानी, सिंचाइ र जल उर्जा सम्बन्धी योजनाहरु र भविष्यमा समग्र विकासका लागि आवश्यक पानी सम्बन्धी विभिन्न योजनाहरुको पहिचान गरेको छ। यस प्रतिवेदनले समुदायहरुको सहभागिता मार्फत पहिचान भएका खानेपानी, सिंचाइ, वातावरण र पर्यावरण लगायतका विविध योजनाहरुलाई समुदायहरुको निर्णय र गाउँपालिकाको आवश्यकताका हिसाबले प्राथमिकीकरण र स्तरीकरण गरेको छ। गुरुयोजनाको कार्यान्वयनका लागि गाउँपालिकाले आफ्नो आन्तरिक स्रोतको परिचालन र बाहिरी आर्थिक स्रोतको खोजी गरी सामाजिक परिचालन स्थानीय स्रोतहरुको परिचालन गर्ने

गरि कार्यान्वयनका लागि प्रभावकारी संयन्त्र, समन्वय र सरोकारवाला निकायहरु बीच सहकार्य आवश्यक रहेको छ।

गाउँपालिकाले जलउपयोग गुरुयोजनाको कार्यान्वयनका लागि तपसिलका रणनीति तय गरेको छ।

- गुरुयोजना तथ्याङ्क, जलस्रोतहरुको लगत, सम्भाव्य प्रयोग र सम्भावना सहितको अन्तरक्रिया कार्यक्रमहरु समय-समयमा सरोकारवाला माझ सञ्चालन गर्ने।
- संघीय तथा प्रदेश सरकारका जलस्रोत विकास सम्वद्ध मन्त्रालय, बिभागहरुमा गुरुयोजनाको प्रचार प्रसार गरि आवश्यक लगानी सहकार्यका लागि समन्वय सुदृढ गर्ने।
- गाउँपालिकास्तरका सरोकारवाला साझेदारहरुको आवश्यकता अनुसार समन्वय बैठक र अन्तक्रियाहरु आयोजना गरि गुरुयोजनाका निर्दिष्ट लक्ष्य हासिल गर्न अनुकुल वातावरण सहित लगानी प्रतिबद्धता जुटाउने।
- गाउँपालिका स्तरमा गुरुयोजना सम्वन्धि प्रचार प्रसार, समिक्षा तथा पानी क्षेत्रमा कार्यगर्ने सरोकारवालाहरुलाई गुरुयोजनाले औल्याएको क्षेत्रमा लगानी गर्न प्रेरित गराउने जस्ता क्रियाकलापहरु सञ्चालन गर्ने।
- गुरुयोजना कार्यान्वयनका लागि सार्बजनिक-नीजि साझेदारीलाई प्रोत्साहन गरिने।
- क्षेत्रगत योजनाहरुमा लगानी सम्बन्धी दोहोरोपना हटाउन बार्षिक कार्यक्रम तय गर्नु पूर्ब बिषयगत समितिका बैठकहरु मार्फत आगामी बर्षका योजना तथा कार्यक्रमहरु सरोकारवालाहरुसंगको उपलब्ध बजेट, सहकार्यका क्षेत्र सहितको कार्ययोजना तयार गर्ने।
- गाउँपालिकामा जलउपयोग गुरुयोजना कार्यान्वयन, तथ्याङ्क अद्यावधी, अनुगमन, समन्वयका लागि सम्पर्क शाखा सहित आवश्यक स्रोत साधन व्यवस्थापन गर्नेछ।

स्रोत नक्शाहरु


Mohanyal Rural Municipality School Map
N
Legend
Ward Boundary
9 Nos School in Ward 1
7 Nos School in Ward 2
12 Nos School in Ward 3
7 Nos School in Ward 4
13 Nos School in Ward 5
3 Nos School in Ward 6
8 Nos School in Ward 7
1
2
3
4
5
6
7
9
7
12
7
13
3
8
KM
0 3 6 12 18 24

**अस्वीकरण:** यो प्रतिवेदन अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआइडी) मार्फत् अमेरिकी जनताहरूको सहयोगका कारण सम्भव भएको हो । यस प्रतिवेदन भित्रका विषयवस्तु र सामग्री मोहन्याल गाउँपालिकाको एकल जिम्मेवारी हुन् र तिनले युएसएआइडी वा अमेरिकी सरकारको विचारको प्रतिविम्बित गर्छन् भन्ने जरुरी छैन ।